मानवको लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

ग्राफी

संचेतना द्वैमासिक
र्णाङ्क २८
गुन २०५६

Resource Unit
संदर्भ विशेषाङ्क

राजनीतिक हत्या

आजादको हत्या काण्ड र सम्बन्धित व्यक्तिहरू ताजा भनाई

कसरी मारिए चार क्रान्तिकारी ?

कुन अपराधीहरू अझै दण्डमुक्त ?

मानवका लागि मानवअधिकार
मानवअधिकार लागि
उपयुक्त संस्कृति
प्राची
संचेतना द्वैमासिक
वर्ष ७, पूर्णाङ्क २८, फागुन २०५६

शहीद- विशेष अंक



यसरी मारिए चार क्रान्तिकारीहरु

अपराधीहरु अझै किन दण्ड मुक्त ?

नेपालको वाम-प्रजातान्त्रिक आन्दोलनका चार क्रान्तिकारीहरुको हत्याका सम्बन्धमा खोजमूलक अध्ययन

अध्ययन टोली : **सरोज कोइरालाका बारेमा** : धर्मेन्द्र झा, **भीमनारायण श्रेष्ठका बारेमा**- राजकुमार दिक्पाल
रत्नकुमार वान्तवाका बारेमा : विष्णु निष्ठुरी र **ऋषि देवकोटा "आजाद"का बारेमा** : लेखनाथ भण्डारी

संयोजक : कुन्दन अर्याल

मूल्य रू १०।-

संस्थापक : सुशील-प्रकाश/ **सल्लाहकार** : सुशील प्याकुरेल, कुन्दन अर्याल / **अतिथि सम्पादक** : अग्निशिखा
कार्यकारी सम्पादक : आत्माराम शर्मा / **सम्पादन समिति** : राजव, शार्दूल भट्टराई, देविका तिमिल्सिना
आवरण : किरण माली / **ले-आउट** : गोविन्द त्रिपाठी
व्यवस्थापन : प्रवल शर्मा / **सहयोगी** : गीता माली, वाशु क्षितिज
मुद्रक : इन्द्रेणी अफसेट, बागबजार
पत्राचार
पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन - २७०७७०/२७८७७०
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित

तब हुनेछ शहीदहरूको सम्मान

कुन्दन अर्याल

नेपालमा बहुदलीय व्यबस्थाको पुनआगमन पश्चात दण्डहिनताका विरूध्दमा आवाज उठन थालेको हो। मानव अधिकारको सम्बर्धन र संरक्षणसंग अन्योन्याश्रित रूपमा गाँसिएको यो सवाल मानवअधिकार संस्थाहरूले त्यसबेलादेखि लगातार उठाइरहेका छन्। यो अध्ययन त्यही श्रृंखलाको एउटा कडी हो। हाम्रो यो सानो प्रयासमा देशका अन्य मानवअधिकार संस्थाहरूले थप बल प्रदान गर्ने नै छन्। देशको मानवअधिकार अभियान पंचायतकालीन राजनीतिक हत्याहरूको छानवीन गरिनु पर्ने कुरालाई अब प्राप्त तथ्य र जानकारीहरूका साथ अघि बढाउन प्रयत्नशील छ।

विश्वका अन्य निरंकुश व्यवस्थाहरू झैं पञ्चायत पनि आफ्नो रक्षाका लागि व्यक्ति हत्याको नीतिमा लागेको थियो। तर बहुदलीय व्यवस्थाको पुनआगमनको एक दशक भई सक्दा पनि हत्याको पञ्चायती राजनीतिको छानविन हुन सकेको छैन। त्यसैकारण पञ्चायती कालमा योजनाबद्ध र षडयन्त्रमूलक ढंगले मारिएका क्रान्तिकारीहरूलाई यथार्थमा अझै सम्मानित गरिएको छैन भन्न गाह्रो मान्नै पर्दैन।

मारिएका राजनीतिक व्यक्तित्वहरूलाई शहीदको सम्मान प्रदान गर्नसमेत कंजुसी गरिएको छ। पञ्चायतकालीन राजनीतिक हत्याहरूको छानवीन नभएकोले बहुदलीयकालमा पनि प्रहरी प्रशासनमा जनताप्रति अत्याचार गर्ने प्रवृत्ति कायम नै छ। पञ्चायतकालीन राजनीतिक हत्या आतंकको छनवीन नभएकोले त्यस बेलाका कतिपय दोषीहरू उल्टो सम्मानित भएका छन। दण्डहिनताको यस्तो डरलाग्दो प्रचलन स्थापित भएको छ,जस्ले आज पनि मानवअधिकारमाथि अत्यन्त घातक असर पारिरहेको छ। बहुदलीय कालमा समेत सुरेश वाग्ले जस्ता एउटा पार्टीका केन्द्रीय नेताको प्रहरी प्रशासनको हातबाट योजनाबद्ध ढंगले जीवनहरण हुन पुगेको छ।

पञ्चायतका विरूद्धमा लडने जीवित योध्दाहरू सत्तामा पुगी सकेको आजको अवस्थामा त्यही लडाईमा जीवन आहूति गर्ने राजनीतिक मानिसहरूका सम्बन्धमा भने कुनै छानबीन हुन सकेको छैन।पञ्चायत कालमा राजनीतिक रूपमा षडयन्त्र गरी कार्यान्वयन गरिएका हत्याकाण्डहरूका सम्बन्धमा छानवीन गर्न बहुदलीय व्यवस्था आगमनका दस वर्षको अवधिमा कुनै पनि पञ्चायत बिरोधी पार्टीले पहल गरेका छैनन्। यस बीच त्यसबेलाका सबै पंचायत विरोधी पार्टीहरूले सत्ता संचालन गर्ने मौका पाइसकेका छन्। त्यसबेला हत्याका योजनाहरू कसरी बनेका थिए? हत्या योजनाको कार्यान्वयन गर्न प्रहरी प्रशासन कसरी परिचालित भएका थिए? यस्ता प्रश्नहरूको उत्तर खोजी मारिएकाहरूलाई शहीदको सम्मान प्रदान गरिएको समेत छैन। पञ्चायतको प्रतिरक्षा गर्ने नाममा हिंसात्मक कार्वाही सचालन गर्ने प्रहरी प्रशासक वा पंचहरूलाई तत्कालीन अन्तरिम सरकारले मल्लिक आयोग सम्बन्धी प्रतिवेदनका सम्बन्धमा गरेको निर्णयबाटै आममाफी दिइ सकिएको छ। तर उनीहरूलाई माफि दिनुको अर्थ पञ्चायत विरोधी आन्दोलनमा जीवन उत्सर्ग गर्नेहरूलाई अज्ञात शहीदको थान्कोमा राखेर विस्मृतिको खाडलमा मिल्क्याइनु हो भन्ने बुझिनु हुँदैन।

०३६ सालको जनआन्दोलनका क्रममा भएका जनधनको क्षतिको जाँचबुझ गर्न ०३६ साल वैशाख १९ गते शाही जाँचबुझ आयोगको गठन गरिएको थियो। तर जनमत संग्रहमा पञ्चायतको जीत भइसके पछि ०३५-३६ को जन आन्दोलनकाक्रममा ज्यादति गर्नेहरूमाथि कुनै कार्वाही गर्ने कुरा त परै जाओस्, पञ्चायत झन दमनकारी भएर प्रस्तुत हुन थाल्यो।

पञ्चायती राजनीतिको परिचय

पञ्चायत कालका राजनीतिक हत्याको श्रृंखलाको राज्यस्तरमै विस्तृत अध्ययन हुनुपर्छ। नेपाली राजनीतिको त्यो अँध्यारो कालखण्डमा छानी छानी गरिएका पञ्चायत विरोधी राजनीतिक मानिसहरूको निर्मम हत्याका सम्बन्धमा गहन छानवीन नभएसम्म नेपाली प्रजातान्त्रिक आन्दोलनको इतिहासको सम्पूर्ण पाटो बाहिर आउन सक्दैन। नेपाली प्रजातान्त्रिक आन्दोलनको इतिहास आज सत्तामा पुगेका हिजोका क्रान्तिकारीहरूको मात्र होइन।

पञ्चायतले अमूक-अमूक व्यक्तिलाई नै किन नमारी नहुने ठान्यो? व्यक्ति हत्याको स्थान पञ्चायती राजनीतिमा कहाँनेर थियो? यस्ता अनेक प्रश्नहरूको उत्तर हामीले यो अध्ययनबाट उठाउन खोजेका छौं। हामीले ०३० सालपछिका चार वटा चर्चित राजनीतिक हत्याका घटनाहरूलाई खोतल्न खोजेका छौ।

खोजीका क्रममा हामीले सामना गर्नु परेको मूख्य समस्या भनेको त्यो बेलाको आधिकारिक निर्णयको अभाव नै हो। पञ्चायतकालमा अधिकांश हत्याहरू अघोषित रूपमा मात्र गरिएको छैन। कतिपय अवस्थामा त हत्या गरिएको मानिसलाइ प्रहरी प्रशासनले पक्राउ नै नगरेको कागजपत्र मिलाइएकोछ।

खासगरी ०३० सालपछि पञ्चायती राजनीति वा तत्कालीन सत्तामा राजदरबारका सचिवहरूको प्रत्यक्ष संलग्नता ज्यादै बढेको कुरा त्यसबेलाका प्रशासकहरूले लेखेकाछन्। रन्थमोल नामक पुस्तकमा प्रजिअ र सहायक अचलाधीश भइसकेका महेश्वर शर्माले लेखेका छन "मन्त्रालय, विभागको कामको रेखदेख गर्न राजदरबारका सचिव जर्सावहरूले भागबण्डा गरेपछि दरवारका ढोके पाले बैठकेले समेत सिंहदरवार हल्लाइदिए। डाइरेक्टर बन्न, जी एम हुन, कर, भन्सारमा जान योजना प्रमुख बन्न, राजदूत, अंचलाधीश हुन उहाँहरूकै कृपा चाहिने हुनाले सिंहदरबारको भाउ हरायो।"

त्यसबेलाका अधिकाँश हत्याहरू तत्कालीन अंचल वा जिल्ला सुरक्षा समितिमा निर्णय भएर भएका थिएनन् भन्ने कुरा त्यसबेलाका प्रशासकहरू बताउँछन। अंचलाधीश, सिडयो वा जिल्लाका प्रहरी प्रमुख मध्ये कतै को बढी सक्रिय त कतै को बढी देखिनुको कारण त्यही हो भन्ने उनीहरूको तर्क छ। शर्माले सोही पुस्तकमा ०४६सालको अन्तिम सातामा पञ्चायत विरोधीहरूको दमन गर्दाको अनुभव उल्लेख गरेका छन्। उनले लेखेका छन" सुरक्षा समितिको बैठक बोलाएर स्थितिको समीक्षा गरियो।राती गृहमन्त्री र सचिवसंग निर्देशन माग्दा केही बन्देजका साथ के गर्न मनासिव हुन्छ त्यही गर्ने भनियो। बन्देज के त? जुलुस पनि हुन नदिने र गोली पनि नचलाउने रे। बन्देज मौखिक थियो।"

यसबाट त्यसबेला कतिपय कामहरू हचुवाका भरमा वा मौखिक आदेशका भरमा भएको थियो भन्न सकिन्छ। तत्कालीन गृहसचिव कर्णध्वज अधिकारीलद्वारा ऋषि देवकोटाको पक्राउ र हत्याका सम्बन्धमा ०३८ वैशाख १२ गते दिइएको जवाफमा भनिएको छ- पक्राउ गर्न, कुटपीट गर्न र मार्न भनी मन्त्रालयको आदेश भएको छैन। ऋषि देवकोटालाई मार्ने योजना कहाँ बनेको थियो र क-कसको संलग्नतामा बनेको थियो त? यस्तो प्रश्न पनि पत्रकारिताको धर्म अनुसार गरिदै गरिएको हाम्रो खोजका निम्ति जटिल ठहरिनु अस्वभाविक थिएन।

त्यसबेलाका राजनीतिक हत्याहरूको योजनामा कुन कुन तहका र कार्यान्वयनका निम्ति कस्ता कस्ता प्रहरी प्रशासकहरू प्रयुक्त हुन्थे? यस विषयमा छुट्टै अध्ययन गर्नु आवश्यक छ। कतिपय पुराना प्रशासकहरू राजनीतिक हत्याहरूका निम्ति स्थानीय तहमा योजनाहरू बन्ने गरेको थिएन भन्छन्। उनीहरूका अनुसार त्यसबेलाको प्रशासन सरकारको होइन दरबारका सचिवहरूको नियन्त्रणमा थियो। जे भए पनि एउटा तथ्य निर्विवाद छ- पञ्चायतलाई जीवित राख्ने कुत्सित योजनाका साथ केही पंचायत विरोधी व्यक्तिहरूको जीवन भौतिक रूपमै समाप्त पार्ने योजना बनाइएको थियो।

हत्याको प्रकृति र मारिएका व्यक्तिहरूका बारेमा अध्ययन गर्दा त्यसबेला कुनै पनि हत्या योजना विहिन ढंगबाट भएको मान्न सकिंदैन। नेपाली कांग्रेसका तत्कालीन सभापति वी पी कोइराला र उहाँका सहयात्रीहरूव्दारा राष्ट्रिय मेलमिलापको नारा व्यवहारमा रूपान्तरण भइरहेको अवस्थामा भीमनारायण र यज्ञ बहादुर थापालाई मृत्यु दण्ड दिने फैसलामा किन परिवर्तन गरिएन? त्यसबेला अदालतको बहसकै क्रममा उठेको मृत्युदण्डलाई जन्मकैदमा परिणत गर्ने अनुरोधसम्मको पनि किन कदर गरिएन? यस्ता थुप्रै प्रश्नहरूको उत्तर पाउन पञ्चायतकालका राजनीतिक हत्याहरूको छानवीनबाट मात्र संभव छ।

०३३ साल पुष १६गतेको आफ्नो वक्तव्यमा बी पी कोइरालाले प्रष्टै भन्नुभएको थियो "यस राष्ट्रिय संकटको घडिमा हामी सबैले वितेका अप्रिय विवाद, अनुभव र मतभिन्नतालाई बिर्सेर र समाप्त गरेर एकताको सूत्रमा बाधिनु पर्छ। राष्ट्र रहेन भने हामी रहन्नौं भन्ने भावनाले प्रेरित हाम्रो कार्यक्रम हुनु पर्छ।.....मैले अवसर पाएको खण्डमा महाराजाधिराजसमक्ष पनि आफूलाई लागेको कुरा राख्नेछु। "

त्यसवेला "राजनीतिक सुरक्षा" का निम्ति पञ्चायतका संरक्षकहरूले योजना बनाएर राजनीतिक हत्याहरू गराएको प्रष्टै देखिन्छ। पञ्चायतकालमा अचल स्तरमा अंचलाधीश र जिल्ला स्तरमा सी डी योको अध्यक्षतामा अंचल र जिल्ला स्तरका सुरक्षा समितिहरू रहने गरेका थिए। ती समितिहरूमा सेनालाई पनि राख्विने गरेको थियो। पंचायतले राजनीतिक हत्याका निम्ति सम्बन्धित व्यक्तिका राजनीतिक सहयात्रीहरूलाई लोभ लालचमा फसाएर हात लिएको पनि देखिन्छ। सरोज, रत्नकुमार र ऋषि देवकोटाको हत्याका क्रममा समेत यस्तो हथकण्डा प्रयोग गरिएको थियो। त्यसबेला पंचायत विरोधी पार्टीहरूमा पंचायती एजेण्टहरूको घुसपैठ कुन हदसम्म हुन्थ्यो भन्ने थाहा पाउन पनि यस्ता हत्या काण्डाहरूको गहिरो अध्ययन गरिनु जरूरी छ। तर योजना कार्यान्वयनसंग सम्बन्धित व्यक्तिहरूबारे सहजै थाहा पाउन सकिए पनि उनीहरूबाट जनस्तरको प्रयासले मात्र खास कुरा आउन नसक्ने स्थिति छ। त्यतिबेलाका हत्याकाण्डहरूमा प्रयुक्त शैली प्रायः एकैनाशका छन्। त्यतिबेलाका केही प्रशासकहरू पटक पटक हत्याको योजनाको कार्यान्वयनका निम्ति किन छानिए? उनीहरूले योजनाकारहरूको विशेष विश्वास प्राप्त गरेका थिए भन्ने प्रष्ट छ।

कृष्णप्रसाद भट्टराई अध्यक्ष रहनु भएको राजनीतिक पीडित सहायता समितिद्वारा ०५१ साल चैतमा प्रकाशित पूर्ण प्रतिवेदनमा शहीदको परिभाषा यस प्रकार प्रस्तुत गरिएको छ ::

१. पंचायती व्यवस्थाको विरोधमा सम्बन्धित राजनीतिक दलले आह्वान गरेको देशव्यापी, क्षेत्रीय वा स्थानीय स्तरको सशस्त्र र निशस्त्र आन्दोलनको क्रममा शाही सेना वा प्रहरी वा तत्कालीन व्यवस्थाबाट निर्देशित आक्रमणकारी वा कुनै समूहबाट त्यस्तो प्रजातन्त्र पुनर्वहालीको आन्दोलनलाई वा त्यस्तो आन्दोलन गर्ने विचारलाई दबाउने सिलसिलामा मारिएका व्यक्तिहरू,

२. राजकाज अपराध ऐन, शान्ति सुरक्षा, विध्वंशात्मक अपराध ऐन, संघ संस्था नियन्त्रण ऐन, खरखजाना तथा हातहतियार ऐन, गाथगादी ताकेको र अराष्ट्रियतत्वको अभियोगमा कारागारको सजाय भोगिरहेको अवस्थामा वा प्रहरी हिरासतमा मारिएका वा कालगतिले मरेका व्यक्तिहरू,

३. माथि उल्लेखित मुद्दा वा अभियोगहरू बाहेक अन्य मुद्दाहरूमा राजनीतिक प्रतिशोधको भावनाले फसाई जेलभित्र वा प्रहरी हिरासतमा मारिएका अथवा बन्दी अवस्थामा कालगतिले मरेका प्रमाणित व्यक्तिहरू।

४. बुँदा नं. (२) र (३) मा उल्लेखित राजनीतिक अभियोग वा राजनीतिक प्रतिशोधको भावनाले लगाइएको भनी प्रमाणित मुद्दा वा अभियोगहरूमा कैद परेका व्यक्तिलाई कारागार स्थानान्तरण गर्ने क्रममा मारिएका वा बन्दी अवस्थामा औषधोपचारको क्रममा अस्पतालमा मरेका व्यक्तिहरू।

शहीदका सहयात्रीहरुले नदेखेको कुरा

ने क पा (एमाले) का तत्कालीन महासचिव मदन भण्डारीले प्रतिनिधि सभाको पहिलो अधिवेशनमा पञ्चायतकालमा मारिएकाहरूको सूचि प्रकाशित गर्न माग गर्नु भएको थियो। तर समयान्तरमा मल्लिक आयोगका शिफारिसहरूलाई निर्जिव तुल्याइएपछि त्यस्तो माग हुनै छाड्यो।

०५१ साल चैत्रमा प्रकाशित राजनीतिक पीडित सहायता समितिको पूर्ण प्रतिवेदनमा शहीदहरूको स्पष्ट परिभाषा पस्तुत गरिएकोछ। तर त्यसपछिका दिनमा पञ्चायतकालमा मारिएकाहरूले राज्यस्तरमा कुनै सम्मान प्राप्त गरेका छैन्।

इभाङ हत्याकाण्डको लगत्तै ०३६ साल वैशाख १७ गते "कमरेड रत्नकुमार वान्तवाको आर्दशलाई पछयाउँदै वहाँको हत्याको वदला लिउँ" शीर्षक पर्चामा तत्कालीन ने क पा (माले) ले आफना कार्यकर्ताहरूसंग आव्हान गरेको थियो "प्रतिकृयावादी फाशिष्ट सत्ताको विरूध्द सशस्त्र लगायत विभिन्न रूपका संघर्षहरूमा उठ्दै कमरेड वान्तवाको हत्याको वदला लिनुहोस्"। समयान्तरमा त्यस पार्टीले हत्याको वदला हत्या नै हुदैन भन्ने कुरा बुझयो। तर समय वित्दै जाँदा त्यस पार्टीले राजनीतिक हत्याहरूको छानवीन गर्नु पर्छ भन्ने मागलाई पनि आफ्नो प्राथमिकता सूचीबाट हटायो।

हाम्रा सीमितताहरु

पञ्चायतकालमा भएका केही चर्चित हत्याकाण्डका सम्बन्धमा अध्ययन गर्ने क्रममा हामीले त्यसबेलाका कतिपय प्रशासक र प्रहरी अधिकृतहरूसग भेटेर कुराकानी गऱ्यौ। तर गैरसरकारी स्तरमा हामीले गर्ने खोजवीनका सीमीतताहरू धेरै थिए।बोल्न नचाहने , भन्न नचाहनेहरूसग यस्तो खालको अध्ययन टोलीले केही कुरा तान्नु अत्यन्त कठिन काम हो।

कतिपय प्रशासकहरूले हामीसंग कुरा गर्न पनि चाहेनन।त्यस्तो अवस्थामा उनीहरूसग सहयोग लिन सक्ने हामीसित कुनै उपाय थिएन।कतिपय सम्बन्धित व्यक्तिहरूले पट्टक्कै सयहयोग नगरेको अवस्थामा पनि हामीले अध्ययनलाई भने रोकेनौ। खोजीका क्रममा हामीलाई जिज्ञासाहरूको जवाफ दिएर सहयोग गर्ने तत्कालीन प्रहरी प्रशासकहरूप्रति भने हामीले धन्यवाद ज्ञापन गर्नै पर्ने ठानेका छौं। विभिन्न स्रोतहरूसग हामीले एक महिनाको अवधिमा निरन्तर सम्पर्क गरी रह्यौ। हमीले अध्यनका क्रममा जे जे देख्यौ इमान्दारीपूर्वक प्रस्तुत गरेका छौ। यस विषयमा सम्बन्धित सबैको ध्यान पुगोस र इतिहासका काला पक्षहरूका सम्बन्धमा आवश्यक चर्चा होस भन्ने अभिप्रायले. यो अध्ययन गरिएको हो।

यो कुरा आज सबेले स्वीकार गरेका छन दण्डहिनताले कानूनको शासनको मान्यतालाई कम्जोर पार्छ। अभियुक्त ठहरिएकाहरूलाई कुनै किसिमको छानवीनमा पर्नु पर्छ भन्नेसम्मको पनि डर

नभए पछि सजायको रत्तिभर त्रास भएन। खास पीडित व्यक्तिको मानवअधिकारको उल्लघन गर्दैन त्यसले समाजमा दुष्प्रभाव पारिरहेको हुन्छ। त्यसैले छयालीस सालको जनआन्दोलनको मात्र छानवीन भएर पुगेको छैन। सम्पूर्ण पञ्चायतकालभरी भएका राजनीतिक हत्याको निष्पक्ष छानवीन हुनुपर्छ। हामीले सकेसम्म सबै तथ्यहरूलाई जस्ताको त्यस्तै राखी दिन खोजेका छौं। धैर्य र आत्म विश्वासका साथ निरन्तर ढङ्गमा वैज्ञानिक शैलीले तथ्य, सत्य पहिल्याउने, समय-समयमा सिंहावलोकन गर्ने अन्वेषण कार्यका निम्ति लामो समयको आवश्यकता पर्छ। हामीले यस दिशामा एउटा सानो काम शुरू गरेर सुरूवातको कदम चालेका छौं।

अहिलेसम्म जनस्तरमा वा स्थानीय तहमा निर्वाचित निकायहरूद्वारा बाहेक राज्य स्तरमा पञ्चायतकालमा मारिएकाहरूको सम्मानमा केही गरिएको छैन। पञ्चायतकालमा राजनीतिक हत्याको शिकार भएका क्रान्तिकारीहरूलाई राज्यका तर्फबाट शहीदको सम्मान प्रदान गरेर उनीहरूलाई प्रजातान्त्रिक प्रणालीका आदर्श पुरूषहरूको शीर्ष स्थानमा राखिएको छैन। कतिपय ठाउँमा शहीदहरूको शालिक, स्मारक आदिको स्थापना गरिदा समेत पुनरूत्थानवादीहरूद्वारा व्यवधान खडा गर्न खोजिएको पाइन्छ। पञ्चायती दमनको शिकार भई शहादत प्राप्त गर्नेहरूको सम्मानका निम्ति राज्य स्तरबाट गर्न सकिने सामान्य कार्यहरू पनि हुन सकेको छैन। हालसम्म ऋषि देवकोटा, रत्नकुमार वान्तवा , सरोज कोइराला, भीमनारायण श्रेष्ठ जस्ता व्यक्तित्वहरूका नाममा हुलाक टिकट समेत प्रकाशित गरिएको छैन।

ती क्रान्तिकारीहरूलाई आजसम्म राज्यस्तरमा शहीदका रूपमा मान्यता नगरिएकोले यस्तो अवस्थाको श्रृजना भएको हो। छयालीस पछि राजनीति पीडित सहायता समितले ती क्रान्तिकारीका परिवारलाई आर्थिक सहायता उपलब्ध गराउनु बाहेक उनीहरूका नाममा अरू केही भएको छैन। आर्थिक सहायता त पंचायत विरोधी आन्दोलनका जीवित सहयात्रीहरूले राजनीतिक पीडितका नाममा प्रायः सबैले लिएका छन्।

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध,

भाग-२

धारा-२

३. यस प्रतिज्ञापत्रका प्रत्येक पक्षराष्ट्रहरु निम्न कुराको प्रतिज्ञा गर्दछन् :

(क) सरकारी हैसियतमा कार्य गर्ने व्यक्तिहरूबाटै उल्लंघन भएता पनि स्वीकार गरिएका आफ्नो अधिकार एवं स्वतन्त्रताहरू उल्लंघन भएको कुनै पनि व्यक्तिले प्रभावकारी उपचार पाउने कुरा सुनिश्चित गर्ने,

(ख) त्यस्तो उपचार दावी गर्ने कुनै व्यक्तिको आफ्नो अधिकार सक्षम न्यायिक प्रशासनिक वा व्यवस्थापकीय अधिकारहरू वा राष्ट्रका कानूनी प्रणालीबाट व्यवस्था गरिएका अन्य कुनै सक्षम अधिकारहरूद्वारा निर्धारित गरी पाउने कुरा सुनिश्चित गर्ने तथा न्यायिक उपचारका सम्भावनाहरू विकसित गर्ने,

(ग) त्यस्ता उपचारहरू प्रदान गरिएमा सक्षम अधिकारीहरूले ती उपचारहरू लागू गर्ने कुरा सुनिश्चित गर्ने।

छानवीन राज्य स्तरमा गरिनु पर्छ

०३५/३६ सालको जनआन्दोलनको उपलब्धि स्वरूप ०३७ साल बैशाख २० गते जनमत संग्रह सम्पन्न भयो। त्यस अघि ०३७ साल वैशाख १ गते राजाबाट फौजदारी मुद्दा बाहेक राजकाजसम्बन्धि मुद्दा लागेकाहरू सबैलाई आममाफी दिइयो।०३७साल वैशाख १७ गते राजाव्दारा देशवासीका नाममा जारी गरिएको आव्हानमा उल्लेख गरिएको थियो "यस घडिमा हरेक बालिग नेपालीले पाएको आफ्नो अधिकारको उपभोग गर्नु आफ्नो पहिलो कर्तव्य हो भन्ने बझि अगाडि बढन म सबैलाइ आव्हान गर्दछु।"त्यतिखेर सबैले निर्धक्क भएर बहुदल वा निर्दल छान्न पाउनेछ भनेर घोषणा गरियो। ०३६ साल जेठ १० गते राजाद्वारा जनमत संग्रह गरिने घोषणा भएको थियो। ०३७ साल जेठ १६ गते राजाद्वारा "राष्ट्रिय जनमत संग्रहको परिप्रेक्ष र सन्दर्भमा" वाक तथा प्रकाशन स्वतन्त्रता र शान्तिपूर्वक विना हात हतियार भेला हुने स्वतन्त्रता प्रदान गर्न प्रचलित कानूनको वन्देजबाट छूट प्रदान गर्न अध्यदेश नै जारी गरियो। तर आन्दोलनको गति थामिएको त्यहि बेला पञ्चायती शासकहरू गोप्य योजनामा व्यस्त रहेका थिए भन्ने पछि प्रष्ट भयो। ०३५/३६ सालको जनआन्दोलन अघि पञ्चायतको दमन आतंक चरम चुलीमा पुगेको थियो नै, जनमत संग्रह पछि त पञ्चायत झन दमनकारी भएर देखापर्‍यो।

ऋषि देवकोटाको हत्या जनमत संग्रह पछिको त्यस्तै बर्बर कालमा गरिएको थियो। पञ्चायती दमन चरम विन्दूमा पुगेको वेला ०३०सालमा सरोज कोइरालाको हत्या गरिएको थियो। तर रत्न कुमारको हत्या जनमत संग्रहको घोषणा हुनु भन्दा दुई महिना अघि भएको थियो। उल्लेखित तीनै जना आ-आफ्नो पार्टीको केन्द्रीय स्तरमा हुनुहुन्थ्यो। ०३५-३६को जनआन्दोलन शुरू हुनुअघि नेपाली कांग्रेसका कार्यकर्ता भीम नारायणलाई घोषित रूपमा मृत्यु दण्डको सजाय दिएर तत्कालीन सत्ताले कांग्रेसलाई आफ्नो कठोर सन्देश दिएको थियो। कांग्रेसका नेताहरूले त्यसपछि पनि कैयन पटक गरेको अल्पसुधारको अनुरोधलाई समेत तत्कालीन सत्ताव्दारा अस्वीकार गरियो।भीम नारायणलाई मारिएको सत्र वर्ष पछि कांग्रेस र कम्युनिष्टहरूले मिलेर लडे पछि राजनीतिका स्वतन्त्रता पाए।

पञ्चायतकालमा भएका राजनीतिक हत्याहरू एवं दमनका घटनाहरूको छानवीन गर्ने भन्ने वित्तिक्कै बन्द कोठाहरूमा बनेका योजनाको कार्यन्वयन गर्ने प्रहरी प्रशासकहरूको सातो उडनुपर्ने कुनै कारण छैन। त्यसबेलाका राजनीतिक दमन त्यो व्यवस्थाको नीतिको परिणाम थियो।तर त्यस्तो नीतिका सम्बन्धमा विस्तृत जनकारी लिन र कतिसम्म भएको थियो भन्ने थाहा पाउन तत्कालीन प्रहरी प्रशासकहरूसंग सोधखोज गर्नु आवश्यक छ। नेपालले ०४६ सालको जनआन्दोलन पश्चात् संयुक्त राष्ट्रसंघद्वारा जारी गरिएको नागरिक तथा राजनीतिक अधिकारहरू सम्बन्धी अनुबन्धमा हस्ताक्षर गर्नु नेपालको मानवअधिकार अभियानका निम्ति ठूलो उपलब्धी थियो। उक्त अनुबन्धमा सरकारी हैसियतमा कार्य गर्नेहरूलाई पनि नागरिकको अधिकार र स्वतन्त्रताको उल्लंघन गर्न छुट नहुने कुरा स्पष्ट रूपमा उल्लैख गरिएको छ। तर अनुबन्धको यस्तो मर्मको भने नेपालमा पूर्णतः वेवास्ता गरिदै आएको छ। यो अवस्था कहिलेसम्म रहला ?

"सबैभन्दा पहिले, मलाई खेद के कुरामा छ भने, यो कार्यपत्रको पहिलो नम्बरमा शहीदहरूलाई श्रद्धाञ्जली अर्पण गर्ने एउटा औपचारिकता त पूरा गर्न खोजिएको छ। तर, त्यसमा ज्ञात-अज्ञात शहीदहरू भनेर श्रद्धाञ्जली अर्पण गरिएको छ। मेरो आपत्ति यसमा पनि हो। यस कारणले यसमा मेरो आपत्ति हो कि निर्दलीय पंचायती व्यवस्था र निरंकुशतावादी शासनको विरूद्ध तीस वर्षदेखि आन्दोलन गर्ने क्रममा हजारौं प्रजातन्त्रवादी योद्धाहरूले दुःख पाएका छन् र सयौंले जीवनदान गरेका छन्। के ती सबैको नाम उल्लेख गर्न सकिदैन? निर्दलीय पंचायती व्यवस्थाको विरूद्ध, निरंकुशतावादको विरूद्ध संघर्ष गर्ने क्रममा हाम्रा यी-यी प्रजातान्त्रिक योद्धारू शहीद हुनु भएको छ भनी नाम किटान गरेर सम्मान गर्न सकिदैन? यदि तीस वर्षको कुरा उल्लेख गर्नु अलिकति लामै हुन्छ भन्ने लाग्यो र त्यो त मनमा राखिहालिन्छ भनेर पनि भन्न सकिएला। तर जुन संयुक्त जनआन्दोलने, ०४६ साल फागुन ७ गतेदेखि भएको जनआन्दोलनले दर्जनौ शहीदहरू जन्माएको छ र उहाँहरूको शहादतको परिणाम स्वरूप यो बहुदलीय प्रजातन्त्र स्थापित भएको छ। यसरी स्थापित व्यवस्थाको पहिलो संसदमा प्रस्तुत गरिएको सरकारको यो कार्यनीति, कार्यपत्र वा नीतिसम्बन्धी निर्देशनपत्रले, ती शहीदहरूको नाम लिएर सम्मान गर्न सकिदैन ?"

(मदन भण्डारी, पहिलो संसदीय निर्वाचन पछिको पहिलो अधिवेशन ०४८ सालमा)

शहीद सरोज कोइराला

शहादत प्राप्त मिति र स्थान :: ०३० साल कार्तिक २ गते, मधुवनी (भारत)

हत्याको योजना कार्यान्वयनमा संलग्न प्रहरी – प्रशासक :

अञ्चलाधीश	प्रजिअ	प्रहरी अधिकृत	अन्य
लिलाराज विष्ट	रघुनाथ भण्डारी महोत्तरी	एस.पी. शमशरबहादर विष्ट गोली हान्ने अभियुक्तका रूपमा ठहऱ्याइएका- रमेश झा	सुराकी नरबहादुर कार्की

जस्लाई विदेशी भूमिमा गोली ठोकेर मारियो

धर्मेन्द्र झा

पंचायती तानाशाही उत्कर्षमा थियो नेपालका राजनीतिक दल २ नेताहरु देशमा विद्यमान तानाशाहीको अन्त्य गरी प्रजातन्त्र स्थापनाका लागि स्वदेश तथा विदेशमा सक्रिय थिए । विदेशमा बसेर यस्तै प्रयासलाई उचाइमा पुऱ्याउन प्रयत्न गर्ने क्रान्तिकारी योद्धाको नाम हो- सरोज कोइराला । त्यसबेलाका नेपाली कांग्रेसका युवा पुस्ताका सशक्त नेता । सरोज हत्याकाण्ड पछिका दिनदेखि हालसम्मको विश्लेषणका आधारमा त्यसबेला शासक वर्गद्वारा योजनाबद्ध ढंगले उहाँको हत्या गरिएको ठोकुवा गर्न सकिन्छ । उहाँ ___ सालमा वीरगंजमा सम्पन्न कांग्रेसको महाधिवेशनबाट केन्द्रीय कार्यसमिति सदस्यमा छानिनु एको थियो ।

पृष्ठभूमि

शहीद सरोजप्रसाद कोइरालाको जन्म वि.सं. १९८६ भदौ १९ गते विराटनगरमा भएको थियो। उहाँ भैरवप्रसाद कोइरालाका सुपुत्र सरोज सरदार कालीदास कोइरालाका नाति हुनुहुन्थ्यो। एउटा उच्च मध्यमवर्गीय परिवारमा जन्मनु भएका सरोजको पालनपोषण पारिवारिक क्षमता अनुसार राम्रैसंग भएको थियो। उहाँको शिक्षादीक्षा भारत वनारसमा सम्पन्न भएको थियो। अध्ययनकै क्रममा उहाँको सम्पर्क नेपाली राजनेताहरूसंग वनासरमा भयो र उहाँ त्यसपछि आजीवन राजनीतिमा सक्रिय रहिरहनु भयो। ००३ सालको विराटनगर मजदूर आन्दोलनका माध्यमबाट उहाँले सक्रिय राजनीतिमा पदार्पण गर्नुभयो। यसै आन्दोलनका कारण उहाँ पहिलो पटक जेल पर्नु भएको थियो। त्यसपछिका दिनहरूमा नेपाली राजनीतिमा उहाँको सक्रिय योगदानका बारेमा यहाँ चर्चा गरिरहनु आवश्यक छैन। ०१५ सालको निर्वाचनमा धनुषा जिल्ला खेजाहा परगन्नामा पर्ने चुनाव क्षेत्र नं. ४१ बाट विजयी हुनु भएका सरोजप्रसाद कोइराला आफ्नो कर्मठता र लगनशीलताका कारण नेपाली कांग्रेसभित्रको चट्टान मानिनुहुन्थ्यो। त्यो चट्टान जसलाई स्वयंको इच्छाविना हल्लाउन सकिदैनथ्यो।

सरोजको हत्या किन भयो ?

तत्कालीन स्थितिको विश्लेषणका आधारमा भन्ने हो भने सरोजप्रसाद कोइरालाको हत्या एउटा सामान्य हत्याकाण्ड मात्र थिएन। त्यस काण्डका माध्यमबाट तत्कालीन शासक वर्गले धनुषा, महोत्तरीको पंचायतविरोधी राजनीतिलाई एकै पटक समाप्त

गर्ने प्रयत्न गरेको थियो। त्यसबेलाको नेपालको राजनीतिको अध्ययन गर्ने हो भने सक्रिय नेताहरूमध्ये संगठन क्षमता, प्रस्वरवक्ता, उन्नत विचार आदिका दृष्टिले सरोजप्रसाद कोइराला लगायतका नेताले भारतमा निर्वासित जीवन बिताउन बाध्य हुनुपरेको थियो। उहाँले आफ्नो कौशलको परिचय दिनुभयो। जयनगर, मधुवानी, दरभंगा, जोगवनी, सीतामढी आदि ठाउँमा समान रूपले सक्रिय भई संगठन गरी प्रजातान्त्रिक आन्दोलनलाई गति दिने प्रयास गर्न थाल्नुभयो। उहाँको सफलताबाट तत्कालीन शासकवर्ग सशंकित हुनु स्वाभाविक नै थियो। कोइरालाको व्यक्तित्व र क्षमताबाट आत्तिएर तत्कालीन शासाकवर्गले उहाँको हत्याको षडयन्त्र रच्यो र अन्ततः सफलता प्राप्त गऱ्यो। सरोज कोइरालाको हत्याको कारण विश्लेषण गर्दा सर्वाधिक तर्कसंगत र उपयुक्त कारण यही देखिन आउँछ।

स्वयं तत्कालीन जनकपुर अंचलाधीश लीलाराज विष्टले पनि सरोज हत्याकाण्डका पछाडि दुईवटा कारण हुन सक्ने कुरा स्वीकार गर्नु भएको छ। विष्टका अनुसार हत्याको पहिलो कारणमा तत्कालीन नेपाली कांग्रेसको आन्तरिक राजनीतिक द्वन्द्व र दोस्रो कारणमा सरोज कोइरालाका व्यवस्थाविरोधी गतिविधि हुन सक्छन्। तर विष्टले पछिल्लो कारणका बारेमा भने बढी स्पष्ट पार्न चाहनु भएको छैन। जहाँसम्म विष्टले चर्चा गर्नु भएको पहिलो कारण छ, त्यो सरोज हत्याकाण्डको समयदेखि अहिलेसम्म प्रचारित पंचायती हौवा मात्रै हो। शहीद कोइरालाका निकटतम् भएर कार्य गर्नुहुने जनकपुर नगरपालिकाका पूर्व मेयर वृषेशचन्द्र लाल र कोइरालाकी सुपुत्री सविता कोइरालाका अनुसार पार्टीको आन्तरिक द्वन्द्वका कारण हत्या भएको भन्ने हल्लालाई त्यसबेला पनि निकै प्रचारित गरिएको थियो। यी हल्ला फैलाउन त्यसबेला कांग्रेस पार्टीमा सक्रिय भएको नाटक गर्ने तत्कालीन शासकवर्गका एजेन्ट र



शहीद सरोज कोइरालाको पार्थिव शरीर

नेपालको सरकारले छानविन प्रक्रिया अगाडि बढाउनु पर्छ

- हर्षनाथ झा

हामी त्यसबेला २५-२६ वर्षका युवक थियौं। अध्ययन प्रायः सम्पन्न भइसकेको थियो। भारतमा प्रजातन्त्र स्थापना भएको तीन दशकभन्दा बढी नै भइसकेको थियो। तर छिमेकी राष्ट्र नेपालमा अझै पनि प्रजातान्त्रिक परिवेश थिएन। हुन त त्यहाँका शासकहरूले आफ्नो शासनलाई पनि प्रजातान्त्रिक भनेर दावी गर्ने गरेको कुरा हामी यदाकदा सुन्थ्यौं। मलाई राजनीतितर्फ कहिले पनि खासै रूचि रहेन, तर अरूचीका पक्षमा पनि मैले कहिल्यै कुनै तर्क सिर्जना गर्न सकिन।

जेहोस्, राजनीतिक घटनाहरूप्रति सामान्य चासो राख्थ्यो। हामी सुन्थ्यौं। नेपालमा त्यहाँको व्यवस्था परिवर्तन गरी प्रजातन्त्र स्थापनाका लागि उत्साहीहरू सक्रिय छन्। त्यति राम्रो त अहिले सम्झना छैन, त्यतिखेर नेपालको प्रजातान्त्रिक आन्दोलनलाई गति दिन नेपाली भूमिबाट अनुकूल स्थिति नभएका कारण नेपाली नेताहरू भारतीय भूमिबाटै पनि सक्रिय रहेको कुरा हामीहरूको जानकारीमा थियो। एउटा असल छिमेकीका नाताले पनि र नेपालमा रहेका हाम्रा इष्टमित्र, नाताकुटुम्बको हितका दृष्टिले पनि स्वाभाविक रूपले हामी पनि नेपालमा भारतको जस्तो प्रजातान्त्रिक परिवेश होस् भन्ने चाहन्थ्यौं। हामीले आफ्ना नातेदारहरूको मुखबाट त्यहाँको शासनसत्ता प्रजातन्त्रविरोधी र एकतन्त्री शासनको पक्षमा छ भन्ने सुन्ने गर्दथ्यौं।

नेपालमा विद्यमान उक्त शासनका विरूद्ध र देशमा प्रजातन्त्रको पक्षमा भारतीय भूमिबाट नेपालमा सशस्त्र आन्दोलन चलाउने गरिएको चर्चा पनि सुन्ने गरिन्थ्यो। भारतमा सक्रिय नेपालका यस्तै नेताहरूमा अरूको नाम त खासै अहिले सम्झिन्न। एकजना सरोज कोइराला हुनुहुन्छ भन्ने सुनेका थियौं तर मैले उहाँलाई देखेको भने थिइन। देख्न सकिन पनि। युवा जोश थियो, स्वाभाविक रूपले एउटा क्रान्तिकारीप्रति हाम्रो सहानुभूति थियो। हामी युवाहरूका बीचमा उनको चर्चा प्रायः चल्ने गर्दथ्यो।

यत्तिकैमा एकदिन सुनियो रेल्वे स्टेशन नजिक एकजना नेपाली नेताको हत्या भयो रे। त्यसदिन बजारमा त्यस घटनाका बखत बिजुली कटेको कुरा मलाई अझै सम्झना छ। भोलिपल्ट मात्र थाहा भयो हत्या भएको नेता त उनै कोइरालाजी रहेछन्।

उहाँको हत्या गरिएको हो- यसमा कुनै शंका छैन। र त्यो हत्या षडयन्त्रमूलक भन्ने कुरामा पनि दुईमत छैन। घटनापछि बजारमा निकै चर्चा चलेका थिए। म अहिले पनि सम्झन्छु- त्यसबेलाको चर्चा अनुसार उनको हत्या हुन सक्छ भन्ने संभावना थियो। तर आफ्नो सुरक्षाबारे उहाँ स्वयंबाट पनि खासै चासो देखाइएको थिएन। यसमा कत्तिको सत्यता छ त्यो त मलाई थाहा छैन तर त्यसपछिका दिनहरूमा त्यससम्बन्धी छानवीनले गति नपाएको कुरा हामी सुन्ने गर्दथ्यौं। यसै क्रममा एउटा स्मरणीय कुरो अर्को पनि छ- त्यो के भने घटनाको लगत्तै भारतीय प्रशासनले केही व्यक्तिहरूलाई पक्राउ पनि गरेको थियो। तर पछि उनीहरूलाई छोडिएको भन्ने चर्चा पनि चलेको थियो।

अब त नेपालमा पनि प्रजातन्त्र आइसकेको छ। प्रजातान्त्रिक आन्दोलनका क्रममा कोइरालाजस्तै अन्य थुप्रैको हत्या भएको होला, धेरै बेपत्ता भएका होलान्। अबका सरकारहरूले त्यस्ता घटनाको छानविन प्रक्रिया अगाडि बढाउनु पर्छ।

(कुराकानीका आधारमा)

सिआईडीहरूले पनि भूमिका निर्वाह गरेका थिए। यति मात्रै होइन सरोज हत्याकाण्डको केही दिन पहिले मात्र भएको हवाई जहाज अपहरणको घटनासंग पनि यो हत्याकाण्डलाई जोड्ने दुष्प्रयास त्यसबेलाका शासकहरूले गरेका थिए। हवाइ जहाज अपहरणपछि कांग्रेसको नेतृत्वमा पैसाको भागबण्डामा विवाद उत्पन्न भएका कारण पनि पार्टीभित्रैबाट कोइरालाको हत्या गरिएको भन्ने दुष्प्रचार गरिएको बताउँदै सविना कोइराला प्रतिप्रश्न गर्नुहुन्छ- "तत्कालीन शासकवर्गको यो भन्दा निकृष्ट मानसिकताको उदाहरण अरू के हुन सक्छ ?"

हत्याको कारणकै चर्चा गर्दा उहाँको व्यक्तिगत सम्बन्धको पनि विश्लेषण गर्नु आवश्यक छ। तर प्राप्त जानकारीहरूका अनुसार कोइरालाको कसैसंग पनि त्यस्तो व्यक्तिगत रीसइवी थिएन, जसका कारण उहाँको हत्या होस्। व्यक्तिगत रूपमा उहाँ अत्यन्तै मृदुभाषी र सहयोगी हुनुहुन्थ्यो। यसै क्रममा एउटा अर्को पक्षमाथि पनि विचार पुऱ्याउनु पर्ने हुन्छ। उहाँले त्यसबेला धनुषा र महोत्तरीमा बेठबेगारी अन्त्य र खडेबटैया आन्दोलन गरी ठूलो सफलता प्राप्त गर्नु भएको थियो। यसक्रममा सामन्तहरूले उहाँको यो कार्यलाई नरूचाएका हुन सक्छन् र तत्कालीन शासकवर्गले त्यस्ता असन्तुष्टहरूलाई आफ्नो पक्षमा प्रयोग गरेको हुन सक्छ।

समष्टिमा भन्नुपर्दा सरोजको हत्याले पंचायती शासकहरूले एक तीरले दुई शिकार गरेका छन्। पहिलो त भोलिको कांग्रेसको नेतृत्व लिन सक्ने व्यक्तिलाई बाटोबाट पन्छाउनु र अर्को पंचायत विरोधी आन्दोलनलाई मत्थर बनाउनु।

हत्याको षड्यन्त्र

सरोज हत्याकाण्ड त्यसबेलाको शासन वर्गबाट संचालित विरोधीहरू माथिको दमनचक्रको एउटा उदाहरण मात्र हो। सरोज हत्याकाण्डको चर्चा गर्नु अघि त्यसबेलाको हत्याको राजनीतिको पनि सामान्य चर्चा गर्नु युक्तिसंगत हुन्छ।

वी पी कोइराला र राजाबीचको सम्बन्ध राम्रो नरहेको कुरा इतिहासले प्रमाणित गरिसकेको छ। यसै क्रममा राज्यस्तरबाट विरोधी राजनीतिकर्मीहरू बीच आतंकको वातावरण सिर्जना गर्ने प्रयास आरम्भ भयो र

मुद्दा बन्द हुने स्थितिमा किन पुग्यो ?

- अयोध्या झा
अधिवक्ता, मधुवनी कोर्ट, भारत

नेपालका एकजना ठूला नेताको मधुवनीमा हत्या भएको भन्ने समाचार मैले मुजफ्फरपुरमा सुनेको थिएँ। घटनाको दिन म मधुवनीमा थिइन। केही दिनपछि म मधुवनी आएँ। स्वाभाविक रूपले हत्याका बारेमा कौतुहलता त थियो नै। सोधीखोजी गर्दै जाँदा भारतमा बसी नेपालमा प्रजातन्त्र स्थापनाको लडाई लडिरहेका नेपालीहरूलाई निरूत्साहित गर्ने योजना अन्तरगत नेपाल सरकार सक्रिय छ भन्ने थाहा पाइयो।

त्यसबेला भारतमा बसी हजारौं नेपालीहरूले नेपालको प्रजातान्त्रिक आन्दोलन संचालन गरिरहेको कुराबाट म पनि अनभिज्ञ थिइन। मैले त्यतिबेला वकालत शुरू गरिसकेको थिइन। त्यसैले त्यसबेला भारतीय प्रशासनबाट त्यस घटनाका सम्बन्धमा के कति छानविन कार्य अगाडि बढाइए, त्यस बारेमा मलाई खासै जानकारी छैन। तर त्यो हत्याकाण्डको छानविन सीबीआइले सुरू गरेको कुरा भने मैले सुनेको थिएँ। यति मात्र होइन त्यस काण्डका बारेमा स्थानीय अदालतमा मुद्दा समेत चलेको थियो। तर त्यसको रहस्य संभवतः अहिले पनि खुलेको छैन। हुन त तपाईहरूलाई बढी थाहा होला, तपाईहरूले आफ्नो देशसंग सम्बन्धित घटना भएकोले चासो त राख्नु नै भएको होला। तर भारतमा त्यस घटनासम्बन्धी कुनै तथ्य फेला परेको मलाई थाहा छैन।

त्यसबेलाको चर्चा अनुसार हत्या भएका ती नेता सरोज कोइराला नेपालको कांग्रेस पार्टीको नेता हुनुहुन्थ्यो। प्रजातन्त्र स्थापना भएपछि नेपालमा कांग्रेसको सरकार धेरै पटक बनिसकेको छ तर यस सम्बन्धमा कुनै कारवाही अगाडि बढाइएको सुनिएको छैन।

हुन त भारतीय स्वतन्त्रता आन्दोलनका क्रममा पनि यस्ता हत्याहरू नभएका होइनन् तर सरोज हत्याकाण्ड कुन अर्थमा फरक छ भने यसमा हत्याराहरूले विदेशी भारतीय भूमि प्रयोग गरेका छन्। हत्याकाण्डको प्रकृतिका आधारमा हत्या सुनियोजित षडयन्त्रको उपज हो भन्ने कुरामा द्विविधा छैन। नेपाल-भारत मैत्री सम्बन्धका दृष्टिले पनि यस घटनाको छानविनका लागि भारतले सहयोग गर्नुपर्छ। तर त्यो भन्दा पनि महत्वपूर्ण कुरा हो नेपाली पक्षको तत्परता। खासगरी नेपालमा प्रजातन्त्रको स्थापनापछि पनि यस दिशामा चासो देखाइएको कुरा मैले थाहा पाएको छैन।

अहिले त मधुवनी कोर्टमा चलिरहेको उक्त हत्याकाण्ड सम्बन्धी मुद्दा पनि बन्द भएको मैले सुनेको छु। कति साँचो हो- मलाई यकिन छैन। मैले त्यसको खोजी भने गरेको छैन। तर त्यसो हो भने यसभन्दा ठूलो बिडम्बना अरू के हुन सक्छ? नेपालमा प्रजातन्त्र भन्दा पहिले चालू रहेको मुद्दा अहिले आएर किन बन्द हुने स्थितिमा पुग्यो। यसको अर्थ हो त्यसलाई जारी राख्न चासो देखाइएन। जब कि मैले सुनेको छु- नेपालमा सरोज कोइरालाकी पत्नी पनि कांग्रेसको ठूलो नेता हुनुहुन्छ। उहाँ मन्त्री पनि बनिसक्नु भएको छ रे। जसमाथि मुद्दा चलेको हो उनीहरूले त स्वाभाविक रूपले नै चासो देखाउँदैनन्। तर यहाँ त पीडित पक्षको प्रयासले पनि निरन्तरता पाउन सकेको देखिएन।

त्यसबेला हत्याको अभियोग लागेका रमेश झा भन्नेहरू अहिले नेपाली भूमिमा खुलेआम घुमिरहेका छन् भन्ने पनि सुनिन्छ। उक्त हत्याकाण्डमा त्यसबेलाको जनकपुरको अंचलाधीशको संलग्नता छ भन्ने चर्चा पनि चलेको थियो। तर त्यसमाथि कुनै कारवाही भएको मैले सुनेको छैन। वास्तवमै भन्ने हो भने घटना भारतीय भूमिमा भयो यो सत्य हो तर छानविनको प्रक्रियालाई अगाडि बढाउन घचघच्याउने दायित्व त नेपालको हो। *(कुराकानीका आधारमा)*

त्यसबेलाका अंचलाधीश लीलाराज विष्ट स्वयंले त्यो हत्याको षडयन्त्र रच्नु भएको हो। त्यसबेला उहाँको हत्या गर्न जलेश्वर जेलघाट डाम्काहरू छाडिए।

उहाँ राष्ट्रका लागि शहीद हुनुभयो

- श्रीमती लीला कोइराला

सरोजबाबु आज हुनुहुन्न। यो सत्यको पीडाको अनुभव जति मैले गरेकी छु मलाई लाग्छ त्यसभन्दा कम यो मुलुकले पनि गरेको छैन। वास्तवमा उहाँ त मुलुकका लागि जन्मनु भएको थियो, मुलुककै लागि ज्यानको बाजी लगाउनु भयो। मेरा लागि यो भन्दा ठूलो कुरा अरू के हुन सक्छ ?

उहाँ आफ्नो घरपरिवारमा मात्र सीमित हुने मानिस हुनुहुन्थेन। जुनबेला पनि देशका बारेमा, प्रजातन्त्रका बारेमा, सामान्य जनताका बारेमा नै चिन्तनशील रहने गर्नुहुन्थ्यो।

वास्तवमै भन्ने हो भने दुःख त आज लागेको छ। उहाँ देशका लागि, प्रजातन्त्रका लागि, पार्टीको मूल्य र मान्यताको लागि बलिदान हुनुभयो। तर आज पनि सरकारले उहाँलाई शहीद घोषणा गरेको छैन। पार्टीले शहीद भन्छ तर उहाँ पार्टीको मात्र त हुनुहुन्थेन नि ! उहाँ त सारा देशको, सारा जनताको हुनुहुन्थ्यो।

देशमा प्रजातन्त्र आयो। यसमा उहाँको योगदानको चर्चा गरिरहनु शायद आवश्यक छैन। प्रजातन्त्र स्थापनापछि देशमा कांग्रेसकै सरकारले बढी समय शासन गरेको हो। तर शहीद घोषणा गर्ने सन्दर्भमा आवश्यक पहल हुन सकेको छैन। अहिले पनि भट्टराईजी प्रधानमन्त्री हुनुहुन्छ, गिरिजाबाबु पनि प्रधानमन्त्री भइसक्नु भएको छ। न त शहीद घोषणा गर्ने दिशामै केही हुन सकेको छ न त उहाँको हत्यासम्बन्धी छानविनको दिशामै केही भएको छ। यो मेरो व्यक्तिगत काम त होइन नि। मेरो व्यक्तिगत भन्दा पनि यो राष्ट्रको, सरकारको, जनताको र पार्टीको चासोको विषय हो। म त भनिरहेकै छु- सरकारले, पार्टीले यस सम्बन्धमा अझै पनि राम्ररी छानविन गर्नुपर्छ।

उहाँको मधुवनीमा हत्या गरिएको कुरा कसैबाट लुकेको छैन। पंचायतकालमा, त्यसबेलाको व्यवस्था विरूद्ध उहाँले संचालन गर्नु भएको अभियान, प्रजातन्त्र स्थापनाको आन्दोलनलाई पृष्ठपोषकहरूले रूचाएनन् र सरोज कोइरालालाई मार्न सकियो भने यो आन्दोलन विफल हुन्छ कि भनेर उहाँको हत्या गराइयो। त्यसबेलाका अंचलाधीश लीलाराज विष्ट स्वयंले यो हत्याको षडयन्त्र रच्नु भएको हो। त्यसबेला उहाँको हत्या गर्न जलेश्वर जेलबाट डाँकाहरू छाडिए। त्यसबेलाको प्रशासनले ठूलो योजना बनाएर षडयन्त्रपूर्वक हत्या गराइयो। उहाँको हत्यापछि मैले त्यस बेलाका भारतका मुख्यमन्त्री कर्पुरी ठाकुरलाई पनि भेटेकी थिएँ। हत्याकाण्डको छानविन गरी दोषीहरू पत्ता लगाउने आग्रह गरेकी थिएँ। उहाँले सहयोग गर्छु भनेर आश्वस्त पार्नु भएको थियो। तर उहाँबाट पनि केही हुन सकेन। उक्त हत्याकाण्डलाई अझै पनि रहस्य नै बनाइएको छ।

(कुराकानीका आधारमा)

यसैको एउटा श्रृङ्खला थियो हत्याको राजनीति। तत्कालीन सरकारले सरोजप्रसाद कोइराला, तेजबहादुर अमात्य, इमानसिंह चेमजोङ लगायतका अनेकौं राजनीतिकर्मीहरूको षडयन्त्रपूर्वक हत्या गऱ्यो। यसै क्रममा षडयन्त्रको अर्को पाटो थियो विपक्षी दलका नेताहरूलाई लोभलालच देखाई पंचायतमा प्रवेश गराउनु र विपक्षी पार्टीहरूमा आफ्ना एजेन्ट तथा सीआईडीहरू भर्ना गर्नु। ०१७ सालको राजनीतिक षडयन्त्रपछि दलहरूलाई प्रतिबन्धित गरियो र प्रत्येकजसो दलमा पंचायतले आफ्नो भाडाका मान्छेहरू प्रवेश गरायो।

षडयन्त्रकै राजनीतिको कुरा गर्दा षडयन्त्रमा माहिर पंचायतका भाडाका मान्छेहरूलाई विभिन्न ठाउँमा विपक्षी सिध्याउने जिम्मेवारी दिइयो। त्यसबेलाको राजनीतिक गतिविधि, उपलब्ध प्रमाणहरूका आधारमा भन्नुपर्दा तत्कालीन अंचलाधीश र एस. पी. क्रमशः लीलाराज विष्ट र शमशेरबहादुर विष्ट पंचायतका यस्तै तुरूपका रूपमा चिनिन्थ्यो।

वीरगञ्जमा तेजबहादुर अमात्यको षडयन्त्रपूर्वक हत्या गर्ने विष्टबन्धुको टोली सरोज हत्याकाण्डको ध्येयले जनकपुर आएको थियो। यद्यपि लीलाराज विष्टले अमात्य हत्याकाण्डको समयमा आफू कर्णालीमा भएको दावी गर्नु भएको छ। विष्टबन्धु आउने वित्तिकै जनकपुरको तत्कालीन राजनीतिमा निकै उथलपुथल आएको अनुभव गरिएको थियो। जनकपुर आउने वित्तिकै लिलाराज विष्टले "म एक महिनाभित्र जनकपुरको राजनीति परिवर्तन गरिदिन्छु" भन्नु भएको सम्झने मानिस पनि जनकपुरमा छन्। जनकपुर आगमनपछि विष्टको नेतृत्वमा विरोधी मास्ने पंचायती राजनीति उत्कर्षमा पुगेको अनुभव गर्नेहरूको पनि कमी छैन।

यसैक्रममा सरोज कोइरालाको हत्या गर्ने उद्देश्यले विष्टले जनकपुरमा षडयन्त्रको राजनीति शुरू गरियो। षडयन्त्रमूलक रणनीति अन्तरगत उहाँले विभिनन कामहरू गरेको पाइन्छ। त्यसबेलाको जनकपुरको स्थितिलाई विचार गर्दा सरोज हत्याकाण्डको उद्देश्यले एकै पटक निम्न समूहलाई सक्रिय गराएको पाइन्छ -

१. कांग्रेसभित्रको एउटा समूह
२. झिझाका डाँकाहरूको समूह
३. प्रहरीहरू सम्मिलित एउटा समूह

४. पंचायत समर्थक कट्टरवादीहरूको समूह
५. पक्राउ गर्ने र छाडिदिने भनी लोभ देखाई सक्रिय बनाएको भूमिगत कम्युनिष्ट पार्टीका कार्यकर्ताहरूको समूह
६. सरोज कोइरालाका नजिकका मान्छेहरूलाई खरिद गरी बनाइएको अर्को समूह।

सरोज कोइरालाको हत्या गर्ने उद्देश्यले एकै पटक उपर्युक्त समूहहरूलाई परिचालित गरिएको थियो। तर त्यसमध्ये कुन समूह सफल भयो भन्न कठिन छ। तर हत्याको प्रकृतिलाई विचार गर्दा घटनास्थलमा दुई वा दुईभन्दा बढी समूहको उपस्थिति रहेको हुन सक्ने संभावना व्यक्त गरिएको छ।

कोइरालाको हत्या हुनु केही समयअघि दशैंताका जलेश्वर जेलबाट अयोधी पासवान नेता रहेको झिझाको डाकाहरूको एउटा समूह भागेको थियो। वास्तवमा षडयन्त्र अन्तरगत नै ती डाँकाहरूलाई भगाइएको थियो। जेलबाट भागेपछि ती डाँकाहरूले सरोज कोइरालासंग भेट समेत गरेका थिए र आफूहरूलाई हत्या गर्न भगाइएको जानकारी समेत दिएका थिए। उनीहरूले त्यसबेला कोइरालालाई भनेका थिए- "हामीलाई तपाईलाई मार्न पठाइएको हो। भन्नुस् त हामी तपाईलाई मार्न सक्छौं ? तपाई होशियार भने रहनुस्।" तर कोइरालाले उनीहरूको कुरालाई हाँसेर उडाउनु भएको थियो।

तत्कालीन जनकपुर अंचलाधीश विष्टका शब्दमा त्यतिबेला मकेश्वरप्रसाद सिंह विष्टका नजिकका मानिस थिए। तर सिंहले (काजी साहेब) भीष्मजंग केसी भनिने मार्फत् कोइरालालाई उनको हत्याको षडयन्त्र बारे जानकारी गराएको कुरा कोइराला परिवारका सदस्यहरू बताउने छन्। त्यसबेला सरोज कोइरालाको अन्त्यन्त निकटस्थ मानिने कुलानन्द भन्ने रमेश झा नामक युवकलाई विष्ट र प्रशासनले परिचालित गरिएको थियो भन्ने बताइन्छ। सरोज कोइरालासंग निर्वासनमा पनि छायाँजत्तिकै भएर बस्ने रमेश झालाई कोइरालाले दशैं ताका आफ्ना परिवारका बारेमा बुझेर आउन जनकपुर पठाउनु भएको थियो। त्यसै क्रममा रमेश झासंग विष्टको भेटघाट भएको बताइन्छ। त्यस भेटपछि रमेश पूर्ण रूपले परिवर्तित भएको दावी गरिन्छ। तर लीलाराज भने यो भेटको कुरालाई अस्वीकार गर्दै सरोज हत्याकाण्डमा

उहाँको सन्तान भन्न पाउँदा हामी गौरवान्वित छौं

- सविना कोइराला

सरोजप्रसाद कोइराला अर्थात् मेरो बाबा। मैले बाबाको सामिप्य धेरै पाउन सकिन। मैले इन्टरको परीक्षा मात्र के दिएँ उहाँको हत्या गरियो। यस अवधिमा उहाँलाई मैले जति चिनें त्यस आधारमा भन्नुपर्दा उहाँ दृढ निश्चयी, जुझारू, प्रजातान्त्रिक आन्दोलनका एक इमान्दार सिपाही र संगठनको एक अनुशासित कार्यकर्ता हुनुहुन्थ्यो। आज उहाँ हुनुहुन्न। मुलुकले, कांग्रेस पार्टीले र जनसामान्यले उहाँको रिक्ततालाई हृदयदेखि नै अनुभव गरेका छन्। तर विशेष गरी हामीलाई उहाँको सन्तान भन्न पाउँदा गौरवको अनुभूति हुन्छ।

०१७ साल पुस १ गतेको राष्ट्रघाती कदमपछि, नेपाली कांग्रेसमा एक किसिमले नेतृत्वको संकट नै उपस्थित भएको थियो। पार्टीको नेतृत्व वर्गमध्ये अधिकांशलाई जेलमा राखिएको थियो भने बाँकी नेताहरू भारतमा निर्वासित जीवन बिताउन बाध्य हुनु भएको थियो। त्यस्तो कठिन परिस्थितिमा उहाँको अभावमा नेपाली कांग्रेसको सम्पूर्ण संगठनात्मक स्थिति प्रतिकूल रूपमा प्रभावित हुन्थ्यो भन्न मलाई संकोच छैन। मैले भन्नुपर्दा संगठन गर्ने उहाँमा विलक्षण प्रतिभा थियो। र उहाँले १७ सालपछिका दिनहरूमा आफ्नो यो प्रतिभाको उपयोग अत्यन्तै सफलतापूर्वक गर्नुभयो।

वास्तवमा उहाँको यही प्रतिभा र १७ सालपछिका दिनहरूमा उहाँको बढ्दो प्रभाव तथा महत्वलाई शासकहरूले आफूहरू विरूद्धको खतरा ठाने र कायरतापूर्वक उहाँको हत्या गर्ने षडयन्त्र रचे। मैले थाहा पाएसम्म पंचायती शासकहरूले उहाँको हत्याका लागि प्रत्यक्ष रूपमा त्यसबेलाका जनकपुरका अंचलाधीश लीलाराज विष्टलाई प्रयोग गरेका थिए।

त्यसबेलाको प्रशासनले प्रजातान्त्रिक आन्दोलनलाई विथोल्न आफ्नो सम्पूर्ण जायज/नाजायज शक्ति प्रयोग गरेको थियो। सरोज हत्याकाण्डलाई त्यसैको एउटा परिणति मान्न सकिन्छ। बुबाको हत्या गराउन विभिन्न रणनीति अख्तियार गरिएका थिए। त्यसमध्ये एउटा थियो- जलेश्वर जेलबाट झिझाका डाँकाहरूलाई छाड्नु। ती डाँकाहरूले पछि बुबालाई भेटेका पनि थिए तर बुबा उनीहरूलाई पंचायतविरूद्ध नै प्रयोग गर्ने सोचमा हुनुहुन्थ्यो।

हुन त त्यसबेलाका पंचायतका पृष्ठपोषकहरूले यो हत्या पार्टीको आन्तरिक द्वन्द्वका कारण कांग्रेसभित्रैबाट भएको हो भन्ने भ्रमको खेती पनि गरे। नेतृत्व विवादको मनगढन्ते कुरा पनि अघि सारेर आफू चोख्खिने प्रयत्न पनि उनीहरूले गरेका हुन्। तर सत्य कुरा कसैबाट लुकेको छैन। एउटा कुरा सत्य के हो भने त्यसबेलाका प्रशासकहरूले पार्टीमा आफ्ना गुप्तचरहरू पठाएर आफ्नो प्रभाव जमाउने प्रयास भने गरेका थिए। धनुषा कांग्रेसका सन्दर्भमा पनि यो अपवाद हुन सक्दैन, र थिएन।

वास्तवमा सरोज हत्याकाण्डलाई मूर्त रूप दिन ठूलो योजना बनाइएको थियो। निकै अभ्यासहरू भएका थिए। पार्टी कार्यकर्तालाई खरिद गर्नेदेखि लिएर विपक्षी पार्टीकाहरूलाई उक्साउनेसम्मका काम भएका थिए। त्यस्तै योजना कार्यान्वयनका क्रममा पैसाको खोलो नै बगाइएको अनुमान पनि मेरो छ। यसको उदाहरणका रूपमा हत्याका क्रममा मधुवनीको बिजुली निभ्नुलाई लिन सकिन्छ। मेरो विश्वास छ- त्यहाँनिर पैसाको प्रयोग गरेर एकैपटक अनेकौं समूहलाई सक्रिय बनाइएको थियो।

जहाँसम्म लीलाराज विष्टको कुरा छ, त्यसबेला विष्टको भत्ता खानेहरू पनि पार्टीमा थिए र उनीहरूले पनि हत्यामा भूमिका निर्वाह गरेका छन्। मसंगको टेलिफोन कुराकानीमा समेत विष्टले कांग्रेसका केही व्यक्तिलाई पंचायतकालमा प्रोमोट गरेको दावी गर्नु भएको छ। हत्यामा संलग्न भनिएका रमेश झालाई पनि प्रजातन्त्रपछि मैले तीन पटक भेटेकी छु। पहिलो भेटमा उनी अत्यन्तै डराएका थिए र क्रमशः दोस्रो र तेस्रो पटक उनी बोल्ड भएर प्रस्तुत भएका थिए।

अर्थात् विष्ट र रमेश जस्ता व्यक्तिमा आज डर हराएको छ। उनीहरू स्वतन्त्र भएर डुलिरहेका छन्। यो सबैको कारण हो कारवाहीको अभाव। प्रजातन्त्र आइसकेपछि पनि सरोज हत्याकाण्डको छानविन सम्बन्धी प्रक्रियालाई अगाडि बढाइएन फलतः सरोज हत्याकाण्ड मात्रै होइन यस्ता अन्य हत्याकाण्डका अपराधीले पनि छाती फुलाएर हिंड्ने अवसर पाएका छन्।

आज यो हत्याको छानविनको कुरो कोही गरिरहेको छैन। प्रजातान्त्रिक आन्दोलनमा त्यत्रो बलिदानीपूर्वक शहादत दिएका व्यक्तिका बारेमा आज कुनै चासो देखाइएको छैन। उहाँलाई शहीद घोषणा गर्नेतर्फ पनि कुनै पहल गरिएको छैन। आज यो हत्याको चर्चा गर्न कांग्रेसकै मानिस पनि डराइरहेका छन्। आज पनि कांग्रेसमा विष्ट जस्ताका मानिसहरू सक्रिय छन् र कहीं न कहीं उनीहरूको स्वार्थ मिल्छ, फलतः यस्ता हत्याकाण्डका चर्चा ओझेलमा पर्ने गर्दछन्।

त्यसबेला हत्याको षडयन्त्र भयो आज कांग्रेसीहरूबीच झगडा लगाइदैछ। हिजो पनि त्यही तत्वले काम गरेको थियो र आज पनि त्यही तत्वले काम गरिरहेको छ। रणनीति मात्र परिवर्तन भएको हो- उद्देश्य उही कांग्रेसलाई कमजोर बनाउनु नै हो।

(कुराकानीका आधारमा)

शहीद कोइरालाको दुरगामी महत्वको मूल्यांकन गरेरै पंचायती तानाशाहीहरु ले उहाँको हत्या गरे र यो हत्याको

जिम्मा दिइयो, यस हत्याकाण्डका नाइके लीलाराज विष्टलाई विष्टलाई सरोज हत्याकाण्डमा सहयोग गर्ने अर्का प्रमुख व्यक्ति हुनुहुन्थ्यो- त्यस बेलाका जनकपुरका एसपी शमशेर बहादुर विष्ट।

उहाँमा गजबको ग्लामर थियो

- वृषेशचन्द्र लाल

सरोजप्रसाद कोइराला आज हामी माझ हुनुहुन्न। तर उहाँका विचार, आदर्श र प्रेरणाले अझै पनि हामीलाई उत्साह प्रदान गरिरहेका छन्। उहाँ देशका लागि शहीद हुनुभयो र भावी पुस्तालाई राष्ट्रप्रेम र राष्ट्रप्रतिको कर्तव्यको पाठ सिकाएर जानुभयो। उहाँको सान्निध्य पाएर संगठनमा काम गर्नेहरू अझै पनि उहाँको प्रभावबाट मुक्त हुन सक्ने अवस्था छैन। उहाँमा एउटा गजबको ग्ल्यामर थियो। एकपटक उहाँसंग भेट भएको व्यक्ति उहाँबाट प्रभावित नरही रहन सक्दैनथ्यो। उहाँको संगठन क्षमताबाट म अद्यावधि प्रभावित छु। उहाँ मान्छे र कार्यकर्ता चिन्न सक्नुहुन्थ्यो, जो आजका थुप्रै नेता सक्दैनन्। र भन्ने हो भने उहाँका यिनै गुणहरू उहाँको हत्याको कारण बने।

शहीद कोइरालाको दुरगामी महत्वको मूल्यांकन गरेरै पंचायती तानाशाहीहरूले उहाँको हत्या गरे। र यो हत्याको जिम्मा दिइयो, यस अंचलाधीश लीलाराज विष्टलाई। विष्टलाई सरोज हत्याकाण्डमा सहयोग गर्ने अर्का प्रमुख व्यक्ति हुनुहुन्थ्यो- त्यस बेलाका जनकपुरका एसपी शमशेर बहादुर विष्ट।

वीरगञ्जमा यही टोलीले यसअघि तेजबहादुर अमात्यको हत्याको योजनालाई सफलतापूर्वक कार्यान्वयन गरिसकेको थियो भने अमात्यको हत्यापछि सरोजको हत्या गर्न यही टोलीलाई जनकपुर पठाइएको थियो। जनकपुर आउनेबित्तिकै यो टोलीले त्यसबेलाका राजनीतिक दलका नेताहरूलाई आफ्नो हातमा लिने प्रयत्न गर्न थाल्यो, जसमा उनीहरूलाई अपेक्षित सफलता पनि प्राप्त भयो। सरोज कोइरालाको हत्याको योजना बन्न थाल्यो र यसका लागि विभिन्न समूह, उपसमूहलाई क्रियाशील गराइयो र अन्ततः सरोज कोइरालाको हत्या गरियो। हत्याको षडयन्त्र सम्बन्धी संकेत सरोज बाबुलाई पनि थियो। तर उहाँले यसलाई कहिल्यै गम्भीरतापूर्वक लिनु भएन। वास्तवमा, मेरो विचारमा उहाँ जस्तो व्यक्तिबाट पनि त्यो गल्ती भयो।

एउटा कुरा त के पक्का छ भने उहाँको हत्यामा सरकार संलग्न थियो र मेरो विचारमा त्यस बखतको स्थिति दृष्टिगत गर्दा हत्याको यो षडयन्त्र अत्यन्तै उच्चस्तरीय थियो। विष्टहरूभन्दा माथिकाहरू पनि यसमा संलग्न छन्।

साइलेन्सरयुक्त पेस्तोलको प्रयोग, घटनाको बेला वत्ती निभ्नु, बसबाट टाढा लगेर हत्या गर्नु आदिले पनि यो घटना पूर्व नियोजित थियो भन्ने पुष्टि गर्छ। तर यति हुँदाहुँदै पनि घटनाको छानविनका सम्बन्धमा केही भएको छैन। एक पटक म मेरा नातेदार अधिवक्ता विश्वनाथ मल्लिकलाई भेट्न मधुवनी गएको थिएँ। मल्लिकले मलाई मधुवनी कोर्टमा चलिरहेको सरोज हत्याकाण्डको मुद्दाका बारेमा जानकारी गराएका थिए। त्यसपछि हामीले त्यस कोर्टमा विस्तृत रूपमा बुझ्ने प्रयास गरेका थियौं। फाइलका धेरै कागजात हराइसकेका रहेछन्। त्यही फाइलका आधारमा मुद्दा अगाडि बढ्न कठिनाई हुन सक्ने संभावना अधिवक्ताहरूले व्यक्त गरेका थिए। हत्याको अभियुक्त मानिएको रमेश झालाई गिरफ्तार गरेर मधुवनी थानामा बुझाउन सकिए केही संभावना विकसित हुन सक्ने कुरो उठेको थियो। तर त्यो संभव हुन सकेन।

त्यस बेलाको स्थितिको विश्लेषण गर्ने हो भने गिरिजाप्रसाद कोइराला, सरोजप्रसाद कोइराला र तेजबहादुर अमात्य नेपाली कांग्रेसका संगठनात्मक इन्जिनियरहरू हुनुहुन्थ्यो। पंचायती शासकहरू यी तीनै जनालाई मारेर नेपाली कांग्रेसलाई ध्वस्त पार्न चाहन्थे। उनीहरू सरोज र अमात्यको हत्या गर्न सफल पनि भए। तर गिरिजा कोइरालालाई सकेनन्।

जहाँसम्म सरोज हत्याकाण्डको प्रसंग छ, भारत सरकारले भारतीय गुप्तचर संस्था सीबीआईलाई घटनाको छानविन गर्ने जिम्मा दिएको हो। तर त्यसले आजसम्म आफ्नो प्रतिवेदन सार्वजनिक गरेको छैन।

सरोज हत्याकाण्ड मात्र होइन पंचायतकालमा भएका कुनै पनि हत्याको रहस्योद्घाटन हुन सकेको छैन। समाजमा उदाहरण स्थापित गर्न र भावी दिनमा यसप्रकारका घटना हुन नदिन डरको वातावरण सिर्जना गर्न पनि यस्ता घटनाको सत्यतथ्य सार्वजनिक गरिनु पर्ने हो। तर प्रजातन्त्र प्राप्तिको दश वर्षमा पनि यस दिशामा कुनै सकारात्मक पहल हुन नसक्नु निश्चय पनि दुःखद पक्ष हो। षडयन्त्रकारीहरूले सरोजबाबुको हत्या मात्र गरेनन् धनुषाको कांग्रेसी राजनीति नै समाप्त गर्ने प्रयास गरे। उहाँको मृत्युले धनुषा कांग्रेसले त क्षति बेहोर्नु पऱ्यो नै सम्पूर्ण देशले नै सरोजको अभाव भोग्नु पऱ्यो।

(कुराकानीका आधारमा)

आफूलाई जबरजस्ती मुछ्ने गरिएको बताउनु हुन्छ। यसै क्रममा विष्टले त्यसबेलाको "भण्डारी थरको धनुषाको सिडिओ रघुनाथ भण्डारी विचरा सोझा मानिस थिए।" भन्दै "तर एसपी भने अलि बदमास खालको थियो, उसले के गऱ्यो मलाई थाहा छैन"। तर उक्त घटनाको करीब दुई सातापछि महोत्तरी जाने एक केही प्रशासकहरूले हत्याकाण्डमा अंचलाधीशकै संलग्नता रहेको आशंका गरेका छन्। उनका अनुसार पनि जलेश्वर जेलबाट झिझाको डाँकाहरूलाई योजना अन्तरगत नै भगाइएको थियो।

यसै क्रममा अर्को महत्वपूर्ण पक्ष हो- प्रहरीको प्रत्यक्ष संलग्नता। एक सूत्रका अनुसार घटनाको दिन नायव निरीक्षक मोहन कार्कीको नेतृत्वमा सादा पोशाकमा प्रहरीहरूको एक टोली रेल्वे ट्रलीबाट जयनगर प्रस्थान गरेको थियो। तर जयनगरपछि उक्त टोलीको स्थितिबारे जनकारी पाइएको छैन। संभवतः उक्त टोली मधुवनी गएको थियो।

यसैक्रममा एउटा अर्को नाम पनि आएको छ- नरबहादुर कार्की। कार्कीलाई तत्कालीन व्यवस्थाका सीआईडीका रूपमा सरोजप्रसाद कोइरालाको नजिक ल्याइएको थियो। कार्कीकै माध्यमबाट तत्कालीन प्रशासनले सरोज कोइरालाको गतिविधिबारे जानकारी प्राप्त गर्न सकेको दावी पनि गरिएको छ। जहाँसम्म रमेशको प्रसंग छ, कांग्रेसका वरिष्ठ नेता बलबहादुर राईले पनि सरोज कोइरालालाई रमेशप्रति सशंकित भएर बस्न आग्रह गर्नु भएको थियो।

राई स्मरण गर्दै भन्नुहुन्छ- "म उहाँलाई भेट्न मधुवनी क्याम्प पुगेको थिएँ। उहाँ गिरिजाबाबुलाई भेट्न जोगवनी जानु भएको थियो। उहाँको उत्तराधिकारी भएर रमेश नामक गद्दार त्यहाँ बसेको रहेछ। पहिले हामीसंग बसिसकेको विद्यार्थी थियो, विश्वास गर्नु स्वाभाविकै नै थियो। तर त्यो लीलाराज विष्टका सीआईडी रहेछ। उसैको षडयन्त्रबाट सरोजप्रसादजी शहीद हुनुभयो।"

प्रजातन्त्र स्थापनापछि कोइरालाकी सुपुत्री सविना कोइरालाले रमेशसंग तीन पटक भेटिसक्नु भएको छ। पहिलो भेटमा अत्यन्तै डराएर लुकेर बसिरहेका रमेश लीलाराज विष्टमाथि सर्वोच्च अदालतमा मुद्दा हाल्न समेत तयार भएका थिए तर पछि उनले मुद्दा दायर गरेन र पछिका दुईवटा भेटमा उनको डर

हराइसकेको थियो। सविना भन्नुहुन्छ- "प्रजातन्त्र स्थापनापछिका सरकारले पनि विष्ट र रमेशहरूलाई केही गर्न नसकेकै कारण उनीहरू छाडा भएर डुलिरहेका छन्।"

यसैक्रममा षडयन्त्रअन्तरगत नै हत्याको समयमा मधुवनीमा विजुली पनि गएको थियो। यसमा भारतीय सरकारको औपचारिक संलग्नता थियो भन्न त सकिदैन तर पैसाको खेल त यहाँ पनि भएको थियो। संभवतः हत्याराहरूले त्यहाँका बिजुली विभागका कर्मचारीहरूलाई मिलाएका थिए।

हत्या कसरी भयो ?

सरोजप्रसाद कोइराला त्यसबेला नेपाली कांग्रेसको नीतिअनुसार भारतमा बसेर सशस्त्र क्रान्तिको संयोजन गर्नुहुन्थ्यो। जयनगरदेखि सीताढीसम्मको क्षेत्रलाई उहाँले आफ्नो मूल कार्यथलो बनाउनु भएको थियो।

यसै क्रममा दीपावलीको भोलिपल्ट अर्थात् ०३० साल कार्तिक २ गते साँझ उहाँ सशस्त्र आन्दोलनकै योजना अन्तरगत सीतामढी जाने क्रममा हुनुहुन्थ्यो। मधुवनी रेल्वे स्टेशन नजिक नै त्यसबेला बसस्ट्यान्ड पनि हुने गर्दथ्यो। बस आएर रोकिइसकेको थियो। बस खुल्न संभवतः ०५/२० मिनेट अझै समय थियो। उहाँ बसमा नचढी तलै केही मानिसहरूसंग कुरा गर्दै हुनुहुन्थ्यो। यत्तिकैमा रमेश झा आयो र "तपाईसंग व्यक्तिगत कुरा गर्नु छ एकैछिन एकान्तमा जाउँ" भन्दै आठ दश पाइला पर रहेको हेडलाइट मुनि लिएर गयो। त्यहाँ जाने बित्तिकै कतैबाट साइलेन्सरयुक्त पेस्तोलबाट चलाइएको गोलीले उहाँको छाती चिर्दै ज्यान लियो। त्यतिबेला साँझको सात बजेको थियो। त्यत्तिकैमा बिजुली गयो र हत्याराले फरार हुने अवसर पायो। दीपावलीको भोलिपल्ट भएकोले पटाखाको प्रयोग त्यसबेला सामान्य नै थियो। घेरैले त्यसबेला पेस्तोलको आवाजलाई पटाखा ठानेका थिए।

घटनाको प्रकृति हेर्दा यहाँनिर तीनवटा संभावना व्यक्त गर्न सकिने स्थिति छ। पहिलो रमेश झाले नै पिस्तोल बोकेका थिए र उनैले अलिपर लगेर गोली चलाए। दोस्रो कुनै व्यक्ति पहिलेदेखि नै बसको हेडलाइटको छेउछाउ लुकेको थियो र उसले गोली चलायो र तेस्रो बसभित्रबाट कसैले गोली चलायो।

हेर्ने हो भने यी तीनवटै संभावनामा

उहाँको हत्या कसले किन गर्‍यो ? मलाई थाहा छैन

- लीलाराज विष्ट

सरोज हत्याकाण्ड मेरो जीवनको कहिल्यै नपुछिने कालो दाग बनिसकेको छ। एउटा यस्तो दाग, जसको हकदार म होइन। सरोजप्रसाद कोइरालाको हत्यामा मेरो कुनै संलग्नता छैन, तर किन हो, मलाई थाहा छैन उहाँको हत्याका लागि मलाई किन जिम्मेवार ठहर्‍याइन्छ। उनको हत्या भएको समय अर्थात् ०३० सालदेखि मलाई त्यो कलङ्कले पछ्याउन छोडेको छैन।

उहाँको हत्या हुँदा म जनकपुरको अंचलाधीश थिएँ। मेरो अपराध त्यति मात्र हो, तर त्यतिका भरमा मात्र मलाई हत्याको जिम्मेवार कसरी ठहर्‍याउन सकिन्छ ? म त्यसबेला जनकपुरको अंचलाधीश थिएँ तर उनको हत्या जनकपुर अंचलमा होइन, मधुवनी भारतमा भएको थियो। त्यहाँ उनको हत्या कसले किन गर्‍यो ? मलाई थाहा छैन।

तर उहाँको हत्याले म त्यसबेला अत्यन्तै दुःखी त भएको थिएँ। कहाँसम्म भने, उनको हत्याको समाचार सुन्ने वित्तिकै म उनको घरमा केटाकेटीलाई हेर्न जान खोजेको थिएँ तर मलाई मेरा मान्छेहरूले रोके। त्यसबेला विष्टले सरोजको हत्या गर्‍यो भनेर झ्याली पिटियो। तर घटना भएको लगभग २६ वर्ष बितिसक्दा पनि म माथि कार्यवाही किन हुन सकेको छैन ? मैले हत्या गरेको हो भने के प्रमाण छ ? कुनै पनि किसिमको प्रमाण भए त मलाई यतिन्जेल बाँकी छोड्थे? मैले हत्या गरेकै होइन भने प्रमाण कहाँबाट हुन्छ ?

सरोज त्यसबेला मधुवनीमा बस्थे। त्यो मलाई थाहा थियो। अंचलाधीशका नाताले मैले शान्ति सुरक्षाको स्थिति कायम राख्नै पर्थ्यो। तर यसो भनदैमा मैले सरोजको हत्या भने गरिन। सरोज असल मानिस थियो। हुन त मैले भेट्न सकिन। म जनकपुर गएको केही दिनमै उनको हत्या भयो। एकपटक भेट्ने इच्छा चाहिं थियो। म उनलाई पंचायतमा प्रवेश गराउन चाहन्थें, यो सत्य हो। मैले त्यसबेलाका कांग्रेस र कम्युनिष्टका घेरैलाई पंचायतमा ल्याएँ। मेरो विचारमा त्यस बखतको आवश्यकता त्यही नै थियो। शक्तिको भरमा भन्दा पनि तर्कले सन्तुष्ट गराएर नै कुनै काम गर्ने मेरो टोली थियो।

जहाँसम्म हत्यामा मेरो संलग्नताको सवाल छ, त्यो त कांग्रेसका एकथरी मान्छे, पंचायत भित्रै मेरो प्रगति देख्न नसक्ने मान्छे र त्यसबेलाको भारत विहारको मुख्यमन्त्री कर्पुरी ठाकुरहरूले मेरो विरोधमा हल्ला पिटाएका हुन्। तर हत्यामा मेरो संलग्नता सम्बन्धी कुनै प्रमाण कसैले जुटाउन सकेनन्। वा भनौं कसैसंग पनि कुनै प्रमाण छैन र अन्त्यमा उनीहरू शिथिल भए।

सरोज हत्याकाण्ड सम्बन्धमा भारतमा मुद्दा चलेकै हो। सिविआइले पनि छानविन गरेकै हो। तर हत्याको रहस्य अझै पनि रहस्य नै छ। प्रजातन्त्र आएको पनि दश वर्ष भइसकेको छ, म यहीं छु। प्रमाण पुर्‍याएर ममाथि कार्यवाही चलाउन किन सकेनन् ?

सरोज हत्याकाण्ड सम्बन्धमा भारतमा मुद्दा चलेकै हो। सिविआइले पनि छानविन गरेकै हो। तर हत्याको रहस्य अझै पनि रहस्य नै छ। प्रजातन्त्र आएको पनि दश वर्ष भइसकेको छ, म यहीं छु। प्रमाण पुर्‍याएर ममाथि कार्यवाही चलाउन किन सकेनन् ?

वल छ। अझ तेस्रो संभावना किन यहाँनिर महत्वपूर्ण भएको छ भने घटनाका समयमा जेलबाट भगाइएका झिझाका डाकाहरू मध्येको एकजनाको नातेदार (संभवतः अयोधीको ज्वाई) पनि बसमा देखिएका थिए।

घटना केलाउँदै जाँदा हत्याकाण्डलाई योजनागत ढंगले अत्यन्तै सफलतापूर्वक कार्यान्वयन गरिएको पाइन्छ। संभावना त कहाँसम्म व्यक्त गरिएको छ भने हत्याको प्रयासलाई मूर्त रूप दिनु अघि हत्याराहरूबाट पूर्वाभ्यास समेत भएको थियो। यो कुराको मधुवनी स्थित सरोज कोइरालाको क्याम्पबाट केही हतियार हराउनुले पनि पुष्टि हुन्छ। हत्याको षडयन्त्रको आभास स्वयं कोइरालालाई पनि भइसकेको थियो। हत्या हुनु केही दिनअघि देखि उहाँले आफ्ना योजनाहरू गोप्य राख्न थाल्नु भएको थियो। अरूमाथि अलि कम विश्वास गर्न थाल्नु भएको थियो। यहाँसम्म कि सीतामढीमा त्यस दिन उहाँले जनकपुर र जलेश्वरका युवाहरूलाई भेट्ने कार्यक्रम थियो। तर मधुवनीमा उहाँले त्यसको जानकारी सबैलाई दिनु भएको थिएन। यस कुराको पुष्टि यस पंक्तिकारसंगको कुराकानीमा उहाँकी सुपुत्री सविना कोइरालाले पनि गर्नु भयो।

हत्यापछिको कारवाही

कोइरालाको हत्याको समाचार डँढेलोको गतिमा नेपाल-भारतभरि फैलियो। स्थानीय प्रहरी प्रशासन तत्कालै गतिशील भएको देखियो। फलतः रमेश झा लगायतका सात जनालाई प्रहरीले पक्राउ पनि गरेको हो र मुद्दा पनि चलाएको हो। तर पछि जेलबाट रमेश झाहरू छुटेर नेपाल आए। नेपाल आएपछि उनीहरूलाई पक्राउ गर्नुको सट्टा तत्कालीन प्रशासनले संरक्षण दिएको थियो।

यति मात्रै होइन, भारत सरकारले हत्याको छानविन गर्न भारतीय गुप्तचर संस्था सीवीआईलाई पनि जिम्मा दिएको हो। तर सीवीआईको प्रतिवेदन हालसम्म सार्वजनिक भएको छैन नै, मधुवनी कोर्टमा चलिरहेको सरोज हत्याकाण्डको मुद्दाको फाइल पनि १९९७ देखि बन्द भएको छ। मुद्दा बन्द हुने कारणका रूपमा वादी-प्रतिवादीहरू उपस्थित हुन नसक्नु र स्व. कोइरालाका पक्षमा यकिन नहुनुलाई नै प्रमुख मानिएको छ। यसमा पार्टीगत रूपमै भए पनि नेपाली कांग्रेसले यस मुद्दाको बहस गर्न कुनै वकिललाई जिम्मेवारी दिन सक्थ्यो तर त्यसो हुन सकेको छैन।

यता नेपालमा विगतको पंचायती व्यवस्थाभरि सरकारतर्फबाट यस मुद्दाप्रति चासो देखाउने संभावना त थिएन नै नेपाली कांग्रेसले पनि स्थितिको प्रतिकुलताका कारण छानविन प्रक्रियालाई अगाडि बढाउनु संभव थिएन। तर प्रजातन्त्र प्राप्तिपछि पनि यस दिशामा केही ठोस कार्य हुन सकेन। व्यक्तिगत स्तरमा भने यदाकदा प्रयास भएर यसमा भीमबहादुर तामाङको योगदान प्रमुख रहेको छ। यस पंक्तिकारलाई प्राप्त जानकारी अनुसार विगतमा उहाँकै पहलमा मधुवनीमा कोर्टमा मुद्दाले निरन्तरता पाएको थियो।

यस्तै पत्नी शहीद कोइरालाकी श्रीमती लीला कोइरालाबाट पनि विगतमा एक्ला प्रयास नभएका होइनन्। उहाँले विहारका तत्कालीन मुख्यमन्त्री कर्पुरी ठाकुरसंग पनि भेट गर्नु भएको थियो। यसै सन्दर्भमा ०४६ सालको मंसिर पुषतिर श्रीमती कोइराला र वृषेशचन्द्र लाल मधुवनी जानु भई मुद्दाको सम्पूर्ण कागजात हेर्नु भएको थियो। लालका अनुसार फाइलबाट धेरै कागजात हराइसकेका छन्। उहाँहरूकै पहलमा त्यसबेला रमेश झाका विरूद्ध वारेन्ट पूर्जि काटिएको थियो। यस स्थितिमा कोइराला र लालले एउटा योजना बनाउनु भएको थियो। योजना अनुसार वारेन्ट उहाँहरूले लिएर नेपाल जाने र आफूहरूको सक्रियतामा रमेशलाई खोजेर प्रहरीलाई बुझाउने र त्यस वारेन्टका आधारमा रमेशलाई गिरफ्तार गर्न लगाई भारतीय प्रहरीलाई बुझाउने योजना थियो। उहाँहरू वारेन्ट लिएर जनकपुर आउनु पनि भयो तर त्यसैबेला जनआन्दोलनको गतिविधि शुरू भयो। प्रहरीले सबैलाई पक्राउ गर्न थाल्यो। पक्राउ गर्ने क्रममै खानतलासी लिंदा प्रहरीले उक्त वारेन्ट पनि हात पारी नष्ट गरिदिएको कुरा लाल बताउनु हुन्छ।

यसैबीच सीवीआइले छानविनको प्रतिवेदन तयार गरिसके पछि पनि विगतमा नेपालको अनुरोधमा र नेपाल भारत सम्बन्धलाई दृष्टिगत गरी भारतले उक्त प्रतिवेदन सार्वजनिक गरेको थिएन। तर अहिले देशमा प्रजातन्त्रको स्थापना भइसकेको छ, अब पनि प्रतिवेदन सार्वजनिक गराउनेतर्फ सरकारबाट आवश्यक पहल हुनु जरूरी छ। उक्त प्रतिवेदनकै आधारमा सम्बन्धमा आँच आउने खालको नेपाल भारत सम्बन्ध पक्कै पनि होइन।

यसका अतिरिक्त प्रजातन्त्र स्थापनापछि गठन भएका सरकारहरू समक्ष व्यक्तिगत, सामूहिक स्तरमा गएका डेलिगेशनहरूले पनि अनेकौं पटक हत्याकाण्डको छानविन गर्नुपर्ने माग गरेका छन्। यति मात्र होइन सरोजप्रसाद कोइराला राष्ट्रका लागि शहीद हुनु भएको हो। तर शहीद घोषणा गरेर उहाँप्रति सम्मान व्यक्त गर्न पनि राज्य स्तरबाट कञ्जुस्याई भएको छ। आगामी दिनमा सरकारी स्तरबाट स्व. कोइरालालाई शहीद घोषणा गरी उहाँको हत्यासम्बन्धी छानविन प्रक्रियालाई अगाडि बढाई दोषीहरूमाथि कारवाही गर्ने वातावरण सिर्जना हुनु आवश्यक छ। ■

शहीद भीमनारायण श्रेष्ठ

शहादत प्राप्त मिति र स्थान :: ०३५ साल माघ २६ गते, कोशी नदीको किनार, सुन्सरी

हत्याको योजना कार्यान्वयनमा संलग्न प्रहरी – प्रशासक :

अञ्चलाधीश	प्रजिअ	प्रहरी अधिकृत	अन्य
वम काण्डको सावित बयानमा हस्ताक्षर गराउँदा **वीरेन्द्रबहादुर शाह** मृत्युदण्ड दिइँदा **सुरेन्द्रबहादुर श्रेष्ठ**	मृत्युदण्ड दिइंदा **भगवान सिंह**	सावित बयान गराईंदा डिआईजी **दुर्लभकुमार थापा** मृत्युदण्ड दिइँदा **डिआईजी मोहनबहादुर कार्की** गोली हान्ने **इन्द्रबहादुर थापामगर**	

जस्लाई राजाको गाथगद्दी ताकेको आरोपमा कोशी किनारमा गोली ठोकियो

राजकुमार दिक्पाल

भीमनारायण श्रेष्ठको जन्म विसं १९९४ साल असार २४ गते भएको थियो। उहाँ पिता सूर्यनारायण श्रेष्ठ र आमा लक्ष्मीकुमारीको कोखबाट जन्मनु भएको थियो।

उहाँ धनकुटाका नारायण खलकका श्रेष्ठ नेवार परिवारमा जन्मनु भएको थियो। उहाँको प्रमुख पेशा व्यापार भए पनि खेतिपाती पनि उहाँहरूको अर्को पेशा थियो।

युवावस्थादेखि नै नेपाली कांग्रेसप्रति आस्थावान श्रेष्ठ ०१५ सालको निर्वाचनमा नेपाली कांग्रेसको नगर कमिटीमा सदस्य रही प्रचार प्रसारमा खटनु भएको थियो। ०१७ को राजनीतिक परिवर्तनपछि उहाँ नेपाली कांग्रेसको राजनीतिमा सक्रिय नभए पनि आस्था भने सोही पार्टीप्रति थियो।

उहाँ वम काण्ड ताका खासगरी भाइको विवाहको सामान लिन विराटनगर भर्नु भएको थियो। फारवेशगञ्जमा सामान किन्न जाँदा कप्तान यज्ञबहादुर थापा। त्यतिखेरका सक्रिय नेवि संघका कार्यकर्ता रामकृष्ण श्रेष्ठलाई पठाइएको वम उहाँले नै ल्याउनु भएको थियो। उहाँलाई ०३० चैत ३ को वम काण्डको अभियोग लगाएर ०३५ साल माघ २६ गते कोशी नदीको किनारमा मृत्युदण्ड दिइएको थियो।

उहाँले लेख्नु भएको कुनै पनि कागजात उहाँको परिवारलाई फिर्ता दिइएन। उहाँले जेलबाट लेख्नु भएको पत्र समेत संगालेर राख्न नसकिएको कुरा उहाँका जेठा छोरा मनोजनारायण दुःखका साथ बताउनुहुन्छ। "त्यतिखेर उहाँको चिठ्ठी घरमा आउनासाथ स्वावासी चल्थ्यो र हामी चिठी पढिसकेपछि सहन नसकेर च्यात्थ्यौं" अहिले त्यो राख्न पाएको भए त्यसको छुट्टै महत्व हुने थियो" उहाँ भन्नुहुन्छ।

भीमनारायणलाई मृत्युदण्ड दिइसकिएपछि नेपाल महिला संघकी तत्कालीन अध्यक्ष तथा कांग्रेस नेतृ मंगलादेवी सिंहले शहीद पत्नी लक्ष्मीदेवी श्रेष्ठलाई एक समवेदना पत्र पठाउनु भएको थियो। सरकारबाट राहत स्वरुप एक लाख रुपैया पाउनु बाहेक भीमनारायणका परिवारले उहाँलाई राज्यस्तरमा शहीदको सम्मान गरिएको देख्न पाएको छैन।

शहीद भीमनारायणको सम्झनालाई ताजा बनाउन र उहाँले प्रजातन्त्रका लागि जीवनकै आहुति दिनु भएको योगदानलाई कदर गर्न धनकुटा बजारको तत्कालीन गणेशचोकलाई अहिले "शहीद भीमनारायण चोक" नामाकरण गरिएको छ। र सोही चोकमा जिल्ला विकास समिति धनकुटाबाट उहाँको शालिक निर्माण गरिएको छ।

यस्तै झापाको दुर्घमा उहाँको नाममा एक प्राथमिक विद्यालय संचालित छ भने वर्षेनीं शहीद भीमनारायण श्रेष्ठ स्मृति गोल्ड कप फुटबल प्रतियोगिता, धनकुटामा संचालन हुँदै आएको छ। उहाँको नाममा स्थापित अक्षय कोषमा सांसद विकास कोषबाट राष्ट्रिय सभाका उपाध्यक्ष चिरन्जिवीप्रसाद रिजालले २५ हजार रूपैयाँ प्रदान गर्नुभएको छ। यस्तै धनकुटाको पुरानो लहरे चौतारालाई धनकुटा नगरपालिकाले "शहीद भीमनारायण पार्क" घोषणा गरी व्यवस्थित गर्ने काम गरिरहेको छ।

०३० साल चैत ३ गते बिहान ९:४५ बजे विराटनगरको त्रिभुवन स्मारक अस्पताल (कोशी अंचल अस्पताल) को मूलद्वार अगाडि भएको वम विस्फोटनमा सो वम विस्फोटनको मुख्य अभियुक्त बनाई पंचायती कानून बमोजिम तत्कालीन पंचायती व्यवस्थाले भीमनारायण श्रेष्ठलाई मृत्युदण्ड दिएको थियो। तत्कालीन कानून अनुसार सर्वोच्च अदालतका न्यायाधिशद्वय वासुदेव शर्मा र झपटसिंह रावलको इजलाशले राजगद्दी ताकेको र श्री ५ माथि आक्रमण गर्न खोजेको फैसला गर्दै तत्कालीन पंचायती कानूनको राजकाज (अपराध र सजाय) को ऐन ०१९ दफा २ तथा राजगद्दी ऐन ०१५ दफा १६अनुसार ०३३ साल फागुन ६ गते विहीबारका दिन मृत्यूदण्डको फैसला सुनाएको थियो। र उहाँको ०३५ साल माघ २६ गते राती कोशी नदीको किनारमा प्रहरीद्वारा गोली हानी हत्या गरिएको थियो। तत्कालीन अंचलाधीश कार्यालयले षडयन्त्रमूलक ढंगबाट यातना दिंदै, स्वेच्छाचारी ढंगले सावित्री बयान गराएको हुनाले उहाँको जीवन हरण गरियो। जीवनको अन्तिम समयसम्म पनि उहाँ भन्दैहुनुहुन्थ्यो- "म निर्दोष छु।" उहँसंगै सोही दिन कमला नदीको किनारमा ओखलढुंगा काण्डका कमान्डर यज्ञबहादुर थापाले पनि शहादात प्राप्त गर्नु भएको थियो।

भाइको विवाह र वमकाण्डको पृष्ठभूमि

०३० साल फागुन २६ गते सम्पन्न हुने आफ्ना कान्छा भाई वीरेन्द्रनारायण श्रेष्ठको विवाहका निम्ति भीमनारायण फागुन २२ गते विवाहका सामानहरू खरिद गर्न भारतको फारवेशगञ्ज जानु भएको थियो। त्यतिखेर कप्तान यज्ञबहादुर थापा नेपाली कांग्रेसको राजनीतिमा सक्रिय रहँदै फारवेशगञ्जमै

भीमनारायणलाई सही गराइएको सावित्री बयान

वम फ्याँकिएको स्थान कोशी अंचलको मूलद्वार
फोटो : यात्रा धुतुरुङ

०३० साल चैत ३ गते बिहान दैनिक कार्यक्रम सिध्याई अन्दाजी साढे सात बजे डेराबाट निस्कनु भन्दा पहिले रामकृष्णको कोठामा उसको ओछ्यानमुनिबाट कागजमा बेरी राख्वेको ग्रिनेट झिकी कागज फ्याँकी ग्रिनेटलाई मेरो वायाँ कम्मरमा पाइन्टले च्यापी अडाइ कमिजको फेरले छोपी लुकाई रामकृष्ण र म मेरो भाइको ससुराली वि.न.पा. वडा नं. १० मा गयौं। त्यहाँबाट फर्की होटलमा चिया स्विन्पीको स्वाई रंगेली रोडस्थित औषधी पसलमा रामकृष्णको आमाको आँस्वाको औषधि किनेर डा. मल्लको घर जाँदा कोही रहेनछन्। सो ठाउँ एकान्त हुनाले रामकृष्णकै सामुन्ने ग्रिनेटको पीन थुति रहुन्जेल ग्रिनेटको लिभर थिची राख्नु पर्ने भएकोले पनि थुलु भन्दा पहिले रामकृष्णसंग जेवी रूमाल मागी बाँध्न हुने गरी पट्याई ग्रिनेटलाई बाँधेर पीन थुती त्यहाँ फाली दियौं। पीन थुतिसकेपछि पुनः वाया कम्मरमा पेन्टले च्यापी राख्वें। त्यसपछि हामी दुवै शहीद मैदानतर्फ गयौं। शहीद मैदानमा प्रहरीको सुरक्षा कडा भएको तथा आफूले अपराध गर्न अग्रसर भै गएकोले पक्राउ पर्ने डरले मन्दिरको पश्चिम ढोकातिर अडें। रामकृष्ण त्यहीं मसंग १०/१५ मिनेट छुटिएका थियो पुनः त्यहीं आए। हामी दुवै बालमन्दिर पुग्दा श्री ५ महाराजधिराजको सवारी आदर्श बहुउद्देश्यीय माध्यमिक विद्यालयमा थियो। त्यसपछि सवारी शहीद मैदान मंचमा भयो। हामी उभिरह्यौं। त्यो वम श्री ५ महाराजधिराजलाई लक्ष्य गरी हान्ने योजना भए पनि भीडमा गई फाल्ने आँट आएन। र त्यस्तो काम गर्न ठीक छैन भन्ने लागेको र त्यहाँको कार्यक्रमपछि सवारी समिक्षालयतर्फ भैसकेकोले मानिस फर्कि पहिलो हुलको पछिपछि हामी पनि फर्क्यौं। हिड्दाखेरि मेरो पेन्टले लामो रहेको ग्रिनेट चल्न खोज्दै थियो। बेला बेलामा हातले रोकी मिलाउँदै ग्रिनेट विस्फोटन भएको ठाउँको उत्तर पुग्दा अकस्मात पाइन्टबाट ग्रिनेट निस्की खस्न लाग्दा मैले पक्रन कोशिश गरें। तर हडबडाएको हुँदा ग्रिनेट मेरो हातमा लागी उछिट्टिएर ३/४ फिट अगाडि खस्यो। सो ग्रिनेट पड्किन्छ भन्ने थाहा थियो। त्यसकारण मैले आपतमा दौडिने भै बच्ने प्रयास गरेको थिएँ। तर भीडले गर्दा टाढा भाग्न सकिन। ग्रिनेट पड्कियो। मेरो बायाँ पाता भरे जस्तो भयो। त्यसपछि म केही अगाडि अस्पतालको ढोकातिर दौडे जस्तो लाग्छ एकै चोटी अस्पतालमा होस आयो। केही थाहा भएन। अपराध लुकाई बच्नको लागि ०३० साल चैत १० गते शनिवार बयानमा विवरण लेखाई दिएको हुँ। सो ग्रिनेट नै हो भन्ने थाहा थिएन वा त्यसको नाम वम हो ? त्यो पड्के र नोक्सान गर्छ भन्ने मैले ०३० साल फागुन १७/१८ गते तिर फारवेशगञ्जमा कथित नेपाली कांग्रेसको क्याम्पबाट गिरिजाप्रसाद कोइराला र यज्ञबहादुर थापाले दिएर यहाँ विराटनगर ल्याउँदा नै जानेको थिएँ। सो ग्रिनेट गिरिजाप्रसादले दिएपछि यज्ञबहादुर थापाले पड्काउने तरिका सिकाएका थिए। ग्रिनेट दिंदा गिरिजाप्रसाद कोइरालाले - "देशमा वास्तविक प्रजातन्त्र ल्याउन सशस्त्र क्रान्ति जरूरी छ नेपालमा राजा नरहे पंचायी व्यवस्था पनि रहँदैन। त्यसकारण यो वम लगेर श्री ५ महाराजधिराज सरकार विराटनगर सवारी हुँदैछ। मुख्य लक्ष्य सरकारमाथि नै गरी हान्नु, यहाँ हान्न असम्भव भए प्रहरी भवन, बैंक भवन, आदिमा हान्नु पनि भनेका थिए।" त्यसैले उपरोक्त कार्यका लागि ल्याएको हो। यो ग्रिनेट फारवेशगञ्जबाट ल्याई रामकृष्णलाई राख्न दिएको हो। निजले सो ग्रिनेट हेरी रातो सुटकेश भित्र राख्वेपछि आमा बैनी आएकोले सुटकेशबाट झिकी ओछ्यानमुनि राख्वेका थिए। ग्रिनेट दिनुभन्दा अगाडि गिरिजाप्रसादले रामकृष्णसंग सम्पर्क राख्नु भनेका थिए। सो चैत ३ गते हामी दुवै सरकारमा प्रहार गर्न ग्रिनेट लिई हिंडेको हो। अरू सो कार्यमा सम्मिलित छैनन्। सरकारको गाथमा क्षति पुऱ्याउने मुख्य लक्ष्यमा असफल भएता पनि प्रहरी भवन लगायत अन्य सरकारी स्थानहरूमा मौका मिलेको अवस्थामा प्रयोग गर्ने उद्देश्यले ग्रिनेट ल्याएको हो।

(सर्वोच्चको फैसलाको प्रतिलिपि)

निर्वासित जीवन बिताइरहनु भएको थियो। श्रेष्ठको थापासित थापा धनकुटामा गुल्मपति भएर बस्दादेखि नै घनिष्ट सम्बन्ध रहेको थियो। उहाँ बेलाबेलामा व्यापारको सिलसिलामा फारवेशगञ्ज जानुहुँदा थापालाई थोरबहुत खर्च समेत छाड्ने गर्नुहुन्थ्यो।

फारवेशगञ्जमा भेट हुँदा कप्तान थापाले विराटनगरमा रामकृष्ण श्रेष्ठलाई दिन भनी श्रेष्ठलाई दिनु भएको कागजमा पोको पारिएको डल्लो र गह्रौं चिज नै विराटनगरमा विस्फोटन भएको वम थियो। उक्त वम भीमनारायणले विराटनगर आउँदा जाँदा बस्नु हुने तत्कालीन धरान होटल रहेको ट्राफिक चोकनेरको आफन्त गोपालनाथ श्रेष्ठको घरको भित्री कोठामा तत्कालीन नेपाल विद्यार्थी संघका सक्रिय कार्यकर्ता रामकृष्ण श्रेष्ठलाई दिनु हुँदा मात्रै भीमनारायणले पनि थाहा पाउनु भयो कि त्यो कागजमा पोको पारिएको डलो र गह्रौं चिज नै "३६ नं. हेण्डग्रिनेड" रहेछ।

"त्यो वम उहाँले फागुन २५ गते ल्याउनु भएको हुनसक्छ" अन्य बेला फारवेशगञ्ज आउँदा जाँदा साथमा रहनु भएका उहाँका भाई वीरेन्द्रनारायण भन्नुहुन्छ। सो दिन चाहिं विहेमा ऊनीको सल किन्न छुटेकोले त्यो किन्न उहाँ एक्लै फारवेशगञ्ज जानु भएको थियो।

वम विस्फोटन, प्रहरी बयान र गिरफ्तारी

श्री ५ को त्यसदिन विराटनगर सवारी भएको थियो। शहीद मैदानबाट श्री ५ को सवारी समीक्षालयतिर हुने कार्यक्रम भएको हुँदा सवारी हेर्न रामकृष्ण र भीमनारायण दुवै समिक्षालयतिर लाग्नु अगाडि रामकृष्णकी आमा विरामी हुनु भएकोले दुवै औषधि किन्न एक औषधि पसलमा जानु भएको थियो। उहाँहरू अगाडि बढ्दा बढ्दै त्रिभुवन स्मारक अस्पतालको मूलद्वार अगाडि नै बिहान ९:४५ बजे बम विस्फोट भयो। सो विस्फोटनमा दुवै जना गम्भिर घाइते हुनुभयो भयो। अस्पतालमा उपचार गराउँदा गराउँदै रामकृष्णको मृत्यु भयो। उक्त विस्फोटनमा परी नगेन्द्रप्रसाद पराजुली नामका एक व्यक्तिको पनि घटनास्थलमै मृत्यु भएको थियो र पचासौं घाइते भएका थिए।

वम विस्फोटनपछि प्रहरीले ३८ जनाभन्दा बढी व्यक्तिहरूको बयान लिएको थियो। तर बयान दिनेहरू मध्ये अधिकांशले वम विस्फोटन गराउने व्यक्ति आफूहरूले नचिनेको बताएका थिए। प्रहरीले खासगरी बमको छिटाले घाइते भएका व्यक्तिहरूसित बयान लिएको थियो। त्यसरी बयान लिइएका घाइतेहरू मध्ये भीमनारायण श्रेष्ठ पनि एक हुनुहुन्थ्यो। उहाँले अस्पतालको शैयाबाट दिनुभएको शुरूको बयानमा पड्केको आवाज मात्र सुनेको तर चीज कहाँबाट आई पड्केको त्यो आफूलाई थाहा नभएको बताउनु भएको थियो।

वम काण्ड भएको ३ दिनपछि भीमनारायणलाई अस्पतालको शैय्याबाटै प्रहरीले गिरफ्तार गऱ्यो। त्यतिखेर कोशी अंचलमा दूर्लभकुमार थापा डी. आई. जी. पदमा कार्यरत हुनुहुन्थ्यो। घटनाको मुख्य अभियुक्त बनाउन प्रहरीले विस्फोटनका घाइतेहरू मध्ये ग्रिनेडको टुक्राले लागेर घाइते भएका एक बालकको भाँचिएर प्लास्टर गरिएको हात हल्लाइदिएर यातना दिंदै जबरजस्ती भीमनारायण श्रेष्ठकै गोजीबाट कालो डल्लो आफूले खसेको देखेको भन्ने बयान दिन लगाएका थिए।

यातना र षडयन्त्रको शिकार

प्रहरीद्वारा गिरफ्तार हुनु भएका भीमनारायण श्रेष्ठलाई फसाउने उद्देश्यले विस्फोटनमा परी मृत्यु हुने नगेन्द्रबहादुर पराजुलीका दाजु टंकबहादुर पराजुलीलाई घटना घटेकै दिन अपराधीको खोज तलास गर्न भनी जाहेरी दरखास्त दिन लगाइयो भने प्रहरी निरीक्षक मोहनबहादुर पाण्डेद्वारा प्रहरीका तर्फबाट प्रतिवेदन जाहेर गरियो।

यज्ञबहादुर थापाको बयान

पूर्व ३ नं. ओखलढुंगा अड्डा

भीमनारायणले रामकृष्णलाई बम हस्तान्तरण गर्नुभएको घर

अडा क्याप्चर गर्न भनी आएकोमा पौष ३ गते पक्राउ भएको छु। भीमनारायण र रामकृष्णलाई तोकिएको समयमा धनकुटामा चिनेको हुँ। भीमनारायणसंग फारवेशगञ्जमा पनि भेटघाट भएको होइन। मैले निजलाई गिरिजाप्रसादसंग भेट गराई दिएको र ३६ नं ग्रिनेट दिलाई प्रयोग गर्ने तरिका समेत सिकाई दिएको होइन। निजको बयान कागज झुटा हो। किन झुटा पोल गरे निजै जानून्। श्री ५ महाराजधिराज सरकारको विराटनगर सवारीको समयमा वम प्रहार गर्ने योजना भए गरेको समेत मलाई थाहा छैन। पछि म पटना भारत जाँदा त्यहाँ फरार रहेका उमेश गिरीको योजना अनुसार नाउँ थाहा नभएको खनाल केटा "विजय गच्छेदारसमेत मै ०३० चैत ३ गते विराटनगरमा वम हानेको कुरा उमेश गिरीले भन्दा थाहा पाएको हुँ। भीमनारायण किन आफू सावित भए जान्दिन" भन्ने समेत कप्तान यज्ञबहादुर थापाको ०३१ पुस १७ गतेको बयान।

(स्रोत : सर्वोच्चको फैसलाको प्रतिलिपि। यस बयानपछि थापाले विशेष अदालत वाग्मति अंचल डिल्ली बजारको ०३२ कार्तिक ३० गते आइतबारको जाहेरी फैसलाबाट सफाई पाउनु भएको थियो।)

त्यसपछि सख्त घाइते भीमनारायणलाई दिउँसो अस्पताल र राती राती स्ट्रेचरमा बोकी डि. आई. जी. कार्यालयमा बयान गर्न लगिन थालियो। ग्रिनेडको छिटाले लागेर च्यातिएको र अस्पतालमा सिलाइएको पेटमा लठ्ठीले घोचेर उहाँलाई डी. आई. जी. कार्यालयमा वम काण्डसित आफू संलग्न रहेको भनी साविती बयान गर्न लगाइयो। उहाँलाई जबरजस्ती सही गर्न लगाइएको त्यही पत्र नै उहाँको लागि मृत्युपत्र हुन पुग्यो। त्यही बयान कै आधारमा घटनाको जाँचबुझ गर्न बनेको विशेष अदालत, पूर्वाञ्चल क्षेत्रीय अदालत र माननीय न्यायाधीशद्वय वासुदेव शर्मा र झपटसिंह रावलको संयुक्त इजलाशमा सर्वोच्च अदालतको डिभिजन बेञ्चले उहाँलाई घटनाको मुख्य अभियुक्त बनाई मृत्यूदण्ड दिनपर्ने फैसला सुनाएको थियो।

त्यतिखेर अञ्चलाधीश कार्यालयमा तयार पारिएको साविती बयानमा उहाँलाई सही गर्न लगाउनेमा जिम्मेवार पक्ष तत्कालीन निरंकुश व्यवस्था त छँदैथियो। पारिवारिक सूत्रका अनुसार त्यस काममा कोशी अंचलका तत्कालीन डि. आई. जी. दूर्लभकुमार थापा निकै सक्रिय हुनुहुन्थ्यो।

उक्त वम काण्डको छानवीन गर्ने क्रममा भीमनारायणलाई ३ महिनाजति जोगवनीस्थित सशस्त्र प्रहरी गणमा राखिएको थियो। उहाँको परिवारले ३ महिनासम्म उहाँलाई कहाँ लगिएको छ भन्ने जानकारी पाउन सकेन। "निक्कैपछि एक प्रहरी घरमा बुझ्न आएका थिए, उसैले भन्दा मात्र थाहा पाइयो" शहीद भीमनारायणका पिता सूर्यनारायण भन्नुहुन्छ।

अदालतमा न्याय माग्दै भीमनारायण

भीमनारायणलाई तत्कालीन कोशी अंचलाधीश "लवराजा" भनिने वीरेन्द्रबहादुर शाहको नेतृत्व र तत्कालीन प्रहरी प्रशासनको विशेष सक्रियतामा यातना दिंदै जबरजस्ती साविती बयानको कागजमा सही गराइएपछि त्यो कागज नै उहाँको लागि मृत्युपत्र सावित भयो भन्ने ठहर पारिवारिक सूत्रको छ। उक्त साविती बयानमा उहाँलाई ०३१ साल वैशाख ९ गते सोमबार सही गराइएको थियो। र सोही साविती बयान र प्रहरी प्रतिवेदनको आधारमा घटनाको सम्बन्धमा बनेको एक सदस्यीय विशेष अदालत (मुकाम वागमति अंचल) ले



०३१ साल मंसिर ११ गते शुक्रबार जाहेरी फैसला गऱ्यो। सो अदालतले उहाँलाई मृत्यूदण्ड दिने फैसला गरेको थियो।

तर उक्त फैसला उपर चित्त नबुझेपछि उहाँले पूर्वाञ्चल क्षेत्रीय अदालत धनकुटामा पुनरावेदन गर्नुभयो। क्षेत्रीय अदालतले पनि ०३३ साल जेठ १४ गते विहीबार उहाँलाई मृत्युदण्डको फैसला सुनाएपछि भीमनारायण सर्वोच्च अदालतको शरणमा न्याय माग्न पुग्नु भयो। तर सर्वोच्च अदालतले पनि उहाँलाई "राजकाज (अपराध र सजाय) ऐन ०१९ को दफा २ बमोजिम मृत्युदण्ड दिने गरेको क्षेत्रीय अदालतको इन्साफ सजाय मुनासिव छ" भन्ने फैसला ०३३ साल फागुन ६ गते विहीवार गऱ्यो।

प्रतिवादीका तर्फबाट वरिष्ठ अधिवक्ताहरू कुसुम श्रेष्ठ, कृष्णप्रसाद भण्डारी र सूर्यप्रसाद शर्माले अन्तिम समयसम्म पनि उहाँको जीवन रक्षाका निम्ति अदालतमा बहस गर्नु भएको थियो। तर सर्वोच्चको फैसलापछि न्यायका लागि घच्घच्याउने सबै ढोकाहरू भीमनारायणका लागि बन्द भएका थिए।

मार्ने तयारी

सर्वोच्च अदालतले भीमनारायणलाई मृत्यूदण्ड दिने फैसला गरेपछि पनि उहाँलाई कहिले नख्खु र कहिले सेन्ट्रल जेलमा गरी करीब साढे २३ महिना जति कडा सुरक्षाबीच जेलमा राखियो। त्यतिखेर उहाँसँगै शहादात प्राप्त गर्नुहुने कप्तान यज्ञबहादुर थापा पनि हुनुहुन्थ्यो भने झापा विद्रोहका कम्युनिष्ट नेताहरू के.पी. ओली, राधाकृष्ण मैनाली र मोहनचन्द्र अधिकारी पनि अन्तिम समयसम्म जेलमा संगै हुनुहुन्थ्यो।

भीमनारायणसंगै जेलमा रहनु भएका जेल जीवनका सहयात्री राधाकृष्ण मैनालीले आफ्नो जेल संस्मरण- "लुटिएका दुई थुंगा फूल" मा उल्लेख गर्नु भए अनुसार ०३५ साल माघ २४ गते बिहान ४ नबज्दै प्रहरी आएर सेन्ट्रल जेलको गोलघरबाट उहाँका सामानहरू सहित कप्टान यज्ञबहादुर थापा सहित छुट्टाछुट्टै प्रहरी भ्यानमा कोचेर लगेका थिए। त्यतिखेरै उहाँहरूलाई आफ्नो जीवन यति नै रहेछ भन्ने लागेको थियो।

प्रहरीहरू आएर श्रेष्ठ र थापालाई बाहिर लैजानुअघि आफ्नो जेलयात्राका सहयात्रीहरू ओली, मैनाली र अधिकारीसित भेटी भीमनारायणले अलिकति गम्भीर हाँसोका साथ भन्नु भएको थियो- "जीवन रहे भेट हुन्छ । मिलेर संघर्ष गरिन्छ । नरहे हाम्रो भेट यति हो । बाँचेकाले क्रान्ति गर्नु, मेरो खबर यही सुनाइ दिनू ।"

पारिवारिक सूत्रका अनुसार त्यसपछि उहाँहरूलाई सैनिक कार्यालयतिर ल्याइयो। र दुवैलाई सम्मानसहित छुट्टाछुट्टै कोठामा राखी राजाको दर्शनभेट गर्न लैजाने कुरा सादा पोशाकमा आएका सैनिक अधिकृतहरूले गरेका थिए र इच्छा अनुसारको चुरोट र मासुभात खुवाएर यो पनि सोधिएको थियो, "तपाईहरू राजासित दर्शन भेट भए के के बिन्ति चढाउनुहुन्छ?" त्यसबेला पनि भीमनारायणले आफू पूरै निर्दोष भएको बताउनु भएको थियो।

त्यसबेला श्री ५ को पोखरा सवारी भएकोले त्यता लैजाने कुरा गरिए पनि त्यसो गरिएन। उहाँहरूको भ्यानलाई सिधै पूर्वतिर लगियो। सैनिक कार्यालयमा गरिएका सबै कुरा नाटक मात्रै थिए।

यता उहाँलाई गोलीले दागेर मार्नुअघि कोशी अंचल अंचलाधीश कार्यालयबाट जिल्ला प्रशासन कार्यालय, धनकुटा मार्फत भीमनारायणको परिवारलाई खबर गरी परिवारका कोही एक जनालाई बिराटनगर आउन बोलाइयो। तर भीमनारायणका पिता सूर्यनारायण छिन्ताङतिर जानु भएको र छोराहरू पनि साना साना भएकोले उहाँका भाइ वीरेन्द्रनारायण विराटनगरतर्फ जानु भयो। "त्यतिखेर धनकुटामा पंचहरूका तर्फबाट

बुबालाई अब सरकारले छाड्छ भन्ने हल्ला व्यापक चलाइएको थियो" भीमनारायणका जेठा छोरा मनोजनारायण बताउनुहुन्छ।

यसरी अंचलाधीश कार्यालयबाट बोलाइएपछि वीरेन्द्रनारायण माघ २५ गते अंचलाधीश कार्यालय पुग्नुभयो। उहाँलाई त्यस दिन बिहानै अंचलाधीशको निवासमा बोलाइएको थियो। त्यहाँ पुगेर आफूलाई बोलाउनका कारणबारे खोजी गर्दा दाहाल शाखा अधिकृत कृष्णप्रसाद दाहालले "आज तपाईंको दाईलाई यहाँ ल्याइदैछ, उहाँलाई तपाईले बुझेर लानुपर्छ" भन्दै अल्मल्याएर राखे। "प्लेनमा आउँछ, बसमा आउँछ भन्दै अल्मल्याएर राखिसकेपछि मलाई भोली १० बजे बिहान आउन भनियो" वीरेन्द्रनारायण बताउनुहुन्छ।

अंचलाधीश कार्यालयले बोलाए अनुसार आफ्ना दाजुसित भेट गर्ने आशा बोकेर भोलिपल्ट ठीक १० बजे नै वीरेन्द्रनारायण अंचलाधीश कार्यालय पुग्नुभयो। त्यसदिन पनि उहाँलाई अल्मल्याएर राखिएपछि दिउँसो ४ बजेतिर कार्यालयका तर्फबाट उहाँलाई भनियो- "तपाईंको दाई यहाँ नआउने हुनुभयो, कोशी व्यारेजमा आउने भयो, तपाई पनि जानुपर्छ।"

"त्यसपछि त्यहाँ अनौठो किसिमको वातावरण सिर्जना हुन थाल्यो" वीरेन्द्रनारायण भन्नुहुन्छ। उहाँका अनुसार त्यहाँ गाडी खोज्ने काम तदरूकताका साथ शुरू भयो। कार्यालयभित्र अरू कसैलाई पनि छिर्न दिइन छाडियो।

यसरी अनिष्टको कालो छायाँ आफू वरिपरि ओहर दोहर गर्न थालेपछि वीरेन्द्रनारायण निक्कै भयभित हुनुभयो। "जाडो छ म सुइटर लगाएर आउँछु" भनी उहाँ त्यहाँबाट भाग्नुभयो। त्यहाँबाट हिडिसकेपछि विराटनगरमै रहनु भएका उहाँका नातामा दाई पर्नु हुने ईश्वरबहादुर श्रेष्ठलाई भेटेर उहाँले अंचलाधीश कार्यालयभित्रको वातावरणबारे जानकारी दिनुभयो। त्यसपछि ईश्वरबहादुरले "तिमी लुगा फेरेर आऊ म दाहालजी (शाखा अधिकृत) लाई भेटेर सोध्छु भन्नुभयो। उहाँ अंचलाधीश कार्यालय पुग्दा ईश्वरलाई कार्यालयका तर्फबाट जनसम्पर्क अधिकारीले भनेको वाक्यांश यस्तो थियो- "म तपाईंको भाइलाई चाहिं जस्तो लिएर गएको छु, त्यस्तै फर्काइदिन्छु।"

मारिएको जानकारी

अंचलाधीश कार्यालयको वातावरणबाट भयभित भएर वीरेन्द्रनारायणले सरकारी कर्मचारीहरूलाई छिटो जाउँ भन्न थाल्नुभयो। "साँझ ५ बजेसम्म अल्मल्याएर राखिसकेपछि मलाई झन डर लाग्यो" उहाँ भन्नुहुन्छ।

साँझको ५ बजेपछि मात्र गाडी कोशी व्यारेजतर्फ लाग्यो। बाटामा पेट्रोल भर्ने क्रममा उहाँले एकजना प्रभु नामका साथीलाई भेट्दा दिउँसोको सम्पूर्ण वातावरण र घटनाबारे जानकारी दिंदै भन्नुभयो- "यिनीहरूले मलाई लाँदैछन्, म फर्किन्छु कि फर्किन्न मलाई थाहा छैन। केही गरेर भोली म फर्किन भने तपाईंहरूले मलाई खोज्नु होला है।"

त्यसपछि उहाँहरू चढ्नुभएको गाडी (रसियन जीप) सुनसरी जिल्लाको सदरमुकाम इनरूवा पुगेपछि त्यहाँका तत्कालीन प्रमुख जिल्ला अधिकारी भगवान सिंहसित भेट हुँदा उहाँहरूले नास्ता पनि खाइसक्नु भएको थियो। प्र.जि.अ. सिंह त्यहाँबाट हिडेको केही समयपछि त्यहाँबाट गाडी कोशी व्यारेजतर्फ बढ्दा साँझको ७ बजिसकेको थियो।

"गाडी कोशी व्यारेजमा पुग्दा तपाईको दाईलाई यहीं ल्याउँछन्। बरू एकछिन तास खेलेर बसौं भनेपछि तास खेल्न थालियो" घटनाको विवरण सुनाउँदै वीरेन्द्रनारायण भन्नुहुन्छ।

राती साढे ९ बजेतिर एक व्यक्ति आएर प्र.जि.अ. भगवानसिंहलाई लिएर त्यहाँबाट हिंड्यो। सिंह त्यहाँबाट बाटो लागिसकेपछि खाना खादै गर्दा एक सरकारी अधिकृतले वीरेन्द्रनारायणलाई भने- "कुरा सुन्नुभएको छ होला नि !" के कुरा भनी सोध्दा ती अधिकृतले भने- "भुट्टोलाई के भयो थाहा छ?" त्यसको जवाफ दिंदै उहाँले भन्नुभयो- "भुट्टोको कुरा पनि मलाई थाहा छ, अनि इरानको शाहको कुरा पनि मलाई थाहा छ।" स्मरणीय छ, इरानका शाह देश छाडी भागेका थिए त्यतिखेर।

"यो वार्तालापपछि मलाई ठूलो शंका भयो र मैले त्यहाँबाट भाग्ने निर्णय गरें" उहाँ भन्नुहुन्छ। तर उहाँ पान किन्ने निहुँले कोशी व्यारेजदेखि सय पाइला जति दक्षिण हिडिसकेपछि अर्काको देशमा मर्नुभन्दा आफ्नै देशमा मर्नु वेश भनी फर्कनुभयो। त्यहाँ निक्कैबेर बसिसकेपछि एकजना सरकारी व्यक्तिले इशारालै संकेत गऱ्यो। एक अधिकारीले भन्यो- "तपाईंको दाईलाई टप्पु लगिसकिएछ, अब उतै जानुपर्छ।" तर उहाँले मान्नुभएन र आफू टप्पु नजाने बताएपछि सरकारी अधिकृतहरूले भने- "कमसेकम आफ्नो दाजुलाई त भेट्नोस्।"

निक्कै वेरको विवादपछि उहाँ त्यहाँबाट टप्पु जाने हुनुभयो। त्यस बीचमा "दाजुलाई नभेटेको कति भयो? तपाईं आज दाजुलाई टप्पुमा भेट्नुहुन्छ तर उहाँसँगै कुरा चाहिं गर्न सक्नुहुन्न" भनी सरकारी अधिकृतहरूले भनिसक्दा उहाँको मनमा चिसो पसिसकेको थियो। त्यतिखेरै ती अधिकृतहरूले सोधे- "तपाईको दाजुले के पाए थाहा छ?" उहाँले भन्नुभयो- "मृत्युदण्ड पाएको छ।" त्यतिखेरसम्ममा उनीहरूले भीमनारायण श्रेष्ठलाई मृत्यूदण्ड दिइसकिएको सुनाए।

लाशबारे विवाद

"दाजुलाई मृत्यूदण्ड भइसकेको हो भने मलाई लाश जिम्मा दिनुस्। मैले उनीहरूसित भनें" वीरेन्द्रनारायण बताउनुहुन्छ। तर सरकारी पक्षले लाश जिम्मा दिन नमिल्ने बताए। वीरेन्द्रनारायण लाश आफूलाई जिम्मा दिनै पर्ने यो कुरामा अडिग रहनुभयो। त्यतिखेर दाजुको लाश आफूले पाउनैपर्ने जिकिर गर्दै उहाँले भन्नुभएको थियो- "मेरो दाजुले

राजकाज (अपराध र सजाय) ऐन ०१९ दफा २ राजपरिवार उपर आक्रमण

श्री ५ महाराजाधिराज वा मौसुफका पटबन्धा महारानी वा राजपरिवारका अन्य सदस्यलाई जो सुकैले जोरजुलुम गरेमा वा वल प्रयोग गरी त्रास देखाएमा वा सो कुराहरु गर्ने उद्योग गरेमा मृत्युदण्ड, जन्मकैद वा दश वर्षसम्म कैद हुनेछ ।

राजगद्दी उत्तराधिकार सम्बन्धी ऐन, ०१९ दफा १६ सजाय

श्री ५ महाराजाधिराज मौसुफका गाथगद्दी ताक्ने र अरु षडयन्त्र गर्ने गराउने र चेष्टा गर्ने राजपरिवारका भए श्री ५ महाराजाधिराजबाट हुकुम बक्से बमोजिम दण्ड सजाय गर्ने गराउने र अरु जुनसुकै जातको भए पनि त्यस्तो व्यक्तिलाई मृत्युदण्ड दिइनेछ ।

मृत्यूदण्ड मात्रै पाएको हो। तर लाशै गायव गर्ने गरी सजाय त पाएको होइन नि !"

यो विवाद हुँदाहुँदै गाडी वधस्थलमा पुग्यो। र सरकारी पक्षले उहाँलाई लाश बुझ्नभन्दा "यदि आफूलाई लाश जिम्मा नदिने हो भने लाश नबुझ्ने" जिकिर गर्दै गाडीमै बस्नु भयो। उहाँ गाडीबाट उठ्दै नउठेपछि संगीनधारी बन्दुक बोकेका प्रहरीहरूले उहाँलाई घेरेर लाश बुझ्न बाध्य बनाए। यतिखेरसम्ममा राती १ बजेको थियो भने प्रहरी अधिकृत भीष्मजंग थापाको नेतृत्वमा थिए।

उहाँलाई भीमनारायणको लाश बुझाउँदा लाशलाई सेतो कपडाले ढाकेर चितामा राखिएको थियो। उहाँले लाश बुझिसकेपछि लाश नजिकै पुग्दा एक प्रहरीले मुखको कपडा उठाए। लाश हेरिसकेपछि उहाँले दाजुको अनुहार अन्तिम पटक छाम्नुभयो। "त्यतिखेर लाश आलै थियो। र मध्यरातमा गोली हानी मारिएको हुनुपर्छ" वीरेन्द्रनारायण अनुमान गर्नुहुन्छ।

सरकारी पक्षले दाजुको लाशलाई दागवत्ति दिन भन्दा उहाँले आफ्ना बाबुआमा जिवितै रहेका कारण संस्कार अनुसार दागवत्ति दिन नसक्ने बताउनु भयो। "बरू उहाँका छोराहरू छन्, श्रीमति हुनुहुन्छ, उनीहरूले नै दागवत्ति दिन्छन्, लाश मलाई जिम्मा दिनुस् भन्दा लाश दिनै मानेनन्" उहाँ भन्नुहुन्छ। फेरि लाश बारे लामो विवाद चल्दा उहाँको केही सीप लागेन र एक ब्राम्हण जातका प्रहरीले शहीद भीमनारायण श्रेष्ठको चितामा दागवत्ति दिए र उहाँलाई बिहान इनरूवा लगियो र सामान बुझ्न भनियो। तर सामान बुझ्दा भीमनारायणले जेलमा लेख्नु भएका कविताहरू लगायत उहाँको हस्तलिखित सामाग्रीहरू केही पनि फिर्ता दिइएन। भीमनारायणले उधारो खानु भएको ३ सय ६२ रूपैया बाँकी छ भनी सरकारी अधिकृतहरूले भन्दा त्यो रकम उहाँले प्रहरी अधिकृत भीष्मजंग थापालाई दिनु भयो।

बधस्थलमा को को थिए ?

पंचायती निरंकुशतन्त्रद्वारा षडयन्त्रमूलक ढंगले मृत्यूदण्ड पाउनु भएका शहीद भीमनारायण श्रेष्ठको बधस्थलमा शहीदका भाई वीरेन्द्रनारायण बाहेक सुनसरिका प्र.जि.अ. भगवान सिंह, विराटनगरबाट आएका अंचलाधीश कार्यालयका शाखा अधिकृत कृष्णप्रसाद दाहाल, लिला नामका जनसम्पर्क

पहिले नै तयार गरिएको फैसला ?

सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश वासुदेव शर्माले जीवनमा हजारौं मुद्दामा फैसला गर्नुभयो। ती सबै मुद्दाहरूको सम्झना उहाँमा छैन। तर ती मध्ये तीन वटा मुद्दा उहाँको मानसपटलमा अझै ताजा छ। ती मुद्दाहरू हुन् शहीदहरू दुर्गानन्द झा, यज्ञबहादुर थापा र भीमनारायण श्रेष्ठलाई मृत्युदण्ड दिइएको फैसला। शर्मा भन्नुहुन्छ- "ती तीन जनालाई मृत्युदण्ड दिइएको फैसला म कहिल्यै बिर्सन सक्दिन।"

उहाँ त्यतिखेरको कानून कडा भएको र दुर्गानन्द झाले राजा महेन्द्रमाथि, भीमनारायण श्रेष्ठले श्री ५ वीरेन्द्रमाथि गाथगद्दी ताकेको तथा यज्ञबहादुर थापाले समानान्तर सरकार गठन गर्न खोजेको कारण मृत्युदण्ड दिइएको बताउनुहुन्छ। "हजारौं फैसलामध्ये मृत्युदण्ड दिइएको फैसला स्मरणीय त हुने नै भयो" शर्मा बताउनुहुन्छ।

त्यसबेला भीमनारायण श्रेष्ठको जीवन रक्षाको निम्ति अदालतमा बहस पैरवी गर्नुहुने वरिष्ठ अधिवक्ता कुसुम श्रेष्ठ वादी पक्षबाट जति प्रमाणहरू उल्लेख भएका थिए, ती प्रमाणहरू शंकास्पद भएको बताउनुहुन्छ। "एक किसिमले शंकै शंकाको आधारमा विशेष अदालतले निर्णय गरेको थियो र त्यतिखेर न्यायाधीशहरू मुद्दामा न्याय गर्नुभन्दा बढी महाराजाधिराजको जीवनमाथि अतिक्रमण गर्न खोजियो भन्ने कुराले बढी प्रभावित थिए" वरिष्ठ अधिवक्ता श्रेष्ठले बताउनु भयो।

तर सर्वोच्च अदालतका तत्कालीन माननीय न्यायाधीश वासुदेव शर्मा आफू आफ्नो पेशामा इमान्दार र प्रतिबद्ध भएका कारण कानूनमा जे व्यवस्था छ त्यसै अनुसारको फैसला गरेको बताउनु हुन्छ।

वरिष्ठ अधिवक्ता श्रेष्ठका अनुसार भीमनारायण श्रेष्ठको मुद्दामा बहस गर्दा तत्कालीन क्षेत्रीय अदालत धनकुटाका सरकारी वकिलहरूलाई झिकाउने काम अदालतको तर्फबाट भएन। एकतर्फी बहसका आधारमा फैसला गरियो। "त्यस मुद्दामा सरकारी वकिल झिकाउने सारा प्रयत्न भए र न्यायाधीशले सरकारी वकिल झिकाउने बारे भोलिपल्ट निर्णय गरौंला भनेपछि हामी ढुक्क भएका थियौं।" वरिष्ठ अधिवक्ता श्रेष्ठ बताउनुहुन्छ। तर भोलिपल्ट पुनः सरकारी वकिलहरूका साथ वहस गर्न उहाँ र अधिवक्ता सूर्य कँडेल अदालत पुग्नु हुँदा न्यायाधीशहरू अक्क न वक्क भएर बसिरहेका थिए। उहाँ भन्नुहुन्छ- "भीमनारायणलाई विशेष अदालतले पनि संत्रस्त्र वातावरणमा बयान लिई मृत्युदण्डको फैसला गरेको थियो भने क्षेत्रीय अदालतले पनि सरकारी वकिल नझिकाईकन एकतर्फी निर्णय गऱ्यो।"

वरिष्ठ अधिवक्ता श्रेष्ठका अनुसार भीमनारायणको जीवनहरण गर्नैपर्ने अवस्था त्यसबेला अदालतलाई थिएन। उहाँका अनुसार जुन बखतमा मृत्युदण्ड दिने जुन कानूनी व्यवस्था थियो, त्यसमा सर्वश्व सहित जन्म कैद तथा दश वर्षको कैदको पनि व्यवस्था थियो। "जब सबुत प्रमाणहरू यथेष्ट छैनन्, जब वैकल्पिक सजायहरूको व्यवस्था छ भने न्यायालयले मानिसको जीवन अन्त्य गर्नु हुँदैन भन्ने हामीले वहसमा उठायौं।" उहाँ भन्नुहुन्छ- "तर कुरा मुद्दा भन्दा पनि व्यक्तिमा प्रवेश गऱ्यो।"

यता तत्कालीन सर्वोच्च अदालतका माननीय न्यायाधीश वासुदेव शर्माको भनाइ अर्कै छ। उहाँका अनुसार विभिन्न मिसिल र प्रमाणहरूबाट समर्थित भएपछि मात्र भीमनारायणलाई मृत्युदण्ड दिइनु पर्ने फैसला सुनाइएको थियो। तत्कालीन माननीय न्यायाधीश शर्मा भन्नुहुन्छ- "राजामाथि आक्रमण गरेको हो उसले। उसको भनाइ पनि छ कि विशेष गरी नेपाली कांग्रेसको नेताहरूले नै अह्राएको कुरा उसले बताएको छ।"

स्मरणीय छ, तत्कालीन माननीय न्यायाधीश शर्मा नेपाली कांग्रेसका नेता विश्वेश्वरप्रसाद कोइरालाका साँढु भाई हुनुहुन्छ। उहाँले वी.पी. का कार्यकर्ताहरूलाई मृत्युदण्डको फैसला सुनाउँदा पनि वी. पी. सित उहाँको पारिवारिक सम्बन्धमा कुनै प्रकारको बाधा नपरेको उहाँ बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ- "वी. पी. ले मेरो पेशागत कुरामा कहिल्यै हस्तक्षेप गर्नुभएन, उहाँ विशाल हृदयको मानव हुनुहुन्थ्यो।"

शहीद भीमनारायण श्रेष्ठलाई मृत्युदण्ड दिइँदा त्यसबेला राष्ट्रिय मेलमिलापको नारा दिएर वी. पी. नेपाल फर्कनु भएको थियो भने नेपाली कांग्रेसका शिर्षस्थ नेताहरू पनि धमाधम माफीमा पर्दै हुनुहुन्थ्यो। त्यसबेलाको राजनीतिक वातावरण खुकुलो भइरहेको बेला राजाबाट उहाँलाई माफी पनि हुन सक्थ्यो। वरिष्ठ अधिवक्ता कुसुम श्रेष्ठ भन्नुहुन्छ- "त्यो कुन वाध्यता पऱ्यो कि उहाँहरूलाई मार्ने पर्ने अवस्था आयो?" यस्ता विषयको सत्य तथ्यको खोजी गरिनु पर्ने उहाँ बताउनुहुन्छ।

तर नेपाली कांग्रेसका पुराना कार्यकर्ता माथवरसिंह बस्नेत भने राष्ट्रिय मेलमिलाप तत्कालीन एउटा रणनीति मात्र भएकोले नेपाली कांग्रेसले आफ्नो नीति अनुसार काम गरेको र पंचायतले पनि आफ्नो नीति अनुसार त्यतिखेर काम गरेको बताउनुहुन्छ।

"उहाँहरूले नेपाली कांग्रेसको झण्डामुनि नेपालमा प्रजातन्त्र पुनर्स्थापनाका लागि नेपाली कांग्रेसकै आह्वानमा सशस्त्र संघर्ष गर्नुभयो। त्यही काम गरेबापत तत्कालीन व्यवस्थाले त्यो सजाय गर्नु स्वभाविक थियो। उसले सजाय गऱ्यो त्यही सत्य हो, त्यही तथ्य हो भने अर्को सत्य तथ्य के पत्ता लाउनु?" बस्नेतले बताउनु भयो। स्मरणीय छ, त्यतिखेर बस्नेत जन्मकैद पाएर नख्खु जेलमा हुनुहुन्थ्यो र एम. ए. को परीक्षा दिन जाँदा बस्नेत र श्रेष्ठको भेट सेन्ट्रल जेलमा भएको थियो। श्रेष्ठले आफूलाई मारिनु भन्दा ठीक १८ दिन अगाडि कांग्रेसका नेताहरूका लागि एउटा चिठ्ठी पनि लेख्नु भएको थियो। उक्त चिठी नेताहरूको हातमा पुग्नु अघि नै उहाँलाई मृत्युदण्ड दिइयो।

अधिकारी, काठमाडौंबाट आएका प्रहरी अधिकृत भीष्मजंग थापा लगायत केही संख्यामा प्रहरीहरू थिए।

त्यतिखेर पानी परिरहेकोले असाध्यै जाडो भएको वीरेन्द्रनारायण बताउनुहुन्छ। बध स्थलमा ३/४ वटा पेट्रोमेक्सको व्यवस्था गरिएको थियो।

शहीदको छातीमा गोली हान्ने व्यक्ति

सर्वोच्च अदालतले भीमनारायण श्रेष्ठलाई मृत्यूदण्डको फैसला गरेको थियो। उक्त फैसला एक सदस्यीय विशेष अदालत, पूर्वाञ्चल क्षेत्रीय अदालत हुँदै सर्वोच्चले समेत पुरानै फैसलालाई निरन्तरता दिएको थियो र ती अदालतहरूले अञ्चलाधीस कार्यालय र डी. आई. जी. कार्यालयको साविती बयान र प्रहरी प्रतिवेदनको आधारमा त्यसैलाई मुख्य प्रमाण बनाई फैसला गरेको देखिन्छ।

भीमनारायण वम काण्डमा संलग्नता रहेको थियो भनी सम्पूर्ण कागजात तयार गर्ने प्रशासन एवं प्रहरी अधिकृतका रूपमा चर्चित तत्कालीन अंचलाधीश वीरेन्द्रबहादुर शाह र डी. आई. जी. दूर्लभकुमार थापा यतिखेर त्यस सम्बन्धमा केही बताउन चाहनुहुन्न। समयान्तरमा प्रहरी महानिरीक्षकको पदमा पुग्नु भएका थापा र तत्कालीन अञ्चलाधीश शाहसंग पटक-पटक टेलिफोन सम्पर्क हुँदा पनि सम्बन्धित विषयमा कुराकानी गर्न उहाँहरूले इन्कार गर्नुभयो। लगनखेल, ललितपुर र बागबजार काठमाडौंमा अवकाशको जीवन बिताइरहनु भएका थापा र शाहले किन कुराकानी समेत गर्न चाहनु भएन? अर्थपूर्ण प्रश्न प्रश्न खडा हुन पुगेको छ।

वम काण्डताका प्रकाशित नयाँ सन्देश दैनिकमा तत्कालीन विराटनगरका प्रधानपंच लिलामान सिंहले विस्फोटनबारे वास्तविक कुरा पत्ता लगाउन पंचहरू सक्रिय भएको कुरा बताउनु भएको समाचार "वम काण्डका अपराधी पनि वेपत्ता" शीर्षकमा प्रकाशित भएको थियो। यस सम्बन्धमा उहाँसित जिज्ञासा राख्दा उहाँले भन्नुभयो- "त्यसबेला सबै काम प्रशासनको तहबाट भएको थियो। हामी खास सक्रिय हुन जरूरी थिएन।"

कोशी नदीको किनारमा मधुवनी र राजावासदेखि दक्षिणको टप्पुमा भीमनारायणलाई गोली हानी हत्या गर्दा प्रशासनका तर्फबाट सुनसरीका प्र.जि.अ.



भगवान सिंह नै सबैभन्दा ठूलो पदका जिम्मेवार व्यक्तिको रूपमा सक्रिय हुनुहुन्थ्यो भने त्यसबेला कोशी अंचलमा अंचलाधीश सुरेन्द्रबहादुर श्रेष्ठ र डी. आई. जी. मोहनबहादुर कार्की कार्यरत हुनुहुन्थ्यो।

आफ्नो दाजुलाई गोली हान्ने व्यक्ति को हो ? भनी शहीदका भाई वीरेन्द्रनारायणले पुरानो चिनजानको व्यक्ति भएका हुँदा बेला बेलामा भेट हुँदा प्रहरी अधिकृत भीष्मजंग थापालाई सोध्दा थापाले बताउन नमानेको उहाँ बताउनुहुन्छ।

तर घटनाको दुई वर्षपछि अर्थात् ०३७ साल फागुनको कुनै एक दिन वीरेन्द्रनारायण काठमाडौं पुग्नुहुँदा आफ्ना एक साथी मार्फत् उहाँले खबर पाउनुहुन्छ- उहाँलाई भारतीय राजदुतावास भेट्न चाहन्छ। उक्त खबरपछि उहाँ राजदुतावास पुग्नुहुँदा तत्कालीन प्रथम सचिवले उहाँलाई दाजुको हत्याबारे धेरै कुरा सोधिसकेपछि यो पनि सोधे- "त्यसबेला गोली हान्ने व्यक्ति को हो, तपाईलाई थाहा छ ?" उहाँले आफूलाई थाहा नभएको बताउनुभएपछि प्रथम सचिवले उहाँको धेरै दिनको जिज्ञासा मेटाउँदै जवाफ दिएका थिए - "त्यो गोली चलाउने व्यक्ति प्रहरी हो, नाम चाहिं इन्द्रबहादुर थापा मगर।"

सत्यतथ्य गर्भमै सीमित

देशमा प्रजातन्त्र पुनर्स्थापनाको एक दशक बितिसक्दा पनि त्यही प्रजातन्त्रका लागि आफ्नो जीवनको आहुति दिनुहुने शहीद भीमनारायण श्रेष्ठको हत्याका सम्बन्धमा सरकारले सत्य तथ्य सार्वजनिक गर्न सकेको छैन। "अहिलेसम्म हामीले यस सम्बन्धमा पार्टीको तहबाट र सरकारका तर्फबाट कुनै प्रकारको जानकारी दिइएको छैन" शहीदका जेठा छोरा मनोजनारायण श्रेष्ठ बताउनुहुन्छ।

०३० चैत ३ गते शनिबार बिहान पौने दश बजे त्रिभुवन स्मारक अस्पतालको मूलद्वार अगाडि विस्फोट भएको सो वम काण्ड, भीमनारायण श्रेष्ठलाई लागेको अभियोग र उहाँले पाउनु भएको मृत्युदण्डका सम्बन्धमा उहाँका परिवारले पत्रपत्रिका पढेर र अरूले भनेको सूचनाको आधारमा थाहा पाउने गरेको थियो। त्यसबेला भीमनारायणका छोराछोरीहरू बाल्यावस्थामै थिए।

निष्कर्ष

भीमनारायण श्रेष्ठलाई उक्त वम राजालाई नै ताकेर हानेको अभियोग लगाइएको थियो। तर उक्त वम राजा भएतिर नभई कोशी अंचल अस्पतालमा पड्केको थियो। वम ने.वि. संघका सक्रिय कार्यकर्ता रामकृष्ण श्रेष्ठले बोक्नु भएको थियो भन्ने अनुमान मात्रै गर्न सकिन्छ। त्यसैले राजातिर उक्त वम नपड्केको र अन्यन्त्रै पड्केको घटनाले उहाँले गाथगद्दी नै ताकेर वम हानेको जुन अभियोग छ त्यो अभियोग नै गलत रहेको देखिन्छ।

यदि उक्त वम त्यसरी पड्काइए पनि सो वम नेपाली कांग्रेसले संचालन गरेको सशस्त्र आन्दोलनकै एउटा हिस्सा थियो। तर हतियार उठाउने काममा नेतृत्व प्रदान गर्ने वी. पी. कोइरालालाई भीमनारायण र यज्ञबहादुर थापा सेन्ट्रल जेलको गोलघरमा कैदी हुँदाको अवस्थामा कोइरालाले राष्ट्रिय मेलमिलापको नारा दिनुभएको हुनाले कांग्रेसका शिर्षस्थ नेताहरू गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई लगायतका नेताहरू कारावासबाट धमाधम छुट्दै हुनुहुन्थ्यो। नेतृत्व पंक्तिलाई राजाबाट धमाधम माफी दिने काम भइरहेको बेला श्रेष्ठ र थापालाई फाँसी दिने निष्कर्षमा तत्कालीन व्यवस्था पुगेको थियो। त्यसबेला पार्टीको नेतृत्व तहबाट श्रेष्ठ र थापाको जीवन रक्षाका बारेमा के कस्ता आन्तरिक र बाह्य प्रयासहरू भएका थिए? यसको जवाफ कांग्रेसले मात्र दिन सक्छ। तर त्यसबेला सशस्त्र आन्दोलनको आह्वान गर्ने नेतालाई माफी दिइएको थियो भने त्यही आह्वान अनुसार हतियार उठाउनेलाई चाहिं फाँसी !

शहीद रत्नकुमार वान्तवा

शहादत प्राप्त मिति र स्थान :: ०३५ साल चैत २७ गते, इभाङ इलाम

हत्याको योजना कार्यान्वयनमा संलग्न प्रहरी – प्रशासक :

अञ्चलाधीश	प्रजिअ	प्रहरी अधिकृत	अन्य
लिलाराज विष्ट	रामेश्वर शाह	गोली हान्ने प्रहरी विष्णु राई	सुराकी डिल्लीराम गुरुङ रणबहादुर राई मानप्रसाद राई

जस्लाई आफ्नो जन्म दिनकै दिन गोली ठोकेर मारियो



विष्णु निष्ठुरी

उहाँ दाहिने देब्रे दुवै हातले अलग अलग सन्दर्भ एकै पटक लेख्न सक्नुहुन्थ्यो, एउटा कानले रेडियो पनि सुन्नु हुन्थ्यो र अर्को कानले साथीहरूको कुरा पनि सुन्नु हुन्थ्यो र कुरामा आफ्नो तर्क राख्नुहुन्थ्यो, टोपीका बुनोट उहाँको उत्कृष्ट [illegible] थियो । बाँसमात्र होइन काठको सामाग्री बनाउन उहाँले कतै प्रशिक्षण लिनु परेन । प्रतिभाको अनौठो संगम थियो उहाँमा। उहाँ संगठनका रानु नै हुनुहुन्थ्यो। नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) का रत्न- अर्थात् शहीद रत्नकुमार वान्तवा ।

जीवनको बिहानी रत्नले चरम आर्थिक विपन्नतामा बिताउनु भयो। आफन्तहरूको सहयोगमा उहाँको प्रारम्भिक शिक्षा इलाम हाईस्कूलमा भएको थियो। ००८ साल चैत २७ गते इलाम जिल्लाको चमैता (चित्रे) मा गरीब किसान परिवारमा जन्मिनु भएका रत्न तत्कालीन राजनीतिक, सामाजिक परिवेशको कट्टर विरोधी हुनुहुन्थ्यो। रत्नको परिवारमा एघार जना दाजुभाई तथा दिदीबहिनीहरू थिए। उहाँ सन्तानमा चौथो र छोराहरूमा जेठो हुनुहुन्थ्यो। उनले ८ कक्षासम्म इलाममा पढेपछि ९ र १० पाँचथरको फिदिम हाइस्कूलमा पढ्नु भएको थियो। आई. ए. को पढाई धरान (वम वान्तवाको घर- नाताले सानुबा) को घरमा बसेर पढ्नु भयो। तर परीक्षा इलाम क्याम्पसबाट दिनुभयो। त्यसपछि वि. एड. काठमाडौंबाट गर्नुभयो। ०३१-३२ सालमा उहाँले इलाम क्याम्पसमा अध्यापन गर्दै एस एल सी का विद्यार्थीलाई ट्युसन पनि पढाउनु भयो। क्याम्पसमा ६ महिनाको अध्यापन पछि रत्नले पूर्णकालीन समय राजनीतिमै व्यतित गर्न थाल्नु भयो।

पेशेवर बाँसुरी बाधक जसरी मीठो वासुरी बजाउने रत्न आफ्नै कक्षाका साथीहरूलाई शिक्षकले झैं पढाउने भनेर मामा गणेश राई सम्झनुहुन्छ। इलाम नगरपालिका वडा नं. २ का अध्यक्ष रहेका राई रत्नको सहपाठी पनि हुनुहुन्छ। एस एल सी मा ऐन श्रेस्ता विषय पढेका रत्नले अरूलाई गणित पढाएको देख्दा शिक्षकहरू जिब्रो टोक्थे र शिक्षा विषय पढेका रत्नले क्याम्पसका सहपाठीलाई अंग्रेजी पढाएको देख्दा साथीहरू चकित परेको कुरा गणेश राईले बिर्सनु भएको छैन।

रत्नले जीवनका २७ वसन्त यस्तै

उकाली ओरालीमा तरंग ल्याएर बिताउनु भयो। उहाँ जीवनको उत्तरार्द्धमा गोर्कीको विख्यात उपन्यास "आमा" को नेपाली अनुवाद गरिरहनु भएको थियो। रत्न अंग्रेजी दस्तावेजहरूको अनुवाद गरेर साथीहरूलाई उपलब्ध पनि गराउनु हुन्थ्यो।

समाजको वर्गीय चरित्रबाट क्रुद्ध भएर राजनीतिमा प्रवेश गरेका रत्न पार्टीका सांगठनिक खुड्किलाहरू चढ्दा चढ्दै नेकपा (माले) को संस्थापक केन्द्रीय कमिटी सदस्य (०३२) हुनु भयो। उहाँ अखिल नेपाल क्रान्तिकारी कोअर्डिनेशन केन्द्रको संस्थापक नै हुनुहुन्थ्यो। रत्नले झलनाथ खनाल पछि इलाम जिल्ला कमिटीको सचिवको जिम्मेवारी पनि निर्वाह गर्नुभयो।

भियतनामी युद्धबाट प्रभावित भई घरको सुत्ने कोठाबाट सुरूङ खनेर रत्नले पार्टी संगठन प्रतिको त्यागको प्रमाण देखाउनु भएको थियो। त्यो सुरूङभित्र ५-६ जना बसेर बैठक गर्न कुनै अप्ठेरो थिएन। त्यस्तो ऐतिहासिक महत्वको सुरूङ "देउमाइको किनारमा" भन्ने चलचित्रमा उपयोग गर्न सरसफाई गरियो। त्यसपछि त्यो विस्तारै पुरिदै गएको छ। रत्न र उहाँका योगदान त्यसैगरी औपचारिक सिमामा घेरिदै गएको देखिन्छ।

संयोगकै कुरा रत्नकुमार वान्तवाको जीवनहरण २७ वर्ष पछि उनको जन्मदिन चैत २७ गते गरिएको थियो। रत्न चम्किला नक्षत्र हुनुहुन्थ्यो। तर राजनीतिको विशाल आकाशमा चम्किन नपाउँदै उहाँ सदाका लागि अस्ताउनु भयो।

रत्नको जीवनहरण यसरी भयो

०३५ सालको मंसिरमा चमैतामा एक जना प्रहरी माथि कुटपिट भयो। सुके पोखरी चौकीको सो प्रहरी बाटो हिड्दा गाउँ पसेको मौकामा कुटिएको थियो। त्यस बेलाका विद्रोही युवाहरूले नै प्रहरीलाई कुटपिट गरेका थिए। प्रहरी कुटिएको घटना पछि वम वान्तवा, अगम वान्तवा र रत्नलाई प्रशासनले व्यापक खोजी शुरू गऱ्यो। अगम वान्तवाका अनुसार प्रशासनले वारेन्ट गरेको थियो। तर तीनैजना भूमिगत भए। त्यही समय झापाको सुखानीमा मारिएका कम्युनिष्ट नेताहरूको सम्झनामा शहीद दिवस मनाउने तयारी पनि गर्नुपर्ने थियो। तीनैजना त्यसको तयारीमा लाग्नु भयो। तत्कालीन व्यवस्थाको भण्डाफोर गर्दै पर्चा पम्पलेट छापियो। जिल्ला कमिटी र केन्द्रीय कमिटीको नाममा छापिएका पर्चा पम्पलेटहरू जिल्लाभरि व्यापक रूपमा छरिए।

फागुन २१ गतेको शहीद दिवसकै राति इलाम-पाँचथरको सीमानामा रहेको रवि माध्यमिक विद्यालय र इलामको मंगलबारे माध्यमिक विद्यालयका कार्यालय फोरियो। टाईपराईटरको आवश्यकताले विद्यालय फोर्नु परेको अगम वान्तवा बताउनु हुन्छ। त्यसपछि प्रशासन तिब्रताका साथै सक्रिय भयो। २१ गतेको पर्चा पम्पलेटिङ र विद्यालय तोडफोडको घटना पछि तीनै जनाका बाबुहरूलाई प्रहरीले पक्रेर सदरमुकाम लगेर थुनामा राख्यो।

फागुन २३ गते रत्न, डिल्लीप्रसाद राई र श्रमशिला राई नामसालिङस्थित लोकबहादुर श्रेष्ठको घरमा काम विशेषले पुग्नु भएको थियो। तर उज्यालै भएकोले जंगलमा रात पारेर उहाँहरू राती पुग्नु भएको थियो। घर पसेको आधा घण्टा नबित्दै प्रहरीले घर घेरा हाल्यो। प्रहरीलाई पहिले नै सुराकीले खबर गरिसकेको रहेछ। तर तीन जना तीनतिरबाट ज्यानको बाजी लगाएर निस्के। प्रहरीले छुनसम्म नपाई तीनैजना भूमिगत भएर २४ गते एकैचोटी इभाङ पुगे। यत्तिकैमा २४ गते नै वम कुमारलाई चमैताबाट पक्रेर ल्याउँदै गर्दा निमा शेर्पालाई गोली हानी मारियो। यसले प्रशासनलाई अझ सर्तक पार्ने काम गऱ्यो। यो घटना पछि चमैतामा कयैन युवाहरू अन्यत्र पलायन भए। गाउँमा बुढाबुढी र केटाकेटी मात्र बाँकी रहे।

सुशीला श्रेष्ठ पार्टीको लडाकु कार्यकर्ता हुनुहुन्थ्यो। उहाँ पार्टीको काम विशेषले ताप्लेजुङ जाने रत्नहरूको टोलीकी सदस्य हुनुहुन्थ्यो। काठमाडौंबाट हिंडनु भएकी सुशीलालाई लिन अगम मधुमल्लातिर जानुभयो। रत्न भने इभाङमै बस्नु भयो। केही दिनमै अगम र सुशीला इभाङ पुग्नुभयो। त्यसपछि चैत २७ गते बिहान झिसमिसे मै रत्न, अगम, सुशीला आदि ताप्लेजुङका लागि बाटो लागे। जादै गर्दा इभाङको पुछार फेवा खोला नेर प्रहरीहरूको समूहसंग उनीहरूको भेट भयो। तर प्रहरीले उहाँहरूलाई चिनेको थिएन, आ-आफ्नो बाटोतिर दुवै समूह बढिरहेकै थियो। तर प्रहरीसंगै रहेको एक जना युवकले रत्नलाई चिनाइदिए पछि प्रहरीले रोक्यो। परस्परमा भनाभन भयो, हात हालाहाल भयो। रत्न निकै बलियो हुनुहुन्थ्यो। उहाँले

अनुसन्धानको प्रयत्न नै गरिएन

- अगम वान्तवा

अगम वान्तवा शहीद रत्नका काका हुनुहुन्छ। इभाङ घटनाका साक्षी र एमाले केन्द्रीय कमिटीका वैकल्पिक केन्द्रीय सदस्य।

० रत्न हत्या काण्डको बारेमा के भइरहेको छ ?

- प्रजातन्त्र पुनर्स्थापना पछि जिल्लाबाट छानविनको माग गरियो। तर कतैबाट रेस्पोन्स भएन। त्यसपछि छानविनको चर्चै हुन छाड्यो। पार्टीले कुनै पहल नै गरेन।

० एमालेको सरकार हुँदा छानविनको माग गरिएन ?

- किन नगर्नु, गरियो। पार्टीले नै पहल गर्ला भन्ने लागेको थियो। अहिले त खोजनीति नै पो छैन।

० रत्नको परिवारको अवस्था कस्तो छ ?

- आर्थिक अवस्था नाजुक छ। दुई जना भाइहरू परदेश मै छन्। घरमा भएका भाइहरूले पढ्न पनि पाएनन्। गाउँघरको दुःखी जीवन बिताइ रहेका छन्।

० पार्टीले सहयोग गरेन ?

- अहँ। एकपटक राजनीति पीडित सहायता समितिले दिएको १ लाख रूपैया परिवारलाई उपलब्ध गराइयो। त्यसपछि कुनै किसिमको सहयोग पुगेको छैन।

० त्यत्रो ठूलो घटनालाई त्यत्तिकै छोडिदिने त ?

- मलाई पनि यही प्रश्न गर्न मन लाग्छ। हाम्रो पार्टी प्रमुख प्रतिपक्षमा छ, सरकारमा बसिसकेका अनुभवी नेताहरू हुनुहुन्छ, त्यो घटनाको अनुसन्धान र छानविन हुनुपर्छ र दोषीमाथि कार्वाही हुनुपर्छ भन्ने मेरो माग छ। शहीदहरूलाई भाषण गर्दा सम्झेर मात्र उनीहरूको उत्सर्गको सम्मान हुँदैन भन्ने मेरो धारणा रहेको छ।

प्रहरीमाथि आक्रमण गर्दा प्रहरीहरू लत्रिसकेका थिए। भिरालो ठाउँमा भिड्दाभिड्दै रत्न लडेर डिलमुनि पछारिनु भयो। त्यही मौकामा प्रहरीले फायरिङ गर्ने मौका पायो। रत्नको जीवन लिला त्यहीं समाप्त भयो। यस बीचमा सुशीला र अर्की एक महिलाले प्रहरीहरूलाई निकै आक्रमण गरेका थिए।

संगै हिंडेका साथी (रत्नका काका) अगम पिसाब गर्न केही पछि बस्नु भएको थियो। उहाँ पिसाब गरिसकेर साथीहरू भेट्न लम्किदै हुनुहुन्थ्यो, त्यतिकैमा बन्दूकको आवाज आयो। उहाँ त्यहींबाट भूमिगत हुनुभयो। अगमले जंगलबाट पारी जितपुर जाने बातोतिर नियाल्नु भयो, दुईवटा लाश प्रहरीले बोकेर लगेको देख्नु भयो तर लाश एउटा मात्रै थियो- रत्नको। अर्को एकजना घाइते प्रहरीलाई बोकिएको थियो- जो सुशीलालाई हानेको गोलीबाट घाइते भएको थियो। यत्तिकैमा बाटोमा खानपिन गर्न बिसाउदा सुशीला प्रहरीको आँखा छल्न सफल भएर भूमिगत हुनुभयो। दुई दिन पछि अगम र सुशीलाको जंगलमै भेट भएको कुरा अगम बताउनुहुन्छ। यसरी कम्युनिष्ट पार्टीभित्र बहुमुखी प्रतिभा भएको एउटा रत्नको अन्त भयो।

परिवारले यसरी थाहा पाए

निरंकुश शासनको घोर विरोधी रत्न अविवाहित हुनुहुन्थ्यो। उहाँकी आमाको पहिले नै मृत्यु भइसकेको थियो। वृद्ध पिता गर्जमान राईलाई प्रशासनले हिरासतमा राखेको थियो। वृद्ध पितालाई मात्रै होइन १३ वर्षको नावालक अन्तरे भाइलाई समेत सशस्त्र प्रहरीको निगरानीमा हिरासतमै राखिएको थियो। अरू भाइहरू भूमिगत अवस्थामै थिए। नावालक कान्छो भाई गणेश राई (मामा) कहाँ हुनुहुन्थ्यो। परिवारका यी सदस्यले रत्नको शव सदरमुकाम ल्याइसकेपछि मात्रै रत्न मारिएको थाहा पाएका थिए। डाँडाको जुन जस्ता बाबुले हिरासतको चिसो छिंडीमै बुढेसकालको आँसु छोराको शोकमा बगाउनु परेको थियो भने नावालक भाइहरूलाई सो घटना आकाश खसेजस्तो भएको थियो।

रत्नको शव परिवारजनले छुनसम्म पनि पाएनन्। प्रशासनले आफ्ना मान्छे लगाएर सदरमुकाम मै सिंहवाहिनी मन्दिर परिशरको छिहान डाँडामा रत्नको शव पुरेर छोडे। पार्टी नै परिवार थियो रत्नको। सो घटनाले गम्भीर घाइते हुन पुगेका पार्टीका साथीहरूले रत्नको शव आफ्नो कब्जामा लिने रणनीति बनाउन थाले। शव पुरिएको राति भूमिगत स्थानबाट केही सिंह बाहिनीको चिहान डाँडामा भेला भए। शव खोतलेर पार्टीको कब्जामा लाने प्रयत्न पनि गरियो तर आवश्यक जनशक्तिको अभावमा त्यतिकै श्रद्धाञ्जली दिएर सबै भूमिगत भए। शंकर देवान, चम्पा देवान, रामकुमार राईहरूको मात्रै प्रयासले उद्देश्य पूरा हुन सकेन।

चिहान डाँडामा रत्नको शव माथि कम्युनिष्ट पार्टीको झण्डा र फूलहरू देखेपछि प्रहरीले गस्ती गर्न थाल्यो र खोतलिएको चिहान पुरेर कडा निगरानी राख्यो। यसरी प्रशासनले रत्नलाई सदाका लागि आफ्नो अधिनमा लिएको थियो।



रत्न वान्तवाका साथ ईश्वर पोखरेल काठमाडौंको डेरामा

अन्तिम विदाई

"कमरेड ! तपाईंहरू भाग्नोस्" महेश राइफल तेर्स्याउन खोजेको अर्को पुलिसमाथि झम्टिदै करायो।

महेशको खुकुरी एकपल्ट टिलिक्क टल्कियो।

"ऐया" एउटा राइफल धारी मडारिएर थचक्क बस्यो। उसको दाहिने पाखुराबाट ह्वाररी रगत बग्यो।

"ड्याम्म" फेरी गोली चल्यो। खुकुरी उठाइरहेको महेशको हात लुलो भएर तल झऱ्यो। खुकुरी भुईंको गेग्रऱ्याने ढुंगामा बजारिंदा टिलिङ्ग्रङ्ग आवाज आयो।

.... महेशको शरीर उत्तानो परेर चउरमा पल्टियो। उसको देब्रे छातिको डेढ इञ्च जतिको प्वालबाट निस्किरहेको रगत कमेज भिजाउँदै जमिनमा रगतका फल्सा बनाउँदै जमिरहेको थियो। उसका आँखाहरू आवाशको अथाहा नीलो गरिराईलार्य निपाली रहेका थिए।

"ल ! ल ... स.. ला..म !"

महेशको शरीरले छलपटाएर आफूलाई कुनै बन्धनबाट फुत्काउन खोजे जस्तो गऱ्यो। महेशका ओंठहरू अभिवादनका पृय शब्दहरू गुनगुनाउँदै बन्द भए। उठ्न उठ्न लागेको उसको दाहिने हात विस्तारै इभाङको माटोमाथि सुत्यो।

उठ्न खोजेको हातको मुठ्ठी भुईंमा पल्टिंदा पनि बाँधिएकै थियो।

(संजय थापाको कलम नाममा एमाले स्थायी कमिटी सदस्य प्रदीप नेपालद्वारा लिखित उपन्यास "देउमाइको किनारमा" मा गरिएको शहीद रत्नको अन्तिम क्षणको कलात्मक चित्रण। रत्न कुमारको जीवनमा आधारित उक्त उपन्यासमा उहाँलाई महेश नामका पात्रका रूपमा प्रस्तुत गरिएको छ।)

परिवार नै टुहुरो भयो

पार्टी र परिवारको भरोसा- रत्नको अप्रत्याशित र अनपेक्षित मृत्युले दुवैलाई टुहुरो बनायो। तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माले) को संगठनको मियो त्यस क्षेत्रमा रत्न नै थिए। उहाँको जीवन हरणले मालेको संगठन रानु हराएको मौरी झैं हुन पुग्यो। यता परिवारमा परेको विपद अर्को पक्ष थियो नै। रत्नका वृद्ध पिता हिरासतमै हुनुहुन्थ्यान। नावालक भाईहरू अर्काको शरणमा थिए। उनीहरूको लालनपालनको चिनता गर्ने दरिलो अभिभावक थिएन। भूमिगत हुँदै एकजना भाई धनकुटा पुगेको खबर धेरै पछि थाहा भयो। अहिले उनी उतै बसोबास गर्छन्। सानैमा आमाको न्यानो काखबाट बंचित भएपछि भारततिर गएका एक भाई अहिले पनि दार्जिलिङको बागडोगरामा मजदूरी गरेर बसेका छन्। उहाँले रत्न मारिएको खबर धेरै पछि मात्र थाहा पाएका थिए।

यसरी परिवार नै छिन्नभिन्न भयो। तर उनीहरूलाई संरक्षकत्व प्रदान गर्न कोही अघि सरेनन्। त्यसले गर्दा रत्नका भाइहरू शिक्षाबाट वंचित भए। उनीहरूको भविष्यको ग्यारेन्टी न पार्टीले लियो न त आफन्तहरूले नै लिए। ०४६ सालमा बहुदलीय व्यवस्थाको पुनस्थापना पछि केन्द्रमा गठित राजनीति पीडित सहायता समितिले एकलाख रूपैयाँ रत्नका भाइहरूलाई उपलब्ध गरायो। यस बाहेकको सहयोग र खोजवर कतैबाट नभएको कुरा रत्नका मामा गणेश राई बताउँनुहुन्छ। उहाँका अनुसार अहिले रत्नका परिवारको आर्थिक स्थिति नाजुक छ।

अनुसन्धान नै भएन

बहुदलीय व्यवस्थाको आगमन पछि रत्नको हत्याको बारेमा अनुसन्धान र छानविन नै भएको छैन। निरंकुश शासनको विरूद्ध लड्ने ठूला पार्टीहरू सरकारमा हुँदा पनि यो अध्यायको चर्चासम्म गरिएन। रत्नको पार्टी नेपाल कम्युनिष्ट पार्टी (माले) एमालेमा रूपान्तरण भएर सत्तामा पुग्यो। उनका सहकर्मी र उनीसंगै एउटै सिरानमा टाउको राखेर सुतेका साथीहरू सरकारमा रहे तर परिवारले अनुसन्धानको माग राख्दा त्यसको सुनवाई नै भएन।

अगम वान्तवा एमालेका वैकल्पिक केन्द्रीय सदस्य र रत्नका काका पनि हुनुहुन्छ। उहाँ भन्नुहुन्छ- "अनुसन्धानको प्रयास कतैबाट भएन, छानविनसम्म भएको छैन।"

पार्टी दुई-दुई पटक सरकारमा बस्दा अनुसन्धान भएन। समय बित्ते जाँदा पार्टीको स्थानीय कमिटीहरूले पनि छानविनको माग राख्न छोडे। परिवारको त्यो हैसियत र क्षमता नै रहेन। तर पनि रत्नको सम्झनालाई ताजा राख्न जिल्ला कमिटीले नगर क्षेत्रमा रत्नको शालिक ठड्यायो, एमालेका तत्कालीन महासचिव मदन भण्डारीले रत्नको जीवनहरण भएको तिथि पारेर शालिकको अनावरण गर्नुभयो। भर्खरै इलाम नगरपालिकाले रत्नको स्मृतिमा सिंहवाहिनीमा रत्नको स्मारक बनाउने औपचारिकता पूरा गरेको छ।

अनुसन्धान र छानविन त भएन भएन। प्रशासनले जफत गरेका महत्वपूर्ण सामाग्रीहरू तर्फ पार्टीले वास्ता गरेको छैन। जिल्ला प्रशासन कार्यालय, इलाममा ठूलो परिमाणमा त्यतिखेर जफत गरिएका सामाग्री रहेको छ। स्टोरमा सडिरहेको ती सामाग्री नै अध्ययन गर्ने हो भने पनि रहस्यका पर्दाहरू खुल्न सक्छन्। इलाम नगरपालिकाका प्रमुख महेश बस्नेतको ध्यानाकर्षण गराउँदा उनी प्रशासनिक अल्झनहरू देखाएर तर्किन्छन्। भन्छन्- "त्यो त्यति सजिलै निकाल्न कहाँ सकिन्छ र?" स्टोरमा सडिरहेका ती सामाग्री सरकारबाट पार्टीले जिम्मा लिने र एउटा संग्रहालय नै बनाए पनि त्यसको महत्व रहिरहन सक्छ, तर पार्टीका तर्फबाट त्यसलाई महत्व नै दिइएको छैन। रत्नले अध्ययन गरेका पुस्तकहरू, डायरी, उनका हस्तलिखतहरू पनि त्यो डंगुरमा रहेको थाहा भएको छ।

प्रशासनमा रेकर्ड छैन

त्यसबेला इलाम जिल्लाका प्रमुख जिल्ला अधिकारी थिए- रामेश्वर साह। उहाँ रत्न कुमार वान्तवालाई आफूले नचिनेको तर जिल्लामा छिटफुट रूपमा भएका घटनाको नेतृत्व रत्नले नै गरेको भन्ने गुप्तचरको रिपोर्टसम्म आफूले थाहा पाएको बताउँनुहुन्छ। जिल्लाको पूर्वी गाउँ विकास समिति नामसालिङका लोकबहादुर श्रेष्ठको घरबाट शहीद दिवसको सन्दर्भमा तयार पारिएको पम्पलेटहरू फेला परेको थियो। त्यसबारेमा केरकार हुँदा लोकबहादुरले रत्नको नाम फेला पारेपछि उनको खोजिमा तिब्रता मात्र ल्याइएन छिमेकी जिल्ला झापाबाट थप प्रहरी शक्ति पनि जुटाइयो भनी प्रजिअ साह नै बताउनुहुन्छ।

हाल प्रधानमन्त्रीको कार्यालयका सचिव रहेका साहले रत्नको गाउँले निमा छिरिङको मृत्यु कम्युनिष्टहरूले नै गराएको भनी गुप्तचरले रिपोर्ट दिएको बताउनु भयो। निमाले गोरू मारी मासु खाएको, स्कूल र चौकीहरू तोडफोड गरेको, जिल्लामा कम्युनिष्ट संगठन गर्दै हिंडेको सबै घटनामा रत्नकै नेतृत्व रहेको रिपोर्ट प्रशासुनमा दिएको कुरा साहले बताउनु भयो। त्यसपछि प्रशासन रत्नलाई जसरी पनि पक्रिने निष्कर्षमा पुगेको

प्रष्टन्छ। त्यसपछि उहाँको खोजिमा तिब्रता आएको देखिन्छ।

यति हुँदाहुँदै पनि रत्नको खोजिमा प्रशासनले कुनै लिखित पूर्जि काटेको प्रमाण फेला पर्दैन। जिल्ला प्रशासन कार्यालय इलामका हालका प्रमुख जिल्ला अधिकारी नरेन्द्रराज शर्मा, उक्त घटनाबारे आफू अनभिज्ञ रहेको बताउँनुहुन्छ। त्यसबेला अंचलाधीशले नै हेर्थे, उहाँले बताउनु भयो। यतिमात्र उल्लेख गरिएको छ- "जिल्लामा प्रतिबन्धित कम्युनिष्टहरूले भूमिगत रूपमा संगठन गर्दै हिडेको थाहा भएको छ। छिटफुट वैठकहरू पनि गरेको रिर्पोट छ।"

जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा रत्नलाई वारेन्ट गरिएको पत्र छैन। त्यसबेलाको रेकडैमा रत्न मारिएको घटनामात्र प्रहरीले राखेको छ। अन्य राजनीतिक गतिविधिको पूर्ण नियन्त्रण र संचालन अंचलाधीशले नै गर्ने भएकोले त्यस्ता रेकर्डहरू, व्यवस्था परिवर्तन हुनु अघि नै नष्ट गरिएको हुनसक्छ। प्रहरी कार्यालय इभाङमा रत्न मारिएको घटनाबारे विस्तृत विवरण समेत छैन। प्रशासनको सुराकी निमा छिरिङ शेर्पा चैत २४ गते मारिए पछि रत्न र उहाँका सहयोगीहरूको कडाईका साथ खोज तलास भएको थियो।

तत्कालीन प्रशासनले इभाङ घटनाका बारेमा कुनै प्रमाण छोडेको छैन। अंचलाधीशको नेतृत्वमा हुने राजनीतिक गतिविधि माथिको दमन र हत्या मौखिक आदेशमा सम्पन्न गरिन्थ्यो। दमनमा खटाइएका प्रहरी र कर्मचारीहरूको नाम नामेसी पनि गोप्य नै राखिन्थ्यो। त्यसबेला रत्नलाई गोली हान्ने प्रहरी विष्णु राईको नाम पनि धेरै पछि थाहा भएको थियो। इभाङको घटना हुनु केही समय अघि प्रहरीले त रत्नलाई चिन्दैनथे। तर प्रशासनका सहयोगी डिल्लीराम गुरूङ र रणबहादुर राईले चिनाइदिए पछि एकाबिहानै रत्नको ज्यान लिइएको थियो। पछि डिल्लीराम गुरूङलाई प्रशासनले प्रहरीमा भर्ना गरेर पुरस्कृत समेत गऱ्यो। रत्नको गाउँ चमैताका तत्कालीन वडाध्यक्ष मानप्रसाद राईलाई प्रशासनलाई सुराक दिने प्रमुख व्यक्तिमा गनिन्थ्यो जो मरिसके। गोली हान्ने प्रहरी विष्णु राई श्रीअन्तुको एक निजि चिया बगानमा काम गरिरहेको रत्नका मामा गणेश राईले बताउनु भयो।

तत्कालीन अंचलाधीश भन्नुहुन्छ-

लिलाराज विष्ट- प्रतिबन्धितकालमा मारिने नेताहरूसंग जोडिएको नाम हो। तत्कालीन अवस्थामा लोकप्रिय भएका नेताहरूलाई समाप्त पार्ने कार्यको पटक-पटक जिम्मेवारी पाउनु हुने विष्ट ०३५ साल ताका मेची अंचलाधीश हुनुहुन्थ्यो। उहाँले आफ्नो कार्यक्षेत्रमा गरेका दमन र त्यस दमन कार्यमा उपयोग गरेका व्यक्तिहरूको नामनामेसी कतै पनि छोड्नु भएको छैन, जसलाई प्रमाणका रूपमा लिन सकियोस्।

रत्नकुमार वान्तवाको जीवनहरण गरिएको बारेमा प्रश्न गर्दा पूर्व अंचलाधीश विष्ट भन्नुहुन्छ- ऊ (रत्न) त्यति चिनिएको मान्छे होइन। उ मरेको खबर मैले झापामा थाहा पाएँ। त्यो कुनै सुनियोजित घटना होइन, न उसलाई पूर्जि नै थियो। त्यो पुलिससंगको "इनकाउन्टर" मा मरेको हो, अहिले माओवादीहरू मारिएको जस्तै। फेरि रत्न को हो भनेर उसकै मान्छेले प्रहरीलाई चिनाइदिएका रहेछन्। रत्नमाथि कुनै मुद्दा थिएन। अब क-कसले मारे भन्ने कुरा त प्रशासनलाई नै थाहा होला।"

प्रमुख जिल्ला अधिकारी

इलामका तत्कालीन प्रमुख जिल्ला अधिकारी रामेश्वर शाह रत्नको जीवनहरणको पृष्ठभूमिमा निकै सक्रिय दिखिनुहुन्छ। उहाँ चमैताको चित्रेस्थित रत्नको घर पुग्नु भएको छ र रत्नको ओछ्यान छाम्नेदेखि लिएर उहाँका डायरी र पुस्तक समेत पल्टाउन भ्याउनु भएको छ। त्यतिबेला राजनीतिक गतिविधिको चासो राख्ने प्रमुख व्यक्ति अंचलाधीश र प्रशासन संचालनको मुख्य जिम्मेवारी प्रमुख जिल्ला अधिकारीकै हुन्थ्यो। अंचलाधीशको सक्रिय निर्देशनमा काम गर्ने प्रमुख जिल्ला अधिकारी प्रशासनिक कामकारवाहीको हर्ताकर्ता हुने हुनाले प्रहरी शक्ति उसको टेकने लौरो सरह नै थियो।

रत्नको हत्या हुनु अघिका सम्पूर्ण पृष्ठभूमि, पार्टीको गतिविधि बारे विज्ञ प्रजिअ शाह इभाङको घटनाबारे भने ठाडै अनभिज्ञता प्रकट गर्नुहुन्छ। उहाँ अहिले प्रधानमन्त्री कार्यालयका सचिव हुनुहुन्छ। हालै उहाँसंग सम्पर्क गर्दा शाहले रत्न मारिएको घटनामा आफूले पछि थाहा पाएको बताउँदै भन्नुभयो- "म रक्सेतिर जाँदै थिएँ, बाटोमा एकजना युवकले सुनाए साह्रै दुःख लाग्यो।"

रत्न-जीवन हरणको सूत्रधार तत्कालीन प्रशासनका प्रमुख रामेश्वर साहको आफ्नै शब्दहरू यस्ता छन्- नामसालिङका लोकबहादुर श्रेष्ठको घरमा पर्चाहरू भेटिए, त्यसबेला जिल्लामा अरू घटनाहरू पनि भइसकेका थिए। गाउँमा गोरू काटेर खाएको रिपोर्ट आइसकेको थियो। यी सबै घटना र गतिविधि

रत्नको हत्या हुनु अघिका सम्पूर्ण पृष्ठभूमि, पार्टीको गतिविधि बारे विज्ञ प्रजिअ शाह इभाङको घटनाबारे भने ठाडै अनभिज्ञता प्रकट गर्नुहुन्छ। उहाँ अहिले प्रधानमन्त्री कार्यालयका सचिव हुनुहुन्छ।

त्यो कोठाको ताला खोल्न लगाएँ, एउटा कोठा रहेछ, त्यहाँ कम्युनिष्ट पार्टीका विदेशी नेताहरूको ५ वटा फोटो थिए कोठा सामान्य थियो। कोठाको कुनामा सानु वाकस जस्तो थियो मैले लात्तीले हानें हल्लिएन, प्रहरीलाई अह्राएँ। उसले खोल्दा त्यहाँ किताब थिए अनि बासको पिंधमा हिर्काउन अह्राएँ प्रहरीले बन्दूकको कुन्दाले ठोक्यो त्यो फुट्यो २ त्यहाँ त सुरुङ पो फेला पऱ्यो।

रत्न वान्तवाको नेतृत्वमा संचालन भइरहेको कुरा गुप्तचरको रिपोर्ट थियो। जस्तै निमा छिरिङको मृत्यु र प्रहरी कुटिएको घटना पनि उसकै निर्देशनमा भएको थाहा भयो। त्यसपछि घटनाको छानविन गर्नु र दोषी पत्ता लगाउनु प्रशासनको स्वभाविक दायित्व नै हो, हामीले खोजी शुरू गऱ्यौं। गतिविधि बुझ्दै जाँदा अरू कुरा पनि थाहा भयो। प्रहरी चौकी र स्कूल तोडफोड गरेको फेला परेपछि कडाइका साथ खोजी कार्य अघि बढाइयो। यसका लागि झापाबाट समेत प्रहरी झिकाइयो।

खोजीविनकै क्रममा म रत्नको घरमा पनि पुगेको छु। म त्यहाँ जाँदा बूढा बाबु रत्नको सुत्ने कोठानेर बसेका थिए। रत्नको सुत्ने कोठा कुन हो भनेर सोध्दा एउटा सानु कोठा देखाए। त्यो कोठाको ताला खोल्न लगाएँ, एउटा कोठा रहेछ, त्यहाँ कम्युनिष्ट पार्टीका विदेशी नेताहरूको ५ वटा फोटो थिए, कोठा सामान्य थियो। कोठाको कुनामा सानु वाकस जस्तो थियो, मैले लात्तीले हानें हल्लिएन, प्रहरीलाई अह्राएँ। उसले खोल्दा त्यहाँ किताब थिए। अनि बासको पिंधमा हिर्काउन अह्राएँ, प्रहरीले बन्दूकको कुन्दाले ठोक्यो, त्यो फुट्यो र त्यहाँ त सुरुङ पो फेला पऱ्यो। रत्नले बनाएको रहेछ, तर सुरुङ छ भन्ने कल्पना नै गर्न नसकिने, त्यसरी बनाएको रहेछ। सुरुङको अर्को मुख पत्ता लगाउन पराल जलायौं, पत्ता लाग्यो, त्यसपछि सुरुङ पुर्न आदेश दिएँ।

त्यसपछि रत्नका बाबुलाई पक्रिएर सदरमुकाम लिएर गयौं, बाटोमा गाउँका अध्यक्षकहाँ खाना खान बसेका थियौं, प्रशासनलाई सहयोग किन गरिस भनेर अगमहरूले उसलाई सांघातिक हमला गरेछन्, पछि हामीले उपचार गरायौं।

खोजी कार्य अझ तिब्रताका साथ अघि बढाइयो। एक जना असईको नेतृत्वमा एक हवल्दार र एकजना सिपाही इभाङतिर गएका थिए। अर्को टोलीसंग भेट्न जाँदै गर्दा बिहान झिसमिसेमा त्यस्तो घरमा भएछ। चमैताकै एकजनाले चिनाइदिएपछि भिडन्त परेछ, प्रहरीले त चिनेकै थिएन, एकजना चिन्ने मान्छे खटाइएको थियो। तर रत्नलाई कुनै वारेन्ट थिएन, पक्राउ नगरी बयान नलिई मुद्दा चलाउने कुरै भएन। उहाँलाई गोली ठोक्ने आदेश दिएको थिएन। केवल उहाँको खोजी मात्रै भइराखेको थियो। तत्कालीन प्रजिअ साहका अभिव्यक्तिहरूले रत्न हत्याकाण्डको लहरो फेला पार्न कुनै कठिनाई देखिदैन। कुरा यतिमात्र हो त्यो लहरो तान्ने कस्ले ?

इलाम जिल्ला प्रशासनका जफत सामाग्रीहरू र प्रजिअ साहका अभिव्यक्ति इभाङ घटनाको अनुसन्धानका प्रमुख आधार हो भनेर रत्नको रगतले सिंचित पार्टी एमाले र सरकारले बुझ्नु आवश्यक छ।

जिल्ला सुरक्षा समितिमा छलफल

त्यसबेला प्रतिबन्धित पार्टीहरूको राजनीतिक गतिविधि शान्ति सुरक्षाको प्रमुख विषय हुने गर्दथ्यो। यस बाहेक शान्ति सुरक्षामा असर पर्ने किसिमका अन्य गतिविधि प्रशासनको लागि महत्वको विषय थिएन। अंचलाधीश प्रमुख रहेको अंचल सुरक्षा समिति र प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला सुरक्षा समिति त्यसबेला थिए। यी दुवै समितिमा प्रहरी प्रमुख, सेना प्रमुख र गुप्तचर प्रमुखको उपस्थिति रहन्थ्यो। यसबाहेक प्रतिबन्धित पार्टीहरूको आन्तरिक सूचना उपलब्ध गराउने "कार्यकर्ता" पनि महत्व अनुसार समितिको वैठकमा आमन्त्रित हुने गर्थे।

रत्न वान्तवाको जीवन हरण हुनुभन्दा एक महिना अघि जिल्लामा कम्युनिष्ट गतिविधि बढेको भन्ने विषयमा छलफल गर्न जिल्ला सुरक्षा समितिको वैठक बसेको कुरा तत्कालीन प्रमुख जिल्ला अधिकारी रामेश्वर साह बताउनु हुन्छ।

त्यसैगरी रत्नको जीवनहरण पछि पनि इभाङ घटनाको विषयमा अंचल र जिल्ला सुरक्षा समितिमा गम्भीर छलफल भएको साहले बताउनु भयो। घटना अघिको वैठकले जिल्लाको कम्युनिष्ट गतिविधि नियन्त्रण गर्ने र संलग्न व्यक्तिहरूलाई जसरी पनि पक्राउ गर्ने सहमति भएको थियो। तर साह भन्नुहुन्छ- समितिमा लिखित निर्णय भने भएको थिएन। ●


उग्रवादीको मृत्यु

काठमाडौं, चैत २८ गते ।
विध्वंसात्मक काममा लाग्ने का उग्रवादी रत्न कुमार वान्तवाको इलाम जिल्लाको इभाङ गाउँ पन्चायतको जंगलमा प्रहरीसंग संघर्ष हुंदा निज मारिएको कुरा गृह पन्चायत मन्त्रालयले आज यहाँ जनाएको छ ।
मेची अंचल इलाम जिल्ला चमोता गाउँ पन्चायतका सभासद श्री पहलमान राईलाई मार्ने उद्देश्यले भरुवा बन्दुक चुप्पी आदि हात हतियार लिएका

रत्नको हत्याका सन्दर्भमा गोरखापत्रमा प्रकाशित समाचार

शहीद ऋषि देवकोटा "आजाद"

शहादत प्राप्त मिति र स्थान :: ०३७ साल फागुन १२ गते, भिमान सिन्धुली

हत्याको योजना कार्यान्वयनमा संलग्न प्रहरी – प्रशासक :

अञ्चलाधीश	प्रजिअ	प्रहरी अधिकृत	अन्य
गणेशमान अमात्य	**रामकृष्ण पन्त**	एस पी **रणबहादुर चन्द** इन्स्पेक्टर **रामेश्वरप्रसाद श्रिवास्तव** प्रहरी **राम इकवाल यादव**	**गोविन्द कोइराला** **रामकाजी कार्की** **रामबहादुर राना मगर** **झलकबहादुर राउत**

जस्लाई गोली ठोकेर मारियो र मट्टितेल खन्याएर जलाइयो



लेखनाथ भण्डारी

माडसाबले पार्टी छोडेर हिडेपछि सिन्धुलीमा कार्यकर्ताहरु अन्यौलमा परे। माड्साब पक्राउ पर्नु भयो। माडसाबको पक्राउको खबरले गाउँभरि अनर्थ र अनिश्चयको बादल मडारियो। माडसाबलाई कसैसंग भेट गर्न दिइएको छैन। उहाँलाई बोरामा बाँधेर मान्द्राले छोपेको रहेछ। माडसाबको जीउबाट दुई पोका रगत तानेछन्। उहाँ शिथिल भइसक्नु भएछ।

ooo

राति पनि गाउँमा कसैलाई निद्रा परेन। माडसाबका शुभेच्छुकहरु अनर्थ नहोस् भनेर कल्पिरहेका थिए। उहाँका विरोधीहरु राजनीतिक प्रतिस्पर्धाको घृणित खेलमा विजयोत्सव मनाउन आतुर थिए।

ooo

जिल्ला सदरमुकाम र अंचल सदरमुकामबाट सरकारी गाडीहरु ओहोर-दोहोर गर्न थाले। दुई दिनसम्म त्यो क्रम चली नै रह्यो। माडसाबलाई पक्राउ गरेको भोलिपल्ट सूर्यास्त पछि बजारबाट प्रहरीले मट्टितेल किनेर लग्यो। रात छिपिदै गएपछि एउटा रसियन जिप प्रहरीले ठेलेर बजार कटाए। मध्य रातको त्यो दृश्य पछि सबैले माडसाबको बारेमा के हुने हो भनेर केही सोच्नै सकेनन्।

ooo

मध्यरातमा बजारको एक खस्सी पसल खोलियो। केही बोतल खस्सी लिएर प्रहरी जंगलतर्फ गए।

ooo

भोलिपल्ट बजारबाट नजिकैको जंगलमा माडसाबका जल्न बाँकी केही हड्डी र रगतका फालसाहरु फेला परे। सबैले पंचायती शासनको निरंकुशताको चरमप्रति आँशु खसाए। गाउँमा सुनसान वा "मुर्दा शान्ति" छायो। अब त्यो खबर कसरी माडसाबका परिवारमा पुग्याउने ? सबैले समान चिन्ता प्रकट गरे।

गाउँमा खसी काटिए। भोज लगाइयो। जुवातास र खस्सी पकाइयो। एकले अर्कोलाई व्यंग्य गर्दै भन्न थाले- "मुक्ति मिल्ला" उनीहरुको त्यो संकेत अर्थात् "मुक्ति मिल्ला " को आशय थियो- आम जनताको मुक्तिको लागि आन्दोलन गर्ने देवकोटालाई सिध्याइ सकियो। ■

■■■

(गत सालको फागुन १२ गते राती न्यायप्रेमी नेपाली जनताको रगत पिउँदै आएको राजा २ उसको तानाशाही पंचायती व्यवस्थाका भरौटेहरूले फेरि अर्को एकजना कम्युनिष्ट क्रान्तिकारीको कायरतापूर्ण हत्या गरे । क. ऋषि देवकोटा आजाद शहीद हुनु भयो । क. आजाद नेपाली नौलो जनवादी क्रान्तिको निम्ति वीरतापूर्ण ढंगले संघर्ष गर्ने क्रममा शहीद हुने कमरेडहरूमध्ये एकजना हुनुहुन्छ । क. आजाद ०३७ जेठ १४ गते थुप्रै सवालहरूमा मतभेदहरु रहेको २ छलफलबाट ती मतभेदहरु हल हुन नसकेको व्यहोरा भएको राजिनामा दिंदै मशाल समूहबाट अलग हुनु भएको थियो। उहाँ एउटा क्रान्तिकारी योद्धा हुनुहुन्थ्यो २ उहाँले मशाल समूहसित राख्नु भएका मतभेदहरु मननयोग्य छन् । पछि उहाँले मशाल समूहबाट अलग भएका अरु कमरेडहरुसंग मिलि "नेकपा विद्रोही एकता केन्द्र" बनाउनु भएको थियो २ त्यसको मुखपत्र "जनद्रोह" मा नेकपा (माले) संग उक्त समूहको कुनै पनि आधारभूत मतभेदहरु नरहेको २ केही समयपछि एकताबद्ध हुने कुरा पनि उल्लेख गरिएको थियो । त्यसको लगत्तै पछि प्रतिक्रियावादीहरूले उहाँको हत्या गरे । क. आजाद शहीद हुनु भएको ६ महिनापछि गत कार्तिक १७ गते "विद्रोही एकता केन्द्र" का धनुषा जिल्लाका कमरेडहरूले नेकपा (माले) मा सम्मिलित हुने निर्णय गर्दै एउटा वक्तव्य पनि प्रकाशित गर्नु भएको छ ।

कमरेड आजादलाई गिरफ्तार २ हत्या गरिएको ठाउँ सिन्धुली जिल्लाको भिमान बजारमा उहाँका तीन दिनहरु कसरी बिते भन्ने विषयमा प्रत्यक्षदर्शीहरुको रिपोर्टमा आधारित यो छोटो जानकारी प्रस्तुत गरिंदैछ । सम्पादक)

(२)

०३७ साल फागुन १० गते राति । "माडसाव , मध्यरात तिर आइपुग्नु भयो" लालबहादुरकी श्रीमती भन्छिन्- "कतातिरबाट आउनु भएको हो थाहा भएन ।"

क. आजाद गत ०३७ साल फागुन ११ गते गिरफ्तार हुनुभन्दा एक दिन अघि गिरफ्तारीको ठाउँबाट केही टाढा एक परिचित किसान कहाँ बसी त्यस ठाउँमा राति पुग्नु भएको थियो। उहाँले संभावित गद्धारीको कुनै शंकै नगर्नु भएको बुझिन्छ। स्थानीय परिस्थितिको जटिलताको बारेमा पनि उहाँ जानकार हुनुहुन्थ्यो । उहाँ एक्लै २ निहत्था हुनुहुन्थ्यो ।

११ गतेको बिहान दिउँसो २ साँझ क. आजादले लालबहादुर कै घरमा बिताउनु भयो । बिहान २ दिउँसो करैसंग भेटघाट गर्नु भएन । साँझ भेटघाटको निम्ति एक जनालाई लालबहादुरकी श्रीमती मार्फत् बिहान ६:७ बजेतिर खबर पठाउनु भयो। दिउँसो १२ बजेतिर रामबहादुरलाई लिन लालबहादुरलाई पठाउनु भयो । विश्वासघाती रामबहादुर लालबहादुरको भाइ थियो। उ क. आजाद बस्नु भएको ठाउँबाट करीब तीन माइल पूर्व सुनखानी भन्ने गाउँमा बस्दथ्यो ।

त्यसदिन दिउँसो लालबहादुरको घर मास्तिर भोटे सार्कीको घरमा सुंगुर काटिएको कुरा क. आजादले पनि थाहा पाउनु हुन्छ । लालबहादुरका परिवारले पनि एक छाक मासु खान सकून २ आफूलाई पनि भै हाल्छ भन्ने विचार गरी १ बिसौली मासुको निम्ति उहाँ ११ रुपैयाँ भिक्की लालबहादुरकी श्रीमतीलाई दिनुहुन्छ । नोट सबै नयाँ हुन्छन् । मासु लिन दिन बसेका मानिसहरूमध्ये केहीलाई लालबहादुरकी श्रीमतीले हाताहाती त्यो पनि नयाँ-नयाँ नोट गनेर १ बिसौली लग्दा अलिकति अस्वाभाविक लाग्छ तर शंका भने उब्जिएको हुन्न ।

११ गतेकै साँझ (२)

रामबहादुरलाई लिएर लालबहादुर फर्किसकेको हुन्छ । सामान्य औपचारिकता पूरा गरी सकेपछि क. आजाद खाना खान थाल्नु हुन्छ । त्यतिकैमा उहाँले कुराकानीको निम्ति डाक्नु भएको अर्को मानिस पनि आइपुग्छन्। खाना खाइसकेपछि उहाँ भऱ्यालबाट मुख चुढ्नु हुन्छ २ थाल सफा गर्नुहुन्छ ।

गुन्द्रीमा रामबहादुर लालबहादुर २ अर्को व्यक्ति समेत बसिकेपछि क. आजादले स्थानीय हालखबर सोध्दै कुरा थाल्नु हुन्छ । अन्य कम्युनिष्ट समूहप्रति आफ्नो सोचाई बताउनु हुन्छ । गद्धार रामबहादुर आफूलाई उत्तम दर्जाको क्रान्तिकारी सावित गर्न जेलबाट भागेको आदि कुराका विषयमा आफ्नो प्रसंशा आफै गर्न थाल्छ। उ खुबै खुशी २ केही उत्तेजित देखिइरहेको हुन्छ । क. आजादलाई भेट्न उसले जोडदार प्रयत्न गरेको कुरा २ भेट भएकोमा आफू ज्यादै खुशी भएको देखाउन पनि उ पछि पर्दैन ।

कुरा शुरु भएको झण्डै १५ मिनेट जति भएको हुँदो हो ?

त्यत्तिकैमा (३)

थपरथ्याङ मुन्तिर झिलिल्ल टर्च लाइट बल्छ । टर्चको उज्यालो कुराकानी गरिएको ठाउँतिरै आउँछ ।

"को हो ?" हपार्दै सोधिन्छ जवाफ केही आउँदैन ।

बाहिर दुई जना मानिस टर्च बाली रहेका २ दुई जना मानिस संगिनसहितको बन्दुकले कुराकानी भैरहेको ठाउँलाई निशाना सोझ्याइ रहेको सबै जनाको आ''खामा एक साथ पर्छ।

सेकेण्ड पनि बितेको हुन्न घ्यास्क्क घुरुक्कको आवाजसंगै बन्दुक सोझ्याउँदै दुईजना मानिस थपरथ्या' (घरको तलो) माथि उक्लिसक्छन् ।

"हर्कत गरे गोली ठोकी दिनु ।" स ई को कडकिंदो आदेशसंगै राइफल खुत्रुक गरेर बजेको सुनिन्छ। "हात माथि उचाला" आत्म समर्पणको आदेश दिंदै राइफलधारीहरु अघि बढ्छन्। "ए ओर्ली" रामबहादुर लालबहादुरतिर संकेत गरिएको केही नरम स्वरसंगै दुवै हतपत थपरथ्या'बाट ओर्लन्छन् । संगीनको टुप्पोले विस्तारी छु'दै तेस्रो व्यक्तिलाई "उत्री" भन्ने संकेत । उक्त व्यक्ति पनि हत्तपत्त ओर्लिन्छन्। यसैबीच क. आजादको हात बाँधिन्छ २ भऱ्याङतिर ल्याइन्छ ।

(४)

"एउटा हात खोल" क. आजादको रोविलो स्वरा "खोल्दे" स ई को आदेश ।

एउटा हात खोलिन्छ। उहाँ तल ओर्लनुहुन्छ । तत्काल पुलिसहरु उहाँलाई लिएर अघि बढ्छन् । करीब ३-४ मिनेट हिंडाएपछि एक कुख्यात दलाल (उपप्रधानपंच) इच्छा बहादुरको घर आउँछ । एकछिन त्यहाँ रोकिंदै उहाँलाई अघि बढाइन्छ। १५-२० मिनेट जति बाटो लागेपछि कमलाको किनारमा १२-१५ भन्दा बढी नै लाइटहरु बलेको देखिन्छ। संभवतः दलालहरुको संख्या थपिएको हुनुपर्छ ।

भिमानबजार ११ कै राति ९-९:३० तिर

"बजारमा चहल-पहल निक्कै कम भइसकेको हुन्छ । होटलहरु मात्र खुला हुन्छन् । त्यस्तैमा भुरुभुङ गोल परेर हिंडेका पुलिसहरुको माझ "उहाँ" ठमठम हिंडिरहनु भएको मैन्टलको उज्यालोमा अलिकति टाढाबाट देख्छु । पहिले चिन्दिन। फेरि चिन्छु २ झरकन्छु । अँध्यारोतिर पुलिस बाहेक अरु पनि मानिस थिए तर तिनीहरु छरिएर यताउती लाग्दै थिए । उहाँको खुट्टामा चप्पल थिएन। लुंगी २ मैलो कैलो रंगको कमेज जस्तो लगाएको देखिन्थ्या । टाढाबाट राम्रो ठम्याउन सकिना" एक प्रत्यक्षदर्शी महिला भन्छिन् ।

(५)

क. आजाद पत्रगाउ पर्नु भएको खबर १२ गते बिहान ७-८ बजेसम्ममा वरपरका गाउँहरुमा पुगिसकेको हुन्छ। सबै चिन्ता, आशंका र अनिश्चितता लिएर अति सतर्कतासाथ स्थानीय दलालहरुको र पुलिसहरुको हरेक गतिविधिमा केही खोजी रहेका हुन्छन्। प्रत्येकको आँखामा हेर्दा एउटा प्रश्न गरिरहेको भान हुन्छ- "अब के होला ?"

१२ गते १० बजेतिर : "हामी स्कूल जान आउँदै थियौं । चौकी बाहिरको ढोकामा संगीन चढाएको बन्दुक लिएर पुलिस बसिरहेको थियो। भित्र गुन्द्रीको बार थियो । कसलाई राखिएको छ भन्ने थाहा पाएनौं ।" स्कूले विद्यार्थीहरु भन्छन् ।

उही दिन दिउँसो : "माडसावलाई बाहिर निकाल्दै थियो। उहाँको हात, खुट्टा, कम्मर सबै ठाउँमा फलामका सित्रीले बाँधेको थियो र एक जनाले कम्मरको सित्रीलाई समातिराखेको थियो। पेसाब गराउन निकालेको रहेछ ।" एक जना प्रत्यक्षदर्शी किसानको भनाइ ।

उही दिन, दिन ढली (छक्काल) : क. आजादलाई गिरफ्तार गरी ल्याएको थाहा पाएर एकजना महिला हुरिंदै चौकीमा पुग्नुहुन्छ र उहाँलाई खै कहाँ राखेको छ भनेर पटक पटक गरी ३ जना पुलिससंग सोध्नुहुन्छ। पहिलोले जवापमा भन्छ- "हामीले ऋषिलाई खै कहाँ पकडेका छौं ? त्यसलाई भेटेको भए त मासु खान्थ्यौं।" अर्केलि जवाफ दिन्छ- "सिन्धुली लगी सक्यो।" तेस्रोले भन्छ- "राख्न त यहीं राखेको छ तर भेट गर्न पाइँदैन ।" उहाँ बल गरेर भित्र हेर्नु हुन्छ- क. आजादलाई चारै हातखुट्टा बाँधेर लडाइराखेको हुन्छ ।

१२ गते,दिनको ४ बजेतिर : "जनकपुरतिरबाट एउटा जीप बडो छिटो दौड्दै आइरहेको छ । भित्र खचाखच मानिस भरिएका छन् । सबै सादा पोशाकमा। अघिल्लो सीटमा बसेको हत्यारो एस पी रणबहादुर चन्दलाई प्रष्ट चिन्दछु ।"

"त्यो जीप बजारमा रोकिदैन । सरासर चौकितिर हुरिंदै जान्छ ।

"चौकी नजिक गएर जीप रोकिन्छ । केही क्षण पछि १-२ जना मानिसलाई छोडेर सबै मानिस युनिफर्म (सरकारी पोशाक) मा उत्रिन्छन् । धेरै जसोको हातमा राइफल हुन्छ । हतियार बोकेका पुलिसहरु तुरुन्तै चौकीलाई चारैतिरबाट घेर्छन् । एस पी थपरथ्याङ माथि चढ्छ ।" एकजना प्रत्यक्षदर्शी वर्णन गर्छन् ।

(७)

उही दिन साँझ ६ बजेतिर : "सिन्धुलीतिरबाट एउटा जीप आइरहेको देखिन्छ । नजिक आएपछि हेर्दा सी डी ओ आइरहेको थियो। जीप भिमानतिर गयो । भिमानतिर गएको पौने आधा घण्टा जति भएको हुँदो हो, जीप सी डी ओ सहित फेरि फर्कियो।" एक व्यक्ति आफ्नै आँखाले देखेको बताउँछन् ।

भिमान बजार लगायत बाटोको छेउछाउका सबै जनता घटनाक्रमबारे सचेत छन् । उनीहरु हर घडी आँखा र कानलाई सतर्क गराएर बाटोतर्फ हेरिरहेका छन् । रात बढ्दै जान्छ । मानिसहरु चिन्तित हुँदै सुत्न थाल्छन् । तर केही मानिसहरु रातभरि नसुतेर निगरानी दृढता लिएर बाटोतिरै हेरिरहेका हुन्छन् ।

यस्तैमा एकजना मानिसद्वारा प्राप्त विवरण : समय रातको १२:३० भएको थियो। चौकितिरबाट एउटा जीप बिस्तारै आयो। निक्कै नजिक आएपछि देखियो- चार जना मानिस जीपलाई पछाडिबाट घचेट्दै छन्। विस्तार-विस्तार भ्याट-भ्याटको आवाज जीपबाट निस्कँदैछ । केही अगाडि आएर जीप रोकिन्छ । पुलिसहरुभित्र दुवैतिर बन्दुक लिएर बसेका देखिन्छन् । अरु केही देखिन्न । फेरि ठेल्दै जीपलाई अघि लगिन्छ। जीप घचेट्ने मानिसभन्दा केहीपछाडि ४-५ जना मानिस विस्तारै हिंडिरहेका छन । एउटा गोविन्देलाई प्रष्ट चिन्छु (कुख्यात दलाल गोविन्द कोइराला) भन्छै दुई मिनेट जतिमा जीप खोला भर्छ ।"

(८)

खोला भरेको केही समय पछि : अर्को प्रत्यक्षदर्शीको बयान : "जीप गएको केही समयपछि ५-७ जना मानिस गुन्गुन् कुरा गर्दै मोटर हिंड्ने बाटोबाट हिंडिरहेको देख्छु । जीप भिमान खोला र भलुवाई खोलाको दोभानमा गएर रोकिन्छ । मानिसहरु जीपलाई त्यहीं भेट्छन् । त्यहाँबाट गाडी फेरि विस्तारै हिंडेको देखिन्छ । क्ती बालेको हुन्न ।

"जीप गएको आधा घण्टा जति भएको हुँदो हो, बन्दुक पड्केको मध्यम आवाज सुनियो। पहिलो आवाजको ५-७ मिनेट पछि फेरि अर्को आवाज आयो, फेरि चकमन्न भयो । अन्य कुनै किसिमको संकेत पाइएन।

१३ गते बिहान : ६-७ बजेतिर दलालहरु- गोविन्द कोइराला, नरनाथ कोइराला, झलक बहादुर र अरु (प्रष्ट नाउँ थाहा पाउन नसकिएको) मोटरको बाटैबाटो एक अर्कालाई अंकमाल गर्दै लट्ठारिंदै आएको केही मानिसले देख्छन् ।

उही दिन, दिउँसो ४ बजेतिर : स्कूलबाट फर्किंदै गरेका एक हूल केटाकेटीहरु बाँसखोला र भिमान खोलाको दोभानमा बाटोबाट ५०-६० हात टाढा मुढा बालेको थुप्रो देख्दा झस्कन्छन् । तर्सेकोले तिनीहरु त्यस ठाउँमा जाने आँट गर्दैनन् ।

केटाकेटीहरुबाट उक्त कुरा थाहा पाए पछि जानेहरु आगो ननिभिसकेको र थुप्रै स-साना हड्डीका टुक्राहरु पाउँछन् । खाल्डो जस्तो लाग्ने ठाउँमा खनी हेर्दा जति गहिरिंदै जान्छ त्यति ठूला रगतका फाल्सा पाइन्छन् । पहिलो खाल्डोको नजिकै अर्को खाल्डो हुन्छ।

यसरी जनसमुदायहरु एकजना क्रान्तिकारीको कायरतापूर्ण हत्या भएको कुरा दुःख र आक्रोशमा डुब्दै स्वीकार्न बाध्य हुन्छन् ।

(तत्कालीन नेकपा (माले) को प्रकाशन मुक्ति मोर्चा, ०३८ माघको गिरफ्तारी र हत्या अघिपछिका तीन दिनबाट)

श्रीमती गोमा देवकोटा
आजादकी धर्मपत्नी तथा सांसद, राष्ट्रिय सभा

आजादको हत्या भएको समय म वितिजोरस्थित माइती घरमा नै थिएँ। उहाँको हत्या भएको खबर लिएर मेरी बहिनी म कहाँ आइन्। आजाद पक्राउ परेका कुरा बताएपछि हत्या गऱ्यो भन्ने अड्कल मैले गरें। त्यो खबर सुनेको भोलिपल्ट नै कान्छी छोरी जोशिलालाई लिएर म भिमानतिर गएँ। मारेको तीन दिन भइसकेको रहेछ।

भिमानमा म एउटी बैनीको घरमा गएर बसें र त्यहाँको चहलपहल बुझ्न थालें। प्रशासनको रवैया पनि निगरानी गर्न थालें। उहाँलाई मास खोलाको दोभानमा मारेको थाहा पाइयो। त्यहाँ रमेश देवकोटा, म र छोरा सुवास गयौं। त्यतिखेरको स्थिति ज्यादै जटिल भएको हुँदा हामीहरू लुकिछिपी खोलै खोला गयौं। र, मारेको ठाउँ हेऱ्यौं। त्यहाँबाट फर्किएर आउँदा भिमान बजारमा मैले केही फटाहाहरूलाई भेटें। त्यहाँ गोविन्द कोइराला, झलकबहादुर राउत जस्ता फटाहाहरू भोज भतेरमा व्यस्त थिए। मलाई देख्ने वित्तिकै रमाइलो गर्न थाले।

त्यहाँ पुग्दा ममा रूने भन्दा पनि आक्रोश पैदा भयो। रीस र बदलाको भावना म भित्र उब्जिये। हत्या स्थल वरिपरि छरिएका रगतका छिटाहरू देखें। उहाँलाई डढाइएका खरानी देखें। एउटा नयाँ खाबोमा बसेर त्यो खरानीलाई हामीले केलायौं। त्यहाँ मसिना हड्डीहरू पनि थिए। त्यो हड्डी समातेर मैले सपथ खाँदै भनें तपाईको सपनालाई हामी पूरा गर्नेछौं।

आजादको हत्या भएपछि पार्टीकै निर्देशनमा मैले आजादको हत्यारालाई कार्वाही हुनुपर्छ भनेर सर्वोच्च अदालतमा रिट दिएँ। रिट दिनुपर्छ भन्ने खबर लिएर काठमाडौंबाट उद्धव दाहाल म कहाँ आउनु भएको थियो। काठमाडौंमा विष्णुबहादुर राउत र जिवराज आश्रितसित भेट भयो। र सर्वोच्च अदालतमा रीट दियौं।

मैले त्यतिखेर रिट दिंदा आजादको हत्यामा संलग्न अंचलाधीश, सिडियो, केही फटाहाहरू र सेल्टर सुराकी दिनेहरूलाई कारवाही गर्नुपर्छ भनेर उल्लेख गरेको थिएँ। खासगरी, सेल्टर सुराकी दिने झलकबहादुर राउत, इच्छाबहादुर, गोविन्द कोइराला, रामबहादुर रानामगर, रामकाजी कार्की र लालबहादुर मगरलाई कारवाही गर्नुपर्ने र अंचलाधीश गणेशमान अमात्य, सिडियो रामकृष्ण पन्तलाई कारवाही गर्नुपर्ने कुरा उठाएको थिएँ।

मैले पहिलेदेखि नै कारवाहीको माग गर्दै आएको छु। त्यो माग म अहिले पनि गर्छु। ती मान्छेहरू जहाँसुकै टाँसिए पनि कारवाही गर्नुपर्छ।

मैले पहिलेदेखि नै कारवाहीको माग गर्दै आएको छु। त्यो माग म अहिले पनि गर्छु। ती मान्छेहरू जहाँसुकै टाँसिए पनि कारवाही गर्नुपर्छ।

परिचय

सिन्धुली जिल्लाको भिमेश्वर गाविस स्थित खुर्कोट गाविसमा २००१ साल माघमा ऋषि देवकोटाको जन्म भएको थियो। साधारण किसान परिवारमा जन्मनु भएका देवकोटाले ६ महिनामा नै पितृ वात्सल्यबाट वंचित हुनु परेको थियो। मातृ वात्सल्यबाट पनि तीन वर्षमा नै उहाँ बंचित हुनु भयो। शिशु अवस्थामा नै आमा र बुबाको स्नेहबाट वंचित आजादको वाल्यकाल दुःख र कष्टका अनेकौं श्रृङ्खलाहरू बीच गुज्रियो।

आर्थिक अवस्था कमजोर भएकै कारण उहाँ कक्षा ४ उत्तीर्ण गरेपछि कलकत्ता जानु भएको थियो। कलकत्तामा करीब ३ वर्ष बसेपछि उहाँ पुनः जिल्ला फर्केर सिन्धुलीगढी स्थित कमला शहीद हाई स्कूलमा कक्षा ७ मा अध्ययन शुरू गर्नुभयो। विद्यालय अध्ययन गर्ने क्रममा उहाँले ट्युशन पढाएर जिविका चलाउनु भएको थियो भने उहाँको विद्यालय शुल्क तिर्न शिक्षक र साथीहरूले सहयोग गरेका थिए। उहाँ विद्यालय अध्ययन गर्ने क्रममा २०१९ मा नेपाल राष्ट्रिय अखिल विद्यार्थी फेडरेशनको अध्यक्ष हुनुहुन्थ्यो। यो संगठनले यस जिल्लाको प्रथम प्रगतिशील विद्यार्थी संगठन थियो।



भिमानमा निर्मित शहीद आजादको स्मारक

देवकोटाका वाल्य जीवन ज्यादै कष्टकर रहेको कुरा पुराना वामपन्थी नेता तथा हाल कमलामाई नगरपालिकाका नगर प्रमुख वासुदेव श्रेष्ठ भन्नुहुन्छ- "ऋषिले वाल्यकालमा धेरै नै दुःख पूर्वक बिताए। विद्यालय स्तरको शिक्षा आर्जन गर्नलाई पैसा नपाएकाले सानै उमेरमा काम खोज्न कलकत्ता गएका थिए।"

उहाँ २०२१ सालमा एस एल सी पास गरेपछि उहाँ क्याम्पस पढ्न काठमाडौं आउनु भयो। उच्च शिक्षाको लागि काठमाडौं आइपुग्नु भएका देवकोटाले साझा भण्डारमा जागिर खाँदै पढ्नु भएको थियो। पाटन संयुक्त क्याम्पसमा आई. ए. अध्ययन शुरू गर्नु भएका देवकोटा काठमाडौं नक्सालमा बस्नु हुन्थ्यो। उहाँ संगै उहाँका मित रामप्रसाद गजुरेल, शंकरनाथ शर्मा अधिकारी र कृष्ण देवकोटा बस्नु हुन्थ्यो। विद्यार्थी संगठनमा काम शुरू गर्न थालेपछि नै उहाँको कम्युनिष्ट पार्टीसंग सम्पर्क भएको बताइन्छ। २०२४ सालमा आई. ए. उत्तीर्ण गरेपछि उहाँ पुनः सिन्धुली खुर्कोटमा नै फर्कनु भयो। गाउँ फर्केपछि उहाँको सक्रिय तत्परता र स्थानीय

गाउँलेहरूको सहयोगमा जनज्योति माध्यमिक विद्यालय स्थापना भयो। उहाँ त्यही विद्यालयमा शिक्षक भएर काम गर्न थाल्नु भएको थियो।

देवकोटाले २०२६ सालमा कपा (तुलसिलाल समूह) को सदस्यता लिनु भएको थियो। तर सो समूह सक्रिय नरहेपछि उहाँकै नेतृत्वमा नेकपा (जनकपुर) को गठन गरिएको थियो। सो समूहमा शंकरनाथ शर्मा अधिकारी, गणेश नेउपाने, रामेश्वर कोइराला, योगबहादुर खड्का आदि हुनुहुन्थ्यो। यही समूहको तर्फबाट उहाँले नेकपा केन्द्रीय न्यूक्लियसमा प्रतिनिधित्व गर्नु भएको थियो।

विद्यालयमा अध्यापन गराउने क्रममा नै उहाँ कम्युनिष्ट पार्टीको काममा सक्रिय भइसक्नु भएको थियो। गाउँलेहरू माझ चेतना फैलाउन चाहने उहाँलाई विद्यालयमा राम्रो पठन पाठन गराउँदा गराउँदै पनि स्थानीय साहू, पञ्च र जमिन्दारहरूले त्यहाँ बस्न नदिने प्रपञ्च शुरू गरे। उहाँका विरूद्धमा प्रशासन पनि लाग्न थाल्यो। देवकोटाले खुर्कोटमा छँदै ०२४ फागुनमा सिन्धुली जिल्लाकै वितिजोर गाविस स्थित हर्कपुरका क्षेत्रीको छोरीसंग विवाह गर्नुभयो। जैसी बाहुन परिवारको सदस्यले क्षेत्रीको छोरीसंग विवाह गर्नु निक्कै कठिन कुरा भए पनि उहाँले तत्कालीन समयमा सामाजिक कु-प्रथाका रूपमा रहेको जातीय बन्धनलाई तोड्नु भएको थियो। उहाँकी पत्नी गोमा देवकोटा हाल नेकपा (एमाले) को तर्फबाट राष्ट्रिय सभाको सदस्य हुनुहुन्छ।

खुर्कोटमा आफ्नो बसाई प्रतिकूल हुन थालेपछि देवकोटा ०२७ माघमा सिन्धुलीकै भिमानमा बसाई सर्नु भयो। भिमानमा बसाई सरेर आएपछि पनि देवकोटाको तत्परतामा ०२७ सालमा जनजागृति मा.वि. को स्थापना भयो। देवकोटा त्यसबेलासम्मा जिल्लामा आम जनताको आँखामा एक शिक्षासेवी व्यक्तित्वको रूपमा र पंच तथा प्रशासनको आँखामा पंचायत विरोधी कम्युनिष्ट कार्यकर्ताका रूपमा परिचित भइसक्नु भएको थियो। यसैबिच ०२८ मा देवकोटा मोहन विक्रम सिंहको नेतृत्वमा नेकपा केन्द्रीय न्यूक्लियसमा संगठित हुनु भयो।

सिन्धुली जिल्लामा ०२८/२९ सालतिर भोकमरी फैलियो। गरीब किसान जनता वर्ष दिन भरि श्रम पसिना बगाएर पनि भोक र अनिकालमा पर्न थालेपछि उहाँले स्थानीय साहू, सामन्त र जमिन्दारको भकारी फोरेर गरीवलाई अन्न बाँड्ने अभियान शुरू गर्नुभयो। भकारी फोर अभियानसंगै जमिन्दारहरूले ओगट्न थालेको जमिन सुकुम्बासीलाई वितरण गर्नुपर्ने माग पनि पार्टीको तर्फबाट अघि सारिएको थियो। त्यस क्रममा उहाँलाई शान्ति सुरक्षा ऐन अन्तरगत पक्राउ गरी १८ महिना जेलमा राखियो। देवकोटा नेकपा केन्द्रीय कमिटी न्यूक्लियसमा नै रही रहनु भएको थियो। ०३१ साउन ३१ गते उहाँ पुनः पक्राउ पर्नुभयो। प्रहरीले उहाँलाई पक्राउ गरेपछि रसबहादुर कार्की, धनेन्द्रबहादुर कार्की, उद्धव दाहाल र अन्य केही साथीहरूले प्रहरीबाट खोसेका थिए। त्यसै बेलादेखि उहाँ पूर्ण भूमिगत हुनुभयो। देवकोटा जनकपुर अंचल कमिटीको

पृथ्वीनाथ पौडेल

पूर्व प्रधानपंच, भिमान

ऋषिको पहिलेको घर खुर्कोट हो। उनी भिमान निवासी थिए। उनी यहाँ आएपछि हामीले शिक्षक बनायौं। २०२८ मा स्कूल माध्यमिक तहमा बढाइए पछि अर्कै शिक्षक ल्यायौं। उनले आफू विद्यालयको प्रधानाध्यापक हुन नसकेपछि विद्यालय छोडेर राजनीति तर्फ लागेछन्। समय-समयमा भेट त हुन्थ्यो। उनलाई पक्राउ गर्दा म थिइन। तर पक्राउ गर्दा भागेको भनेर गोली हान्दा मऱ्यो भनी सर्जिमिन गराएछन्। करीब एक महिना पछि सर्जिमिन गरे जस्तो गरेर मलाई प्रधानपंच भएकाले रोहवरमा सही गराए। मैले लाश खै, लाश मुचुल्का खै भन्दा पनि जवरजस्ती सही गराए। उनीहरूले भिमानभन्दा पूर्व भिमान खोलाको शीर र बासखोलाको दोभानमा लगेर हत्या गरेका रहेछन्। तर सिन्धुलीमाडीमा बसेर करकरेमा मरेको भनेर सर्जिमिनको बेहोरामा लेखे। मैले मारेपछि किन सर्जिमिन गर्नु पर्छभन्दा उनीहरूले रित पुऱ्याउन भन्थे। उनको विरूद्ध सुराकी गर्ने उनीहरूकै साथी हो। सुराकी गरेबापत उस्लाई जागिर दिन्छु भनेका रहेछन्। त्यसपछि ऊ यहाँ आएको छैन र कहाँ छ थाहा पनि छैन। देवकोटा भित्रैबाट सुराकी नभई पक्राउ नपर्ने व्यक्ति थिए।

देवकोटा त्यति धेरै खराब थिएनन्। हामी कसैलाई नराम्रो गरेको थाहा छैन। उनका विरोधी त्यति धेरै थिएनन्। जाली फटाहाहरू प्रति उनको कडा दृष्टि हुन्थ्यो। ०३६ सालमा पनि हाम्रो घरमा आएका थिए। उनलाई ३-४ वटा घटनाको मुद्दा थियो। तर त्यस्ता घटनामा उनको हात हुँदैन थियो रे। उनलाई पक्रेपछि जिल्लाबाट सिडियो पनि आएछन्। राती नै जंगलमा लगेर गायब बनाए छन्। भिमानमा उनको जमिनको विषयमा पनि सरकारले उनलाई लखेटी रहन्थ्यो। उनी समाजसेवी, शिक्षाप्रेमी र समाज सुधारक अगुवा व्यक्तिका रूपमा जनतामा चिनिन्थे। उनले यहाँ भएको जग्गाको मुद्दा पनि जितेका थिए।

इच्छा बहादुर कार्की

उपप्रधानपंच, भिमान

देवकोटालाई उनकै साथीले सुराकी गरेर प्रहरीलाई पक्राए। उनले भिमानमा राम्रै काम गरेका थिए। उनले यहाँ आएर स्कूल खोलाए। मास्टर भएर पढाए। हामीलाई राम्रो सल्लाह र प्रेरणा दिइ नै रहन्थे। हामी पंच, उनी पंचायत विरोधी भए पनि आउने जाने, सल्लाह गर्ने समय समयमा हुन्थ्यो।

उक्त दिन ऋषिलाई मेरै घर नजिकबाट पक्रेछन्। राती १० बजे तिर मलाई रामकाजीले आएर ऋषिलाई प्रहरीले पक्राउ गरेर लगेको कुरा भन्यो। भोलिपल्ट चौकीको सईले रामकाजीलाई पनि ल्याउँ भनेर सोधेकोमा मैले घरमा काम गरेर बसेको मान्छेलाई किन ल्याउँछौ भनिदिएँ। मलाई पनि चौकीमा ऋषिलाई भेट्न दिएनन्। उनलाई राजकाज आदि मुद्दा थियो। पछि प्रहरीले बाटोमा लाँदा भागेको भनी गोली हानेर मारेछन्। मारेपछि हाम्रो रोहवरमा सर्जिमिन भयो भनेर सही गराए। मारेपछि नै प्रमाण पुऱ्याउन कागजात तयार गर्ने, अदालत लाने, रिकर्ड मिलाउने जस्ता काम गरेछन। देवकोटालाई पक्राउ गर्न सहयोग गरेका आरोप लागेका एक व्यक्तिलाई प्रहरीमा जागिर दिएका थिए रे। अर्को व्यक्ति पनि छ भन्छन् तर को हो थाहा छैन। यहाँका एक दुई व्यक्ति आफूलाई कम्युनिष्ट हुँ भन्छन् तर उनीहरूलाई पार्टीले गद्दारी गरेको भनेर विश्वास नगर्ने र कुनै काम पनि नदिने पनि गरेका छन्।

लालबहादुर रानामगर
ऋषि देवकोटा बास बस्नु भएको घर धनी

मैले ऋषि देवकोटालाई चिनेको पनि थिइन। उहाँहरूको बारेमा सुनेको थिएँ। केही पहिले एक जना छिमेकीले ऋषि देवकोटा भनेको तिनै हुन् भनेका त थिए। तर मैले मान्छे बिर्सिसकेको थिएँ।

त्यस दिन (मिति थाहा छैन) उहाँ मेरो घरमा साँझमा एक्लै आइपुग्नु भयो। मैले "नचिनेको मान्छेलाई बास दिन सकिन्न" यहाँ प्रहरीहरू घुम्छन् पनि भनें। उहाँले मान्नु भएन। सुनखानीको रामबहादुर तपाईको को पर्छ भनेर सोध्नु भयो। मैले मेरै भाइ हो भनेपछि उहाँले ऊ मेरै साथी हो भनेर हात मिलाउनु भयो। भोलिपल्ट म रामबहादुरलाई बोलाउन सुनखानी गएँ। भाइलाई मैले ऋषि आएको कुरा सुनाएपछि उस्ले भोलिदेखि उनीहरूले क्रान्ति गर्न सक्छन् भने ठीक छ नत्र म भने अब एकान्तमा बस्छु भन्यो। भिमान भूत्ले दमाइको घरमा आइपुगेपछि म पास्वो तर्फबाट आउँछु भनेर ऊ छुट्टियो। मैरे छिमेकी काले दमाईको घरमा मासु काटेका रहेछन्। ऋषिले मेरो जहानलाई मासु किनेर ल्याउन पठाएछन्। मेरो घरमा रामकाजी पनि गएछन्। भाइ पनि पुग्यो। त्यसपछि खाना पकाएर खायौं। रामकाजी र ऋषि एकातिर हामी दाजु भाइ अर्कातिर बसेर गफ भयो। उनले जिल्लामा तालिम छ भने। तालिममा भाग लिन को को तयार छन् भनेर सोधे। कुरा गर्दा गर्दै पुलिसहरू बन्दुक र लाइट लिएर पुगे। म र रामकाजी तल झर्यौं। पुलिसले रामे चोर पनि पो रहेछ भनेको पनि सुनें। ऋषिलाई हतकडी लगाएर लगे। म र रामकाजी बाजे तत्कालीन उपप्रधानपंच इच्छाबहादुर कार्कीकोमा आयौं। रामबहादुरलाई रामे तँ किन भागिस् भनेर लिएर गए। उस्लाई भने हतकडी लगाएनन्। रामबहादुरलाई कहिले छोडे थाहा छैन, तर ऊ यहाँ आएको छैन।

देवकोटालाई पक्रेको दुई दिनपछि कार्की खोलामा लगेर मारे भनेको सुनें। मैले भाइलाई लिएर गएँ भनेपछि मेरो घरमा कोही आएको हुनुपर्छ भनेर शंका गरेका हुन पनि सक्छन्। त्यसबेला सडक बन्दै थियो। धेरै मान्छे त्यहाँ काम गर्थे। झलकबहादुरको भाइ लालबहादुर पनि पार्टी सदस्य थियो। बाटोमा आउँदा रामबहादुरले म दिन दिनै प्रहरीको कुटाइ खाएर गुहु मुतमा डुबेर बस्नु भन्दा राजनीति नै गर्दिन पनि भनेको थियो। ऋषिजीहरूको पार्टीमा बसेर काम गरेर के खाने भनेर पनि भनेको थियो। हुन त त्यसबेला ऋषिलाई पक्राउ गर्न जिल्लामा प्रहरी टोली घुमेको छ भन्ने हल्ला पनि थियो।

रामबहादुरले पोलेको भनेर पनि हल्ला भएको छ। मैले उसलाई आमा मरेको बेला आउँदा "ए ! तैंले त बद्मासरी गरिनस् ?" पनि भनें। तर ऊ केही पनि बोलेन।

सचिव पनि हुनुहुन्थ्यो। उहाँमाथि राजकाज अपराधको मुद्दा लगाइएको थियो।

नेकपा (चौम) को २०३१ भदौमा बनारसमा चौथो महाधिवेशन सम्पन्न भयो। त्यस महाधिवेशनले देवकोटालाई वैकल्पिक केन्द्रीय सदस्यमा निर्वाचित गऱ्यो। ०३४ मा पार्टीबाट मोहन विक्रम सिंहलाई कारवाही गरेपछि उहाँ पूर्ण सदस्यमा छानिनु भएको थियो। ०३५ सालमा उहाँ नेकपा (चौम) को पोलिटव्यूरो सदस्य हुनु भयो।

देवकोटाले ०३६ जेठमा नेकपा (चौम) को कार्यशैलीप्रति मत भिन्नता जाहेर गर्दै पार्टी परित्याग गर्नुभयो। त्यसपछि उहाँले जनकपुर अंचलमा आफ्नो सम्पर्कमा रहेका कम्युनिष्ट कार्यकर्ताहरूलाई समेत समेटेर नेकपा (विद्रोही एकता केन्द्र) घोषणा गर्नुभयो। त्यस पार्टीको महासचिव उहाँ नै हुनुहुन्थ्यो। सो पार्टीको स्थापना पछि पूर्ण भूमिगत जीवन बिताइरहनु भएका देवकोटालाई प्रहरीले २०३७ फागुन १० गते सिन्धुलीको भिमानमा पक्राउ गरी दुई दिन पछि स्थानीय जंगलमा मारेको थियो।

ऋषि राज देवकोटा "आजाद" को जीवनी

तत्कालीन पूर्व २ नं. मा पर्ने हाल सिन्धुली र रामेछाप जिल्लाको सिमा स्थित रमणीय सुनकोशी किनारमा अवस्थित हालको भिमेश्वर गाविस-२ सदावर्त टोल जहाँ खुर्कोटको अगुवाहरूको बासस्थान, अधिकांश देवकोटाहरूको जन्मथलो, जहाँ क. आजाद वि.सं. २००१ सालमा जन्मिनु भएको थियो। संसारै भरी मुक्ति संघर्षको ज्वारभाटा चलिरहेको बेला नेपालमा पनि निरंकुश राणाहरूको क्रुर अमानवीय शासन विरूद्ध १९७ सालमा देशभक्त शहीदहरूले देखाएको बाटोमा लागिरहेका नेपाली योद्धाहरूको क्रान्तिकारी वातावरणकै बेला एउटा निडर योद्धा क. आजादको जन्म हुन गएको थियो।

बाजे नन्दलाल देवकोटा तत्कालीन अवस्थाका तालुकदार मुखिया र गाउँका सम्पन्न व्यक्ति हुँदाहुँदै पनि आफ्नै दाजुभाइ बीचको घर झगडाका कारण बसाइँ सर्ने क्रममा भएभरको जायजेथा निखारेर, आफ्नी हजुर आमाले बेच्न नदिएर रहेको एउटा पुरानु पुख्र्यौली घर, जहाँ पछि क. आजाद सर्वहाराको स्वरूपमा हजुर आमासंगै हुर्कन पुग्नुभयो। बाल्यकालमै बुबा राम प्रसाद देवकोटा र आमाको समेत मृत्युबाट विछोडको वेदना स्वप्न बाध्य भएका आजादले सानै उमेरदेखि नै आर्थिक अभावसंग जुध्न जानि सक्नु भएको थियो।

गाउँघरकै गुरूहरूबाट प्रारम्भिक शिक्षा लिने तत्कालीन अवस्थामा गुरू वेदनाथ पोखेल र गुरू उमानाथ शास्त्रीबाट उहाँ साक्षर हुनु भएको थियो। २००६ सालमा स्थापित नेकपाको संगठन विस्तार गर्ने क्रममा त्यस जिल्लाको जिम्मा पाएका क.पा. का नेताहरू वाशुदेव श्रेष्ठ, रामहरी बराल, भोजराज बराल, डण्डबहादुर कार्की, कृष्णहरि अधिकारी, खड्गबहादुर श्रेष्ठ, एस्.वी. राई लगायतका नेताहरूको आश्रमय स्थल थियो सदावर्त गाउँ। त्यहाँका प्रमुख सेल्टरदाता डिल्लीराम आचार्य र श्रीमती वेदमाया आचार्यको सक्रियतामा विश्व कम्युनिष्ट आन्दोलन र मार्क्सवादको प्रारम्भिक शिक्षाको बारेमा क्लास लिइन्थ्यो। त्यस्ता महत्वपूर्ण क्लास लिएका कुरा सानै उमेरदेखि देख्ने र सुन्ने मौका पाएका आजादलाई आफ्नो भावी बाटो ठम्याउँन सजिलो हुँदै गयो। २००८ सालमा खुर्कोटमा स्थापित श्री भिमेश्वर प्राइमरी स्कूल निर्माण गर्दा अगुवा कम्युनिष्टहरूको स्थानीय सामन्तहरूसंग जुधेको बेला र नेकपा माथि प्रतिबन्ध लागेपछि त्यसको बदलामा अखिल नेपाल किसान संघले गरेका कृषि आन्दोलनहरूले गर्दाको संघर्षका विषयमा पनि क. आजादको अनुभव बढ्दै गएको थियो। औपचारिक स्कुले शिक्षा त्यसै प्रा.वि. बाट शुरू गरेका आजादको आर्थिक अभावका कारण नियमितता दिन सकेनन्। जेठी हजुरआमा पट्टिका छोरा, काका पशुपतिसंग केही समय कलकत्ता बस्दा तत्कालीन पश्चिम बंगालका कम्युनिष्टहरूको क्रियाकलापलाई पनि नजिकैबाट हेरेका आजादलाई कम्युनिष्ट पार्टीप्रति आकर्षण बढ्दै गयो।

सिन्धुलीको कमला हाइस्कूलमा पढ्दाका बखत पनि तत्कालीन अवस्थाका विद्यार्थीहरू बीच लोकप्रिय बनेको ने.रा.वि.फे.को प्रभावले गर्दा त्यस विद्यालयलाई

कम्युनिष्ट जन्माउने थलोको रूपमा लिइन्थ्यो। २०२१ सालमा कमला हाइकूलबाट एस. एल. सी. पास गरेपछि माथिल्लो शिक्षाका लागि पाटनसंयुक्त क्याम्पसमा भर्ना हुनु भयो। आर्थिक जटिलता बोकेर आजादले साझा भण्डारको विक्रेतामा काम गर्दै बिहान बेलुकीका समस्या झेल्दै त्यहींबाट आई. ए. पास गर्नु भयो।

तत्कालीन चिन सरकारले अख्तियार गरेको "व्याक टु द भिलेज" भन्ने अभियानलाई नक्कल गरे जस्तो गरेर पंचायती व्यवस्थाले पनि "गाउँ फर्क राष्ट्रिय अभियान" को नारा अघि साऱ्यो। त्यसै सिलसिलामा ग्रामीण क्षेत्रमा समाज सुधारका कार्यक्रम चलाउने उद्देश्य बोकेर क. आजाद घर फर्कनु भयो। आफ्ना सहकर्मी दाई बद्रीनाथ देवकोटा लगायतका साथीहरूसंग मिलेर २०२४ सालमा श्री जनज्योति माध्यमिक विद्यालयको स्थापना र विविध विकास निर्माणमा उहाँ लाग्नु भयो। सिन्धुली जिल्लाको वितिजोर निवासी श्री जयबहादुर कार्कीकी जेठी छोरी गोमा देवीसंग अन्तर्जातीय विवाह गरे पश्चात् ती दुवै एकै उद्देश्यका साथ अझ सक्रिय रहे। त्यस विद्यालयको शैक्षिक र भौतिक व्यवस्थापन सम्पन्न गरेपछि उहाँ आफ्ना सहकर्मी बद्रीका साथ सिन्धुलीको भिमानमा आफ्नु पुरानु घर विक्री गरेर २०२७ सालमा बसाई सर्नु भयो।

शैक्षिक आन्दोलनबाट नै वर्गीय चेतनाको विकास गरेर आमुल परिवर्तन गर्न सकिन्छ भन्ने विश्वासले स्थानीय जाली फटाहासंग जुध्दै र न्यायप्रेमीहरूको साथ सहयोग प्राप्त गर्दै २०२७ साल माघ २ गते श्री जनजागृति माध्यमिक विद्यालयको स्थापना भयो। त्यसको संस्थापक केही समय शिक्षक बनेर विद्यालय संचालन गर्न थाल्नुभयो। सर्वहारा श्रमजीवी जनताको मुक्तिको खातिर आमूल परिर्वनको दिशालाई लक्ष्य बनाउनु भएका आजादलाई स्कूलको घेराले मात्र छेक्न सकेन।

त्यतिबेला नेकपा मसालसंग आबद्ध रहनु भएका आजादले भोकभोकै परेका स्थानीय गरीब मानिसहरूको पक्षमा धनी किसानहरूसंग वार्ता शुरू गर्नुभयो। कुराको भरमा अनाज नदिने नष्ठुर धनीहरूको मनसाय बुझेपछि भकारी फोर आन्दोलनको योजना बनाइएका थिए। कार्यक्रम संचालनको शुरूमै स्थानीय सामन्त र फटाहाहरूको निर्देशनमा २०३१ सालमा पक्राउ परेका क. आजाद सिन्धुली र जलेश्वर गरी १८ महिना जेलयात्रा समाप्त गरी घर फर्कनु भयो। विना पूर्वाधार अवैज्ञानिक तरिकाबाट लागु गरिएको नयाँ शिक्षा योजनाको देशभर विरोध भइरहेकै सिलसिलामा धनुषाको जदुकुवामा २ जना विद्यार्थी कामेश्वर र कुशेश्वरको पुलिसको गोलीबाट हत्या भयो। त्यसैको सम्झना स्वरूप भिमान हाइस्कूलमा पनि विरोध जुलुस भएको बखत थुप्रै विद्यार्थी नेताहरू पक्राउ परे भने त्यो काण्डलाई उक्साएको निहुँमा भर्खरै जेलबाट फर्केका आजादलाई षडयन्त्रपूर्ण किसिमले पक्रिने काम भयो। सिन्धुली जेल चलान गर्ने सिलसिलामा पुलिसले लिएर जाँदै गर्दा बाटोमा पर्ने सिस्नेरीको जंगलमा युवा कम्युनिष्ट कार्यकर्ता उद्धव दाहाल, घनेन्द्र कार्की, रसबहादुर कार्की, नवराज देवकोटाले पुलिसको हातबाट उहाँलाई खोस्न समर्थ भए।

त्यसपछि पूर्ण भूमिगत नेकपा मशालको जिम्मेवार नेताको रूपमा अग्रसर क. आजाद त्यो पार्टीको २०३१ सालमा सम्पन्न चौथो महाधिवेशनबाट पनि केन्द्रीय कमिटीको सदस्य भै काम गर्न थाल्नुभयो। काम गर्दै जाने क्रममा धेरै खट्ने जुझारू स्वभावका आजादको केन्द्रीय नेतृत्व अर्थात् महासचिव मोहन विक्रम सिंहसंग समेत अन्तरविरोध देखा पर्न थाल्यो। उता २०२८ सालको झापा संघर्षबाट शुरू भएको अखिल

गणेश थापा, भिमान

म त्यसबेला औलो उन्मुलनमा भिजिटर थिएँ। एउटा सानो किराना पसल पनि थियो। साँझ ५-६ बजेतिर चौकीबाट प्रहरीहरू निस्केका थिए। उनीहरूले ८-९ बजेतिर "गणेशजी माउ ल्यायौं" भनेर सईले मलाई देखाए। तर उनीहरू गएतिर जान दिएनन्। नरनाथ कोइराला र घमण्डबहादुर बस्नेतले चौकीमा जान बल गरेका थिए।



भिमान प्रहरी चौकी

राती नै दुई जना प्रहरी र एक जना सई आएर मलाई गाउँमा गएर केदार बस्नेत, धनबहादुर थापा, कृष्णबहादुर कार्की लगायतका केही व्यक्तिलाई बोलाएर ल्याउनु भने। धननाथ कोइराला, गोविन्द कोइराला र उनको ड्राइभर गोविन्द थापालाई लिएर आउनु भनि कमला नदी पारी पठाए। पछि प्रहरी भने गएनन्। हामी केही व्यक्तिले धननाथलाई गएर भन्यौं। उनले पहिले त म चौकीमा जान्न भनेका थिए। त्यसपछि हामी १०-११ बजेतिर गोविन्द कोइराला कहाँ गयौं। गोविन्दको घरमा धननाथ पुगे। हामी १०-१२ जना भएर चौकीमा आयौं। देवकोटालाई ठिंगुरामा हालेका रहेछन्। नरनाथ कोइरालाले ऋषिलाई जुत्ता खोलेर हिर्काउन खोजेको थियो, देवकोटाले उस्लाई थुकिदिनु भयो। त्यसपछि हामीलाई चौकीमा बस्न दिइएन। तल चौरमा झारियो। त्यसबेला पनि गोविन्द र धननाथ माथि नै थिए। भोलिपल्ट उनलाई सदरमुकाम सिन्धुलीमाढी लगेको कुरा चल्यो। तर चित्र नारायण श्रेष्ठले राम्ररी बुझेर चौकीमा नै राख्नेको कुरा एकिन गर्नुभयो।

बेलुकी पख्र मिलमा काम छ भनेर बलबहादुर बस्नेतले ८ लिटर मट्टितेल लिएर गए। सो राति कर्फ्यु लगाइएको थियो बजारमा। कसैलाई पनि घर बाहिर नडुल्न, झ्याल बन्द गर्न, वत्ती नवाल्न चेतावनी दिइयो। सबै पसलहरू चाँडै नै बन्द गराइए। राती अचानक गाडी ठेलेर बजार कटाए। मट्टितेल पनि प्रहरीले लिएर गए। राती कहाँ के भयो भनेर हामीले अनुमान गर्न, सोच्न सकेनौं। भोलिपल्ट दीर्घराज सर र हामी घाँस दाउरा गर्न जंगल गयौं। दीर्घराज सरले त सरासरी ऋषिलाई हत्या गरेको घटना यहीं हो भन्दै त्यहीं पुऱ्याउनु भयो। उहाँले राती नै यी सबै घटना हेरेको बताउनु भयो। केही दाउरा, टायर, खाल्डोमा रगत जमेको, जोर्नीका राम्ररी नडढेका हड्डी छरिएका थिए। हामी फर्केर आयौं। जनकपुरबाट ल्याएको गाडी जनकपुर नै लगेका थिए। त्यसबेला मैले नाम जानेको प्रहरी हवल्दार दिलिप थापा हो। ऊ अहिले लेखन्दास काम गर्छ।

कर्णध्वज अधिकारी
गृहसचिव

तत्कालीन गृहसचिव कर्णध्वज अधिकारीले ०३८ वैशाख १२ गते सर्वोच्च अदालतलाई महान्यायाधिवक्ताको कार्यालय मार्फत् एक संक्षिप्त जवाफ लेख्नु भएको छ। गृह सचिव अधिकारीले निवेदिकाका पति श्री ऋषिप्रसाद देवकोटालाई थुन्न, कुटपिट गर्न र मार्न भनी यस मन्त्रालयबाट आदेश भएको वा दिएको छैन भन्नुभएको छ। त्यसैगरी उहाँले निवेदिका यस मन्त्रालयमा बुझ्न आएको भन्ने कुरा पनि आधारहिन हो भनी जवाफमा लेख्नु भएको छ।

शम्भु थापा क्षेत्री
प्रहरी नायव उपरिक्षक, जलेश्वर

यस सिन्धुली जिल्ला रानीबास गा.पं.-३ भिमान बस्ने आजाद भन्ने ऋषि प्रसाद देवकोटालाई प्रहरीले पक्राउ गरेको नभै सिन्धुली जिल्ला खुरकोट बस्ने ऋषिराज देवकोटा भन्ने व्यक्तिलाई ज्यान समेतको मुद्दामा पोल गरी विभिन्न ध्वंसात्मक काम कारवाही गर्ने उद्देश्य लिई लुकीछिपि हिडिरहेकोमा प्रहरीले पक्राउ गरेको र निजलाई जिल्ला प्रहरी कार्यालय सिन्धुली लान लाग्दा बीच बाटो जंगलमा निजको सहयोगी समेतले प्रहरीमाथि आक्रमण गरी ऋषिराज देवकोटालाई भगाई लान खोज्दा आत्मरक्षाको लागि प्रहरीबाट गोली फायर हुँदा निज ऋषिराज देवकोटा मर्न गएको र सो सम्बन्धमा अधिकार प्राप्त अधिकारीबाट अनुसन्धान तहकिकात भै सिन्धुली जिल्ला अदालतमा मुद्दा पेश भैसकेको बुझिएको र यसरी निवेदनमा उल्लेखित नाउँ ठेगाना भएको व्यक्तिलाई प्रहरीले पक्राउ नै नगरेको।"

जिल्ला प्रहरी कार्यालय जलेश्वरका प्रहरी नायव उपरीक्षक शम्भु थापा क्षेत्रीले ०३८ साल जेठ ११ गते महान्यायाधिवक्ताको कार्यालय मार्फत् सर्वोच्च अदालतमा यसै व्यहोराको जवाफ दिएका थिए। यस जवाफमा कहाँ, कहिले पक्राउ गरिएको, कहाँबाट जिप्रका सिन्धुली लगिएको, घटना कहाँ भयो तथा सम्बन्धित अन्य व्यक्ति को को थिए भन्ने उल्लेख गरिएको छैन।

लक्ष्मण अधिकारी
प्रहरी सहायक निरीक्षक
अस्थायी प्रहरी पोष्ट भिमान, सिन्धुली

देवकोटाको विषयमा सर्वोच्च अदालतलाई जवाफ दिने क्रममा प्रहरी सहायक निरीक्षक लक्ष्मण अधिकारीद्वारा ०३८ वैशाख ४ गते लेखेको जवाफमा जिल्ला प्रहरी कार्यालयसंग मिल्दो व्यहोराको विवरण उल्लेख प्रस्तुत गरिएको छ। जिल्ला प्रहरी कार्यालय सिन्धुलीबाट अस्थायी प्रहरी पोष्ट भिमानमा काजमा खटिएका प्रसनी अधिकारीद्वारा अन्य निकायको भन्दा फरक जवाफ प्रस्तुत गर्दै भनिएको छ- "सो घटनामा पिठ्यूमा गोली लाग्न गई सोही ठाउँमा मृत्यु भएको भन्ने ०३७ फागुन १३ गतेको प्रहरी सहायक निरीक्षक पदमबहादुर खड्का समेतको प्रतिवेदन प्राप्त भएको थियो।" पिठ्यूमा गोली लागेको कुरा अन्य कुनै पक्षले पनि उल्लेख गरेका छैनन्।

नेपाल कम्युनिष्ट क्रान्तिकारी कोअर्डिनेशन कमिटी (माले) को (२०३२ साल जेठ २४) गठनले पूर्वमेची देखि नै आन्दोलनको लहर फिंजाइरहेको क. आजादले आफ्नै आँखाले देख्नु भएको थियो। मालेहरूलाई उग्रवामपन्थी भन्दै आफू दक्षिणपन्थ तिर ढल्केको आभाष चौथो महाधिवेशनको तत्कालीन कार्यक्रमबाट क. आजादलाई अनुभूति हुँदै गयो। फलस्वरूप नेकपा मशालको चौथो महाधिवेशनको केन्द्रीय सेक्रेटरी सम्मेलनले पास गरेका शसस्त्र क्रान्तिका कुराहरू त्यागेको, व्यक्तिवाद र आत्मसुरक्षाको भावना बढेको, शसस्त्र संघर्षका पक्षधरहरूलाई उग्रवामपन्थी भन्ने आरोप लगाइएको, पार्टीमा दक्षिणपन्थीहरूलाई प्रोत्साहन दिएको, नेतृत्वमा नोकरशाही, विलाशिता गरी जुझारू कार्यकर्ताको एउटा महत्वपूर्ण हिस्सा लिएर केन्द्रीय नेतृत्वसंग विद्रोह गरी २०३७ साल जेठ १४ गते विद्रोही एकता केन्द्र नामको कम्युनिष्ट संगठन निर्माण गर्न क. आजाद पुग्नु भएको थियो। संगठनको विस्तार पछि नेकपा (माले) संग एकाकार हुने कुरामा धनुषा जिल्लामा कार्यरत नेकपा (माले) का जिम्मेवार नेतासंगको वार्ताबाट सहमति भैसकेको थियो।

त्यसै सिलसिलामा पुराना साथीहरूसंग भेटघाट गर्ने क्रममा २०३७ साल फागुन १० गते बेलुका हालको कमलामाई नपा-१६ निवासी लालबहादुर मगरको घरमा बास बस्न पुग्नुभयो। क. आजाद संगको सम्पर्क टुटेकै बेला पंचहरूको आर्थिक लेनदेनमा संदिग्ध बनिसकेका रामकाजी कार्की, लालबहादुर रानामगर र रामबहादुर मगरको विषयमा क. आजादलाई थाहै भएन। आजादलाई पक्राउ गराइ दिने वाचा गरेर तीस हजार रूपैया रामकाजी कार्कीले लिइसकेको थियो। उता रामबहादुर मगर पनि सोही योजना स्वीकार गरेर सिन्धुली जेलबाट क. आजाद ती दुष्टहरूको जालमा परेको कुरा जिल्ला सदरमुकामका भ्रष्ट प्रशासक र पंच प्रतिनिधिलाई समेत जानकारी भयो। अचुक जालो बुन्दै गरेका प्रशासक र प्रतिनिधिहरूले केही समय अलमल्याएर राख्ने निर्देशन बमोजिम रामबहादुरले १० गते राती भरी अल्मल्याउँने काम गऱ्यो। षडयन्त्र हुन खोजेको हो कि भन्ने शंकाले ११ गते बिहान अन्यत्र लाग्न खोजेका आजादलाई भए भरको नक्कली विश्वास देखाएर दिनभर रोक्ने काम गरे। बेलुका अरू साथीहरू पनि भेट्न आउँदैछन् भनी रोकिएका आजादलाई उल्टै साँझ ८-९ बजेतिर लालबहादुरको घर घेरा हाली सई भरत चापागाईंको नेतृत्वमा गएको पुलिस कमाण्डोले क. आजादलाई गिरफ्तार गऱ्यो र रातभर सशक्त पुलिस पहराका साथ भिमान प्रहरी चौकीमा राख्यो। भोलिपल्ट १२ गते दिनभर जनकपुर अंचलाधीश र जनकपुर एस. पी. कार्यालय समेतको सहयोग प्राप्त गर्न सिडियो रामकृष्ण पन्तले योजना बनाए। उता आजादको गिरफ्तारीबाट विह्वल भएका विभिन्न कार्यकर्ता र आफन्तहरूलाई भेट्नसम्म बंचित गरियो।

समयले पर्खेन, १२ गतेको अँधेरी साँझ शुरू भयो। रातको १०-११ बजेको सुनसान समय पारी पुलिस प्रशासन पंच प्रतिनिधि र तिनका सुण्डमुसुण्ड दलालहरूको जत्थाले बोल्न नदिएर मुख बन्द गरी बोरामा राखिएका क. आजादलाई प्रहरी चौकीबाट झिकेर जलेश्वर चलान गर्ने निहुँमा एउटा रसिएन जिपमा राखी मोटरको आवाजले जनता व्युँझने डरले बग्गी घचेडे जस्तो गरी त्यो जिप ठेल्दै भिमान बजारबाट इनारपानी हुँदै चुरे जंगलतिर लगियो। यतिकैमा सुनसान रातको १२ बजेतिर चुरे जंगलको आसपासमा तीनचार राउण्ड बन्दुक पड्केको आवाज सुनेको कुरा इनारपानी निवासी क. आजादकी माइली आमा बताउनुहुन्छ।

रातमा आएको बन्दूकको आवाजसंगै भोलिपल्ट १३ गते बिहान त्यो समाचारले गाउँ गाउँमा खैलाबैला शुरू भयो। उतामध्ये रातमा चुरे जंगल नजिकै भिमान खोला र चोर खोलाको दोभानमा एउटा जमुनाको रूख मुनी

ती आततायीहरूले पंचायती व्यवस्था स्वीकार गर्न दबाब दिंदा पनि शिर नझुकाइकन नेपाली श्रमजीवी जनताको मुक्तिको खातिर आफ्नो जीवन उत्सर्ग गर्न तयार रहेको जवाफ पाएपछि क. आजादको छाती छेडिन पुग्यो। नेपाली भूमिको माटोलाई चुम्दै त्यो जमुनाको रूखलाई अंकमाल गर्दै क. आजदको शाहसिक शरीर भूमिमा ढल्यो। खुनी प्यासाहरूले त्यो शाहसिक शरीरलाई खुकुरीले टुक्रा टुक्रा पारे र रगत एउटा खाल्टो खनेर पुरिदिए भने हाडछाला मासु चाहिं मट्टितेल हालेर राती नै खाग पारी आफ्ना अभिष्ट कुकर्म पूरा गरी फर्के। यसरी भयो एक महान आत्माको अन्त्य।

राती गोलीको आवाज आएको दिशातर्फ १३ गते बिहानै देखि जनताको खोजविन शुरू भयो। आखिर घाँसपात जानेहरूले बिहानै फेला पारे आफ्ना प्यारा "माइसाब" को जीवन अन्त्य गरेको विभत्स दृश्य। त्यो समाचार वस्ती वस्ती छिचोल्दै देशभर फिंजियो। भिमानमा विद्यालय स्थापना गर्दा बहुत पसिना बगाउँने "माइसाब" को रगत पनि यै खोलामा पोखिएला भन्ने कसैले सोच्न त के कल्पना पनि गरेको थिएन। त्यसै भिमानमा स्थापित ज.जा.मा.वि. का संस्थापक जनताका प्रिय गुरू क. आजदको त्यसै विद्यालयको छेवैबाट बगेको भिमान खोलाको किनारमा त्यो पवित्र रगत शिक्षा दिवसकै दिन बग्यो।

एक लोकप्रिय नेताको असमयमै भएको अवशानको विषयमा जनताले आफ्नै किसिमले छानविन शुरू गरे। छानविनबाट थाहा भएअनुसार क. आजादको भौतिक शरीर नै खतम गरेको देख्न चाहने तत्कालीन सिन्धुली जिल्लाबाट प्रतिनिधित्व गर्ने रा.पं.स. सुश्री भद्रा घले, मार्नसम्मको सल्लाह नभएको भनिएका र घटना स्थलमा फोटो खिच्न आफ्नो क्यामेरा दिने तत्कालीन जिल्ला सभापति टिकाजंग थापा, सुरू देखि नै योजनाकार तत्कालीन अवस्थामा जनकपुर अंचलमा गुप्तचर विभाग अन्तरगत काम गर्ने सिन्धुली घोक्सीलाका कृष्णहरि बराल, योजना कार्यान्वयनको जिम्मा लिएका जनकपुर अंचलका अंचलाधिश गणेशमान अमात्य, जनकपुरका एसपी रणबहादुर चन्द, सिन्धुलीका सिडियो रामकृष्ण पन्त, चरिकोट घर भएका जनकपुर प्रहरी गुल्मका सई रणबहादुर बस्नेत, बन्दुक र खुकुरी प्रहार गर्ने महोत्तरी धर्वौली घर भएका प्रहरी राम इकवाल सिंह लगायतका व्यक्तिहरू थिए। अन्य किमिसले हत्यामा सघाउ पुऱ्याउने मध्येका सिन्धुली तोरीस्वाँरा घरका भएका प्रहरी इन्द्रबहादुर तामाङ, महोत्तरी पर्सा धवौली घर भएका प्रहरी कामेश्वर पाण्डे, काठमाडौं घुम्बराही घर भएका प्रहरी सई भरत प्रसाद चापागाई, धनुषा वैदेही घर भएका प्रहरी रामसिं मण्डल, महोत्तरी घर भएका प्रहरी वजूकान्त पाण्डे, नागेन्द्र यादव, हत्याको योजनासम्म थाहा पाएका सिन्धुली तीनपाटन घर भएका प्रहरी कुलबहादुर क्षेत्री, आजादको पक्राउ स्थलमै घर भएका प्रशासनका अनन्य विश्वास पात्र तत्कालीन भिमान गाउँ पंचायतका उपप्रधानपंच इच्छाबहादुर कार्की, घटना पछि सर्जमिन मुचुल्कामा रोहवरमा सही गर्ने भिमान गाउँ पंचायतकै प्रधानपंच पृथ्वीनाथ पौडेल, तल्लो रानीवास घर भएका झलकबहादुर राउत, आजादको हत्या स्थलमै सबै कुकर्ममा

सोमकान्त शर्मा
प्रहरी नायव उपरीक्षक
जनकपुर अंचल

जनकपुर अंचल प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक तथा तत्कालीन निमित्त प्रहरी उपरीक्षक सोमकान्त शर्माले ०३८ असोज २८ गते सर्वोच्च अदालतमा एक लिखित जवाफ बुझाउनु भएको छ। जवाफमा भनिएको छ- "निवेदिका यस कार्यालयमा खोज तलास गरी पाउँ भनी नआएको र देवकोटालाई कुटपिट गर्न, मार्न मराउन यस कार्यालयबाट कुनै आदेश दिइएको छैन।"

रणबहादुर चन्द
तत्कालीन जनकपुर एस.पी.

सिन्धुली जिल्लामा कम्युनिष्ट गतिविधि र सुकुम्बासी समस्या थियो। म जनकपुर अंचलमा रहेको अवस्थामा हामी कांग्रेस कम्युनिष्ट सबै पार्टीका नेताहरूसंग छलफल र वैठक गर्दथ्यौं।

ऋषि देवकोटा एकजना शिक्षक हुनुहुन्थ्यो रे। उहाँले पछि शिक्षक छोडेर कम्युनिष्ट पार्टीमा लागेर उग्रवादी गतिविधि शुरू गरेका थिए भन्ने सुनिन्थ्यो। त्यही क्रममा त्यहाँ एक जना कोइरालाको पनि हत्या भएछ। तर मलाई उहाँलाई कहिले पक्राउ गरियो भन्ने थाहा छैन। उनलाई पक्राउ गरेर मारेको कुरा हुन सक्तैन।

कृष्णहरी बराल
तत्कालीन जनकपुर अंचल सहायक जनसम्पर्क अधिकृत

ऋषि देवकोटाको हत्याको घटना हुनुभन्दा केही पहिले फागुन ७ गते म जलेश्वरबाट घोकसिला आएको थिएँ। म आफ्नो घरमा दुई तीन दिन बसेर फागुन १२ गते बिहान शिक्षा दिवस मनाउन सिन्धुली माडीमा आइपुगेको थिएँ। त्यसपछि मैले ऋषि देवकोटालाई प्रहरीले पक्राउ गरेको हल्ला सुनेपछि तत्कालीन सिडियो रामकृष्ण पन्तलाई भेटेर हल्लाको बारेमा जानकारी लिन खोज्दा ऋषिलाई पक्राउ गरेको एकीन नभएको अन्य कुनै व्यक्ति पक्राउ गरिएको कुरा बताए। मैले सिडियोलाई कुनै पनि अप्रिय घटना नहोस् भनी सजग पनि गराएको थिएँ। त्यसपछि त्यसै दिन दिउँसो म ट्रकबाट जलेश्वर जान हिडें। मसंग गाउँ फर्क राष्ट्रिय अभियानका पूर्व अंचल सदस्य रामप्रसाद आचार्य पनि थिए। म जनकपुरतिर जाँदा धनुषाको दूधपानीमा एस.पी. को गाडी आउँदै रहेछ। उनीहरूले मलाई सिन्धुली हिडेको कुरा मात्र बताए। त्यसपछि म जनकपुर पुगें। मेरो कोठा त्यहीं थियो अनि मैले त्यहींबाट सम्पर्क गरेर अंचलाधीशलाई सोही कुरा सोधें। तत्कालीन अंचलाधीश गणेशमान अमात्यले त्यसको बारेमा आफूलाई कुनै पनि कुरा थाहा नभएको बताउनु भयो। त्यसपछि जनसम्पर्क अधिकृतसंग कुरा गर्दा त्यसको मैले चासो लिन नपर्ने कुरा बताए। तर पछि ऋषिलाई मारिसकेको कुरा आयो।

काजीराम कार्की, सिन्धुली

मलाई देवकोटाको हत्याको घटनाको विषयमा खासै थाहा छैन। यस सम्बन्धमा विस्तृत जानकारी रामकाजीलाई थाहा छ। मैले एकैचोटी पक्रिएपछि मात्र थाहा पाएको हुँ। पक्राउ गरेपछि उनलाई कसैसंग भेट गर्न दिइएन। ११ गते राती सरूवा गर्ने वहानामा भिमानको बाँसखोला र भिमान खोलाको दोभानमा गोली हानेर मारेछन्। पछि मुन्टो पनि काटेछन्। लालबहादुर मगरको भाइ रामबहादुर मार्फत झलक बहादुरलाई सुराकी लगाएको हुन सक्छ। ऋषि त्यहाँबाट (लालबहादुरको घर) हिड्न खोज्दा खाना खाने भनेर अलमल्याइएछ। त्यसरी खाना खाने बहानामा पक्राउ गरिएछ। मैले ऋषि देवकोटासंग लामो समय संगत गरेको भए पनि हत्याकाण्डको समयमा भने म नभएकोले अन्य धेरै कुरा थाहा छैन।

रामकाजी कार्की

देवकोटा पक्राउ पर्दा सँगै रहेको व्यक्ति

तत्कालीन भिमान गाउँ पंचायतको वडा नं. ७ डाँडा टोलको लालबहादुर मगरको घरमा देवकोटालाई प्रहरीले पक्राउ गरेको थियो। ऋषि देवकोटा पार्टी फुटेपछि नेकपा (विद्रोही एकता केन्द्र) खोलेर आउनु भएको रहेछ। उहाँ ०३७ फागुन ८ गते लालबहादुरको घरमा आउनु भएको रहेछ। लालबहादुरले ऋषि आएको कुरा उनकै श्रीमती मार्फत म कहाँ खबर पठाएको थियो। मैले ९ गते बिहान खबर सुने पनि दिउँसो भेटघाट नगर्ने भएकाले ९ गते साँझ ७ बजेतिर मात्र लालबहादुरको घरमा गएँ। म त्यहाँ पुग्दा ऋषि खाना खाँदै हुनुहुन्थ्यो। त्यसबेला रामबहादुर पनि आइसकेको रहेछ।

उहाँले खाना खाइ सकेपछि गफ शुरू गर्यौं। ऋषिले आफू पार्टीको लागि सेना तयार गर्न आएको बताउनु भएको थियो। मैले आफू जेल पर्दादेखि नै विरामी भएकाले सेनामा जान नसक्ने बताएँ। रामबहादुर मगरले भने आफू सेनामा जान तयार रहेको कुरा गरेको थियो।

हामीहरूको त्यस प्रकारको कुरा चल्दाचल्दै एक्कासी प्रहरीले घेरा हालेको चेतावनी दियो। भिमान प्रहरी चौकीको तत्कालीन इन्चार्जले बाहिरबाट भन्यो- "ऋषिजी ! तपाई हाम्रो घेरमा परिसक्नु भएको छ। तल झर्नुहोस्। हामी सबै तल झर्यौं। ऋषि भने तलामाथि नै हुनुहुन्थ्यो। उनीहरूले ऋषिलाई मात्र पक्रने कोशिश गरे। लालबहादुर र म जंगलतिर भाग्यौं। त्यसबेला रामबहादुर भने त्यही थियो। वनमा पुगेपछि मैले लालबहादुरलाई सोधें, यो के हो भनेर। लालबहादुरले त्यसबेला भन्यो- "यो सबै रामबहादुरको बदमासी हो।" रामबहादुर भनेको लालबहादुरको आफ्नै भाइ हो। लालबहादुर र म माथि वनमा बसेर हेरिरहेको थियौं। ऋषिलाई प्रहरीले पक्राउ गरेर लैजाँदा रामबहादुर पनि संगै गएको थियो। त्यसपछि अहिलेसम्म ऊ जिल्लामा नै फर्किएको थाहा छैन। ऊ त्यतैबाट प्रहरीमा जागिरे भएछ, हामीले त पछि मात्र थाहा पायौं।

घटना विवरण अनुसार त्यस दिन लालबहादुरलाई ऋषिजीले रामबहादुर मार्फत् सुनखानीको इन्द्रबहादुर मगर समेत दुवैलाई बोलाएर ल्याउन रामबहादुरको घरमा पठाउनु भएको रहेछ। जुन कुरा मलाई त्यसैबेला लालबहादुरले भन्यो। त्यसरी ऋषि आएका कुरा रामबहादुरलाई भनेपछि रामबहादुर त्यहाँबाट सरासर तल्लो रानीवासमा झलकबहादुर राउतको घरमा गएको रहेछ। यो पछि थाहा भयो। त्यसपछि रामबहादुर ऋषिसंग भेट गर्न आएछ। झलकबहादुर त्यहाँबाट चौकीतिर गएछ। तिनै दुई जनाको मिलोमतोमा त्यो घटना भएको हो। यो म एकीनका साथ भन्नसक्छु।

जहाँसम्म मलाई दोष लगाएको कुरा छ। म त्यसमा निर्दोषछु। ऋषिलाई पक्रिदा म पनि त्यहीबाट भागेको सत्य हो तर मेरो घटना घटाउन कुनै संलग्नता छैन। लालबहादुरको गल्ती हुन पनि सक्छ नहुन पनि सक्छ।

त्यसरी ऋषिलाई पक्रिएर लगेपछि त्यो १२ गते बिहान म ऋषिलाई पक्रिएको कुरा सुनाउन बालानन्दका घरमा गएको थिएँ। त्यसबेला ऋषिलाई मारिसकेछ। म जाँदा भिमान माथिको चौरीमा गोविन्द कोइराला र तारानाथ बराललाई समेत मैले देखेको छु। ऋषिलाई मारिसकेको कुरा मैले बालनन्दबाट नै सुनें।

सहभागी भिमान धामी डुमरियाका गोविन्द कोइराला, भिमान वतासी बस्ने दिलबहादुर बोगटी, आजादलाई षडयन्त्रपूर्ण ढंगबाट पक्राउ गरी प्रहरीलाई जिम्मा दिने हालको कमला माई नपा-१३ रानीचुरी बस्ने रामकाजी कार्की, सिन्धुली जेलबाट छुटेको रामबहादुर रानामगर र रामबहादुरको दाजु लालबहादुर मगर जो आज पनि कमलामाइ नपा-१९ डाँडा टोलमा प्रतिक्रियावादीहरूको आर्शिवादमा बाँचिरहेको छ। यी बाहेक अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने व्यक्तिहरूको नाम पत्तां लाग्न सकिरहेको छैन। यी माथिका मानवअधिकारका उल्लंघनकर्ताहरूलाई जनताको छानवीनले सधैं कालो सूचीमा राख्ने छ।

(ऋषि देवकोटालाई नजिकबाट चिन्ने उहाँको समकालीन कम्युनिष्ट कार्यकर्ताबाट तयार पारिएको टिपोट)

षडयन्त्रको शुरुवात

तीसको दशक पछि जनकपुर अंचलका सिन्धुली, महोत्तरी, सर्लाही लगायतका अन्य केही जिल्लाहरूमा पनि कम्युनिष्ट गतिविधि तीब्र बढेको थियो। सर्लाही र महोत्तरी तथा धनुषा जिल्लामा किसान आन्दोलन चर्किएको थियो भने सिन्धुली जिल्लामा सुकुम्वासी आन्दोलन फैलिएको थियो। सिन्धुली जिल्लाको रानीबास, सुनखानी, काउसे, भिमान, कमला खोजका अन्य गाविसहरूमा सुकुम्बासीहरूको बसोबास बढ्न थालेको थियो। सुदखोर, जमिन्दार, सामन्त जस्ता व्यक्तिहरू किसान आन्दोलन र सुकुम्बासीहरूको वस्ती विस्तारप्रति असन्तुष्ट हुनुका साथै किसानका विरूद्ध षडयन्त्र शुरू गर्न थाले। त्यसै बीच ०३१ सालमा सिन्धुलीका सुकुम्बासी वस्तीहरूमा तत्कालीन वनमन्त्री भोला झाको निर्देशनमा आगो लगाइयो। हात्ती लगाएर घरहरू भत्काइए। सो आगलागीमा मतियारको भूमिका खेलेको आरोप स्थानीय केही पंचहरूमाथि लगाइएको थियो। त्यसै क्रममा ०३५ साल भदौमा रघुनाथ कोइरालाको हत्या भयो। यस घटनामा १२५ जना व्यक्तिमाथि अभियोग लगाइयो। तिनीहरूमध्ये १५-२० जना व्यक्तिलाई मुद्दा पनि चलाइएको थियो। सो घटनामा संलग्न भएको अभियोगमा मुद्दा चलाइएकाहरूलाई २०४७ को अन्तरिम सरकारले सफाइ दिएको कुरा उपमेयर रसबहादुर कार्की बताउनु हुन्छ । त्यसै घटनामा संलग्न भएको अभियोग लगाइएकाहरूको व्यक्तिगत जायजेथा (सम्पत्ति) माथि पनि प्रतिबन्ध (रोक्का) गरिएकोमा ०३५ सालमा सर्वोच्च अदालतको आदेशले फुक्का गरेको थियो। सो घटानाको मुद्दा देवकोटामाथि पनि लगाइएको थियो।

त्यही क्रममा ०३६ असोज ५ गते देखि केही दिनसम्म सिन्धुली जिल्लाको कमला खोला स्थित जंगलमा व्यापक प्रहरी अप्रेशन शुरू भयो। नेकपा (चौम) ले जनकपुर र सगरमाथा अंचलको सिमा क्षेत्रमा लाल सेनाहरूको तालिम गर्दैछ भन्ने आशयको समाचार "समीक्षा" साप्ताहिकमा प्रकाशित भएपछि उक्त अप्रेशन शुरू भएको थियो। २०३५ सालमा नेकपा (चौम) सेक्रेटरियट सम्मेलनले पार्टीका विगत, वर्तमान र भविष्यका नीति, उपलब्धी र लक्ष्यको समीक्षा गऱ्यो। २०२८-३१ बीच संगठन विस्तार र जनसम्पर्क, २०३१-३५ सम्म जनसंघर्ष, संगठन सुदृढिकरण तथा ०३५ पछि स-सस्त्र संघर्ष गर्ने भनेर घोषणा गरेको थियो। त्यही समयमा पार्टीद्वारा आफू-आफूसंग जे जस्ता हात हतियार (भाला, खुकुरी, बन्दुक) छन् जम्मा गर भनेर पर्चा पनि छापियो। त्यसपछि उक्त अप्रेशन शुरू भएको हो। २०३६ असोज ५ गते प्रहरीले सिन्धुली जिल्लाका ३५ वटा गाविसमा एकैदिन छापा मारेको थियो। त्यसपछि जिल्लामा प्रशासनिक दमन तीब्र हुन थालेको

थियो।

२०३५ सालमा रघुनाथको हत्यापछि देवकोटा लगायतका तत्कालीन अन्य कम्युनिष्ट कार्यकर्तामाथि विभिन्न मुद्दाहरू लगाइएको थियो। काठमाडौंबाट गएको एक छानवीन टोलीले स्थानीय पंचहरूसंग मिलेर सिन्धुलीका कम्युनिष्ट कार्यकर्ताहरूको लिष्ट तयार गऱ्यो। सो लिष्ट स्थानीय प्रशासनको हातमा पुगेपछि ऋषि देवकोटालाई पक्राउ गर्नेलाई पुरस्कार, पदोन्नति वा अन्य अवसर दिने प्रचार गरियो। त्यस कामका लागि तत्कालीन पंच र प्रशासनले कम्युनिष्ट पार्टीबाट पलायन भएका केही व्यक्ति रामबहादुर वा रामकाजी, रामबहादुर रानामगर, झलकबहादुर राउत, प्रहरी र जनसम्पर्क अधिकृतहरूलाई जिम्मा लगाएको घटनाक्रमले देखाउँछ।

घटना विवरण

देवकोटाले पार्टी छोडेर अर्को पार्टी स्थापना गर्नु भएको घोषणा पछि काठमाडौं, काभ्रे, रामेछाप, दोलखा, सिराहा, सर्लाही, उदयपुर, जनकपुर लगायतका केही ठाउँहरू घुम्नु भयो। जुन दिन उहाँ फर्केर भिमान पुग्नु भयो, त्यो दिन त्यहाँ कसरी र किन पुग्नु भयो भन्ने सम्बन्धमा कसैलाई केही आशंका, अनुमान र पूर्व निर्धारित कार्यक्रम नै थियो भन्ने बारेमा आजसम्म थाहा छैन। एक सूत्रले बताए अनुसार उहाँले पार्टी छोडेर हिड्नु भएपछि जिल्लाका केही कार्यकर्ताहरूले सिराहा जिल्लाको माडर तिरबाट बोलाएर ल्याएका थिए। भनिन्छ, उहाँलाई जिल्लामा आउनु पऱ्यो भनेर रामकाजी कार्की नै सिराहा गएका थिए। तर त्यस्को खण्डन गर्दै उहाँसंग पक्राउ परेको दावी गर्ने रामबहादुर राना मगर देवकोटालाई आफूले बर्दिवासमा भेटेर दाजुको घरमा लगेको बताउँछन्। रामबहादुरका दाजुका अनुसार देवकोटा रामबहादुरसंग सो घरमा जानु भएको थिएन। देवकोटा एक्लै लालबहादुरको घरमा पुगेपछि भोलिपल्ट रामबहादुरलाई बोलाउन देवकोटाले लालबहादुरलाई पठाउनु भएको थियो।

ऋषि देवकोटा पक्राउ पर्नु अघि ०३७ सालमा काठमाडौं पनि आइपुग्नु भएको कुरा बताइन्छ। यसै सम्बन्धमा पत्रकार श्याम श्रेष्ठ पनि देवकोटासंग त्यस अघि काभ्रेमा भेट भएको थियो, त्यस भेटमा उहाँले दोलखा गएर

भरत चापागाई
पूर्व इन्चार्ज, भिमान प्रहरी चौकी

वि.सं. ०३६ सालको हिउँदमा म सिन्धुली जिल्लामा खटिएको थिएँ। म सिन्धुली जाने क्रममा लालगढमा बास बसेर रातु खोलाको किनारै किनार कमला खोला भएर सिन्धुली माडी गएँ। त्यहाँ गएपछि मैले भिमानमा इलाका प्रहरी पोष्ट खडा गरें। म जानुभन्दा पहिले त्यहाँ एक्लै दुक्लै जंगलमा हिड्न हुँदैन भनेका थिए। वनमन्त्री भोला झा र हेमबहादुर मल्ललाई पनि गाउँलेहरूले घेरेर राखेका थिए रे। उनीहरूलाई जनकपुरबाट ६०-७० जना प्रहरी गएर ल्याएछन्।

मलाई ०३७ सालमा भिमान पठाइयो। भिमानमा त्यसबेला उग्र कम्युनिष्टहरूको बिगबिगी थियो। स्थानीय झलकबहादुर राउत र कम्युनिष्टहरू दुवैतर्फ मर्ने मराउने झैं गरेर दलबल सहित पल्टन लिएर हिड्थे। जंगलमा साँझमा होहल्ला मच्चिन्थ्यो। जनताका खसी बोका काटेर खाइदिने गर्दथे।

त्यसबेलाका त्यस उग्र गतिविधिहरूको नेतृत्व गर्ने कम्युनिष्टहरूलाई पक्राउ गर्ने आदेश प्रहरीलाई थियो। उनीहरूमाथि रघुनाथ कोइरालाको ज्यान मारेको अभियोग पनि लगाइएको थियो। उनीहरूलाई पक्राउ गर्नेलाई पुरस्कार र पदोन्नतिको प्रलोभन पनि दिइएको थियो। ऋषि देवकोटाको नाम पनि त्यसरी पक्राउ गर्नु पर्ने नाम मध्ये एक थियो। उनको धेरै चर्चा हुने गर्दथ्यो। उनी झापाका नक्सलवादी देखि अन्य सबैसंग सम्पर्कमा आउने जाने गर्छन् भनिन्थ्यो।

ऋषि देवकोटालाई पक्राउ गर्नु अघि साँझ पख हामी प्रहरी चौकीमा नै थियौं। ऋषि देवकोटाहरू भिमान खोला पारी एउटा घरमा बैठक बसेका छन् भनेर खबर लिएर एउटा मगर आयो। मलाई उस्को नाम त थाहा थिएन। उसको घर सुनखानी तिर रहेछ। ऋषि देवकोटाको खबरले हामी "के खोज्छस् काना आँखा !" भने झैं भयौं। म अन्य तीन जना प्रहरी सहित तत्कालै त्यसतर्फ गएँ। देवकोटासंग "कटुवा" बन्दुक हुन्छ भन्ने पनि सुनेका थियौं। तर त्यसबेला एम.वि. ले खोसेका रहेछन्। हामीले उक्त घर दुई तिरबाट घेऱ्यौं। म एक प्रहरी सहित चोटामा गएँ। देवकोटा एउटा सामान्य लाग्ने व्यक्ति झैं टाउकोमा फेटा बाँधेर बस्नु भएको रहेछ। बैठकमा अन्य व्यक्ति पनि थिए। उनीहरू त्यहींबाट फटाफट भागे। हाम्रो लक्ष्य देवकोटाप्रति नै केन्द्रीत थियो त्यसैले अरू भाग्न सकेका हुन्।

देवकोटाले हामीलाई भन्नुभयो- "यहाँहरूले कस्लाई खोज्नु भएको हो? नचिनेर त यहाँ आइपुग्नु भएन?" मैले भने- "माइसाब ! मलाई नझुक्याउनुहोस् है म तपाईलाई चिन्दछु।" उहाँ अरू पनि केही भन्न खोज्दै हुनुहुन्थ्यो। तर मैले उहाँलाई भने जे भन्नु छ उही गएर भन्नु, म त यहाँलाई पक्रेर बुझाइदिन्छु भनें।

त्यसपछि मैले उहाँको शरीर खानतलासी गराएँ। उहाँको साथमा एउटा दारी काट्ने ब्लेड र लुगा सिउने सियो मात्र रहेछ। उहाँको झोलामा केही पर्चाहरू पनि थिए। जनआन्दोलन वा आवाज यस्तै के नामका ती पर्चा ९९ थान थिए। त्यस दिन रात परिसकेको हुनाले राती भिमान चौकीमा नै राखेर भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा लगेर प्रक्रियागत ढंगले बुझाएर आएको थिएँ। त्यसपछि म त्यहाँबाट सरूवा भएर हिडें। पछि उहाँलाई मारिएको भन्ने सुनें। तर मैले उहाँलाई मार्ने पर्ने किसिमको मान्छे जस्तो देखेको त थिइन। उहाँका व्यवहार, बोली ज्यादै नरम थियो।

पक्राउ गरेर चौकीमा ल्याएपछि उहाँले मलाई अंचलाधीश कहाँ पुऱ्याइ दिनु भनेर धेरै अनुरोध गर्नु भएको हो। तर मलाई त्यसरी बुझाउने अधिकार छैन। म जिल्ला प्रहरीमा बुझाउँछु। तपाईले त्यहाँ भनेर अंचलाधीशलाई भेट्नु होला भनेको थिएँ। मैले उहाँलाई रघुनाथ कोइरालाको भाइको ट्रकमा चढाएर सदरमुकाममा लगेर बुझाएको हुँ। मैले उहाँलाई भेटेको र चिनेको पनि त्यही एक दिन एक छिन हो। उहाँलाई मैले एक रात मात्र चौकीमा राखेको थिएँ।

मैले ऋषिको श्रीमतीलाई पनि बोलाएर भनेको थिएँ- "तपाईको श्रीमानमाथि खतरा छ। जम्काभेटमा ज्यान जान सक्छ। उहाँलाई मकहाँ पठाइदिनु भए म अंचलाधीश कहाँ बुझाइदिन्छु।" भन्दा उनले रूखो स्वरमा भनेको थिइन- "गोली खाएर मर्नु पनि मर्नु हो, भोकै मर्नु पनि मर्नु हो। भोकै मर्नु भन्दा गोली खाएर नै मरौंला।"

म भिमान वा सिन्धुली जिल्लाबाट ०३८ जेठतिर सरूवा भएँ कि ! अहिले सबै तिथिमिति स्पष्ट भन्न सकिन्न्। मैले उहाँलाई बुझाएको अवस्थामा पदमबहादुर भन्ने प्रहरी असइ दोलखाका थिए। त्यसरी ऋषि देवकोटालाई पक्राउ गरेर बुझाएपछि तत्कालीन जनकपुर एस.पी. ले मलाई रू. ३००।- पुरस्कार दिएका थिए। उहाँलाई पक्राउ गरेको लगत्तै मारेको होइन। म त्यहाँबाट बारातिर गइसकेको थिएँ। त्यस घटनाका सम्बन्धमा त्यसैबेला अदालतमा मुद्दा परेको पनि थियो। अदालतले पनि हामीलाई सफाइ दिइसकेको छ। हामीले कानून विपरित काम गरेको भए त अदालतले नै कारवाही गरिसक्थ्यो नि !

झलकबहादुर राउत

तत्कालीन पच, सिन्धुली, रानीबास

हाल : जनकपुर

सिन्धुली जिल्लामा ०३४ सालतिर ऋषि देवकोटा, मोहन घिमिरे, ठगिन्द्र घिमिरे, सी. पी. गजुरेल लगायतका कम्युनिष्ट नेताहरू सक्रिय रूपमा काम गर्दथे। उनीहरूले धनी, सामन्त र जमिन्दार भनेर विभिन्न व्यक्तिहरूमाथि कारवाही पनि गरेका थिए। ०३५ सालमा उनीहरूले काउसेमा एक कामीको घरमा रघुनाथ कोइरालालाई मार्न ऋषि देवकोटा, सी पी गजुरेल, रसबहादुर कार्की लगायतका व्यक्तिहरूले वैठक गरेछन्। त्यस कुरामा ऋषिले असहमती प्रकट गर्नु भएपछि उनीहरू बीच पनि आपसी द्वन्द शुरू भएछ। ऋषिले त्यसै विषयलाई लिएर पार्टी पनि छोडेका रहेछन्।

पार्टी छोडेपछि ऋषि देवकोटा ०३५ साल असोजमा मेरै गाउँघर नजिक भद्राहामा एक महिना जति सुवलाल भन्ने व्यक्तिको घरमा भूमिगत रूपमा बसेका थिए। उनी त्यहाँ बसेको बेला मैले रू. १७।-, पाँच पाथी चामल र कुखुरा दिएर सहयोग गरेको थिएँ। एक महिनापछि उहाँ त्यहाँबाट अन्यत्र जानु भएछ। उहाँले मलाई पनि बाहिर गएको खबर सुवलाल मार्फत पठाउनु भएको थियो।

वि.सं. ०३५ कार्तिक २ गते रघुनाथ कोइरालाको हत्या भयो। उनको हत्याको घटनामा घेरै व्यक्तिलाई मुछियो। सिन्धुलीमा कम्युनिष्टहरूको प्रभाव बढ्दै थियो भने सुकुम्बासी समस्या पनि चर्किरहेको थियो। त्यसैबीच ०३६ भदौदेखि तत्कालीन सरकारले सिन्धुलीमा प्रहरी अप्रेशन शुरू गऱ्यो। रघुनाथ कोइरालाको हत्याको घटनाको छानवीन गर्न भनेर काठमाडौंबाट एक उच्च स्तरीय टोली पनि जिल्लामा आएको थियो। त्यही टोलीसंग मिलेर केही पंचहरूले सिन्धुलीका सबै कम्युनिष्टहरूलाई मार्ने योजना बनाएको मैले थाहा पाएँ। त्यस कुराको विरोध गर्दै मैले सबै कम्युनिष्टहरू खराब छैनन् भनें। त्यो टोली इन्सपेक्टर श्रीवास्तवको नेतृत्वमा भिमानमा बस्यो। उनीहरूले सिन्धुलीका मार्ने पर्ने भनी दुई जना कम्युनिष्टको नाम तयार गरेका रहेछन्। त्यस लिष्टमा ऋषि देवकोटा, बोधराज काफ्ले लगाएतको नाम थियो। मैले त्यस लिष्टबाट ती दुई जना समेत अन्य ३-४ जनाको नाम पनि हटाइ दिएँ। त्यसबेला त्यो लिष्ट सम्बन्धी वैठकको माइन्युट नै रहेको थियो। यदि अहिले पनि त्यो माइन्युट खोजेर हेर्ने हो भने हेर्दा हुन्छ। सिन्धुलीका सबै कम्युनिष्टहरूलाई मार्नुपर्छ भनेर जोड गर्नेहरूमा सिन्धुलीका प्रेमनाथ अधिकारी थिए। उनलाई दुई तीन वर्ष पहिले नै माओवादीले हत्या गरिसकेका छन्।

ऋषि देवकोटा पक्राउ पर्दा भिमान खोला पारीको लालबहादुर मगरको घरमा थिए। उनी त्यहाँ आइपुगेका छन् भनेर प्रहरीलाई खबर गर्ने उनकै पार्टीका उनकै साथीहरू रहेछन्। मलाई लालबहादुरको भाइ रामबहादुरले आएर देवकोटा पक्राउ परेको र भिमानकै उनीहरूको एक पार्टी कार्यकर्तालि प्रहरीलाई खबर दिएको बताएका थिए। ऋषि पक्राउ भएपछि त्यसैको भोलिपल्ट प्रहरी चौकीमा गएर प्रहरी इन्सपेक्टर श्रीवास्तवलाई ऋषिलाई पक्राउ गरे पनि मार्नु भने हुँदैन है भनेको थिएँ। मैले यी कुरा ऋषिको श्रीमती गोमा देवकोटालाई पनि भनेको हुँ। तर पनि म माथि नै अहिलेसम्म झुठा आरोप लगाइरहेका छन्।

रघुनाथको घटनाको छानवीन गर्न गएको टोलीले ऋषि देवकोटा भूमिगत बसेको सुवलालको घर खानतलासी गर्दा एक बोरा विभिन्न कागजात तथा पुस्तकहरू फेला पारेछ। तिनै कागजात भित्र रघुनाथ कोइरालालाई मार्ने विषयमा कम्युनिष्टहरूले गरेको वैठकको "माइन्युट" पनि रहेछ। ऋषि देवकोटाले राजिनामा गरेको विषयमा पनि लेखिएको रहेछ। त्यसपछि मात्र ऋषि देवकोटाको गिरफ्तारी र हत्या भएको हो।

तर सो घटनामा मेरो षडयन्त्र भएको भन्ने प्रचारको मुख्य कारण भने अर्कै छ। रसबहादुर कार्की जेल परेको अवस्थामा जेल मुक्त गर्न मैले केही रकम धरौटी दिएको थिएँ। उनी जेल मुक्त भइसकेपछि त्यो पैसा मैले फिर्ता मागें। उनले सो पैसा दिन आनाकानी शुरू गरे। मैले उनका घरका गाई भैंसी बेचाएर भए पनि सो पैसा असुल उपर गरी छोडें। त्यसैकारण रसबहादुरहरूले मलाई बद्नाम गर्न मेरा विरूद्ध झुठा प्रचार शुरू गरेका हुन्।

ऋषि देवकोटाको हत्या हुँदा म रानीवासमा नै थिएँ। रानीवासकै रामबहादुर राना मगरलाई पनि मैले उक्साएको प्रचार भएको छ। रामबहादुरलाई ऋषि देवकोटा कहाँ छन् भनेर प्रहरी कहाँ कसले खबर पुऱ्यायो त भन्ने सम्बन्धमा थाहा थियो। उसले त्यो कुरा मलाई पनि भनेको छ। त्यसरी ऋषिलाई मार्ने योजनामा प्रहरीलाई खबर गर्नेहरूले नै रामबहादुरलाई मार्न सक्ने खतरा भएकाले तत्कालीन प्रशासनले उसलाई प्रहरीमा जागिर दिएको हो।

पुनः काभ्रेमा फर्कने कुरामा सहमती जनाउनु भएको तर काभ्रे नआई कसरी सिन्धुली जानु भयो भनी प्रश्न गर्नुहुन्छ।

देवकोटा भिमानमा पुगेपछि उहाँले केही पार्टी कार्यकर्ताहरूसंग कुराकानी गर्ने योजना बनाउनु भएको अनुमान गर्न सकिन्छ। उहाँले पार्टी कार्यकर्तालाई तत्काल सेनामा उतार्ने तालिम दिने र जिल्लामा हमला गर्ने कुरा गर्नु भएको कुरा उहाँ पक्राउ पर्नु भएका घरको धनी लालबहादुर, रामबहादुर र रामकाजी कार्कीले भनेता पनि त्यस सम्बन्धी योजना बारे कुरा अन्यत्र कतै कसैसंग सल्लाह भएको पाइदैन।

उहाँ भिमान पुग्नु भएको खबर प्रहरीलाई गर्ने पहिलो व्यक्ति रामबहादुर नै हो भन्ने कुरा सो अप्रेशनमा गएका एक प्रहरीले बताए। उनी बताउँछन्- "यो घटना कोट्याएर फेरी मलाई दुःख नदिइयोस्।" उनका अनुसार सो दिन साँझ पस्व सुनखानी तिरको एउटा मगर केटो गएको थियो। त्यसले आफूलाई झलक बहादुर राउतले पठाएको पनि भनेको थियो। तर त्यस घटनाको भोलिपल्ट सिन्धुलीको तत्कालीन पंचायत समर्थक किसान संघका एक व्यक्तिले पनि आफूले "देवकोटा उक्त घरमा बसेको खबर पठाएको थिएँ, त्यो मान्छे खबर लिएर आयो कि आएन" भनेर सोधेका थिए।

प्रहरी इन्चार्ज चापागाईंका अनुसार देवकोटालाई भेट्न सकिने भएपछि भिमान प्रहरी चौकीबाट प्रहरी इन्चार्ज भरत चापागाइँ सो घर घेराउ गर्ने उद्देश्यले ३ जना प्रहरी जवान लिएर त्यसतर्फ गए। उनले ऋषि देवकोटालाई मात्र पक्राउ गरेर चौकीमा ल्याएर राखे।

देवकोटा पक्राउ गरेको खबर सनसनी भएर आगो सल्किए झैं सल्कियो। तर त्यस सम्बन्धमा कोही पनि दोहोरो कुरा गर्न सक्तैन थिए। केही व्यक्तिहरू उनलाई अपमानपूर्वक बोरामा कसेर मान्द्राले छोपेर राखेको बताउँछन् भने केही व्यक्ति देवकोटाको शरीरबाट स्थानीय स्वास्थ्य चौकीका कर्मचारीद्वारा दुई पौण्ड रगत झिकेर शिथिल गरेको पनि बताउँछन्।

उहाँलाई पक्राउ गरेपछि जिल्ला सदरमुकामबाट तत्कालीन सिडियो रामकृष्ण पन्त र जनकपुर अंचलका प्रहरी इन्चार्जका रूपमा कार्यरत एस पी रणबहादुर चन्द पनि भिमानमा पुगेको बताइन्छ। पूर्व एस. पी. चन्द सो घटनाका सम्बन्धमा आफू अनभिज्ञ नै रहेको बताउनु हुन्छ भने देवकोटालाई प्रहरीले पक्राउ गरेर हत्या गरेको कुरा पूर्णतः अस्वीकार गर्नुहुन्छ।

सो घटनालाई चासो पूर्वक नियालेका भिमानका स्थानीय वासिन्दाहरूका अनुसार देवकोटालाई एक रात र एक दिन कष्टपूर्वक चौकीमा राखियो। उहाँलाई चौकीमा राखेको अवस्थामा प्रहरीले दिसा गराउन बाहिर ल्याएको अवस्थामा आफूले देखेको कुरा पूर्व प्रधान पंच राधादेवी बस्नेत बताउनु हुन्छ। सो दिन जनकपुर र जिल्ला सदरमुकामबाट पनि सरकारी गाडी आएका थिए। दिसा गर्न जाँदा प्रहरीले एउटा सिल्भरको गिलासमा पानी दिएको रहेछ। सो पानीको ग्लास उहाँले भुइँमा बज्ने गरी फालिदिनु भयो। प्रहरीले सो टिप् भनेर भन्दा देवकोटाले "मलाई चाहिदैन, तलाइँ चाहिने भए टिप्" भनेर प्रतिकार गर्नुभयो। राधादेवी बस्नेतकै अनुसार देवकोटाको शरीरबाट दुई बोतल रगत झिकेको

कुरा पनि त्यतिबेलै चर्चाको विषय भएको थियो। देवकोटालाई पक्राउ गर्ने प्रहरीले उनीसंगै बसेर फोटो खिचेका थिए। देवकोटाको पनि फोटो खिचिएको थियो। बताइन्छ, सिडियो रामकृष्ण पन्तले पनि देवकोटासंग फोटो खिचेका थिए।

देवकोटालाई १२ गते राति १० बजे चौकीबाट एउटा रसियन जीपमा हालेर भिमान बजारबाट पूर्वतर्फ लगियो। सो गाडी बजारमा स्टार्ट नगरी केही व्यक्तिले घचेटेका थिए। देवकोटालाई बोरामा कसिएको बताइन्छ। सोभन्दा पहिले स्थानीय एक पसलबाट प्रहरीले ८ लिटर मट्टितेल किनेको थियो।

राती देवकोटालाई त्यहाँबाट बाहिर लगेको कुरा सबैले अनुमान त गरे तर कहाँ र किन लगे भन्ने कुरा थाहा पाएनन्। सोही राती १२ बजेतिर बजारमा आएर प्रहरीले केही बोतल रक्सी लिएर फर्केका थिए। सो रक्सी भिमान बजारका पसलमा नपाए पछि भट्टिवाल मुन्सीकहाँबाट लगिएको थियो।

तत्कालीन भिमान स्थित विद्यालयमा अध्यापन गर्दै रहेका एक शिक्षकका अनुसार सो घटना तत्कालीन अंचलाधीशको निर्देशनमा र सिडियोको नेतृत्वमा भएको थियो। राती देवकोटालाई मार्ने विषयमा सिडियो र प्रहरी बीच विवाद भएको बताइन्छ।

सो घटना स्थलमा पुगेका प्रहरी हवल्दार मोतिबहादुर तामाङ्गलाई सिडियोले "रघुनाथ कोइरालालाई जसरी मारे त्यसरी नै देवकोटालाई मार्नु" भनेर आदेश दिएका थिए। तर हवल्दार तामाङ्गले त्यसरी मानिसलाई मार्न सक्दिन भनेपछि सिडियोले उस्लाई हात हालेका थिए। त्यसपछि प्रहरी जवान राम एकवाल यादव भन्ने प्रहरीलाई गोली हान्न आदेश दिइयो। उस्ले पनि म त्यत्तिकै गोली चलाउन सक्दिन तर मलाई एक वोतल रेडहर्स चाहिन्छ भन्यो। त्यसपछि एक वोतलका ठाउँमा चार वोतल रक्सी दिएर उस्लाई गोली हान्न लगाइयो। गोली हान्नु अघि देवकोटाले एउटा क्रान्तिकारी गीत गाउनु भएको र जयदेश, जय क्रान्ति भन्नु भएको थियो रे। भनिन्छ, राती केही पार्टी कार्यकर्ताहरूले डाँडामा निस्केर उक्त घटना स्थलमा आगो बलेको हेरिरहेका थिए।

देवकोटाको हत्या गरिसकेपछि त्यहीं मट्टितेल र दाउरा जम्मा गरेर उहाँलाई जलाइयो। सम्पूर्ण रूपमा जली नसक्दै उनीहरू त्यहाँबाट फर्किएका थिए।

सो घटनाको भोलिपल्ट स्थानीय जनताले नजिकैको सो घटनास्थल तर्फ गएर हेरे। त्यहाँको विभत्स दृश्यमा केही रगतका फाल्सा र जल्दै गरेका हड्डीहरू थिए।

छानवीन र कानूनी उपचार

देवकोटाको हत्याको घटना भइसकेपछि स्थानीय प्रशासनले मौनतापूर्वक केही बताउन चाहेन। ऋषि देवकोटालाई मारिएको कुरा त परै रह्यो, पक्राउ नै नगरिएको जस्ता प्रचारहरू शुरू गरिए।

ऋषि देवकोटाको श्रीमती गोमा देवकोटाले सो खबर थाहा पाएपछि उक्त घटना स्थलमा गएर आफूले आजादको सपना पूरा गर्ने संकल्प गरेको बताउनु हुन्छ। घटना भएको केही समयपछि उहाँले काठमाडौंमा आएर बन्दी विमोचन साहयता समितिको सहयोगमा सर्वोच्च अदालतमा ०३७ चैत १३ गते एक बन्दी प्रत्यक्षीकरणको निवेदन दिनु भयो। सो निवेदनका सम्बन्धमा तीन दिनपछि न्यायाधीश धनेन्द्र बहादुर सिंहको सिंगल बेञ्चले सोही महिनाको २७ गते बन्दी

रामबहादुर राना मगर

ऋषि देवकोटासंग मेरो परिचय ०३२ सालतिर भएको हो। हामी गरीब दुःखी किसान थियौं। उहाँ विद्वान शिक्षक हुनुहुन्थ्यो। उहाँले नै हामीलाई राजनीतिक पाठ पढाउनु भयो। म पनि कम्युनिष्ट पार्टीको सदस्य थिएँ। म ०३६ कार्तिक ४ गते भिमानमा हुलाकको कर्मचारी थिएँ। म त्यसै बेला पक्राउ परें। म तीन महिना २४ दिनसम्म जेल परें। ०३६ माघ ४ गते म जेलबाट भागें। हामीले अन्य १० जना साथीलाई निकाल्न लागेका थियौं तर अर्को एक नचिनेको व्यक्ति मात्र मसंगै निस्कन सक्यो। त्यो व्यक्ति राजनीतिक कार्यकर्ता थिएन। म त्यहाँबाट कलकत्ता गएर ४ महिना बसें। त्यसपछि मेरो राजनीतिक सम्पर्क टुट्यो।

०३५ भदौ २४ गते सिन्धुलीकै वालाजोरमा कम्युनिष्ट कार्यकर्ताहरूले डकैती गरेछन्। उनीहरू त्यहींबाट विग्रिए। उनीहरूले हामीसंग सरसल्लाह नै नगरी सो घटना गराए। पार्टीले त्यस्तो गर्न हुन्न भन्दा ठगिन्द्रलाई लगेर जेल हाले। त्यसै कारणले ठगिन्द्र पागल जस्तै भए।

जनमतसंग्रहको घोषणा भएपछि म फेरि नेपाल आएँ। म जनकपुरमा थिएँ। ऋषि देवकोटासंग धेरै समयपछि मेरो ०३७ फागुनको ९-१० गतेतिर बर्दिवासमा भेट भयो। म र उहाँ संगसंगै मेरो दाइको घर भिमान गयौं। हामी राती ८ बजेतिर दाइको घरमा पुग्यौं। ऋषिले एक जना बाराकोटी र रामकाजी कार्कीलाई बोलाउन मलाई पठाउनु भयो। उनीहरू पनि त्यहाँ आए। त्यसै बेला प्रहरी आए। प्रहरीले ऋषिलाई र मलाई पक्राउ गऱ्यो। राती १० बजेतिर भिमान चौकीमा ल्याए। पक्राउ गर्न १० जना जति प्रहरी गएका थिए। चौकीमा २ रात राखेपछि अर्को दिन गाडीमा राखेर खै कता कता घुमाए थाहा भएन। मलाई गाडीबाटै बेथान चौकी ल्याएर नै जा भनेर छोडे। त्यसपछि देवकोटालाई कता लगे थाहा छैन। म भने जनकपुर गएँ। त्यसबेला सो चौकीमा रामेछापतिरको रणबहादुर बस्नेत सई थिए।

मलाई अहिलेसम्म ऋषि देवकोटालाई कसैले मारेको वा मरेको भनेर पनि थाहा छैन। म जस्तै कतै भौतारिएर बसिरहेको त छैनन् ? देवकोटालाई मारे वा मरे भनेर कसैले भनेका छैनन् मलाई। मलाई आजसम्म कसैले सोधखोज पनि गरेका छैनन्। अहिलेसम्म ज्याला मजदूरी गरेर बसेको छु, बाँचेकै छु। रसबहादुर चुनाव जितेर बसेका छन् रे। पार्टी पनि विछोड गरेको सुनेको छु।

म ऋषिलाई पक्राउ गरेपछि फेरि कलकत्ता गएँ। त्यहाँबाट नेपाल आएर म जनकपुरतिर घुमिरहेको थिएँ। म बसपार्कको एउटा होटलमा काम गर्थें। त्यसैबेला होटलवालाको रणबहादुर चन्दसंग सम्पर्क रहेछ। त्यहीबाट म ०३८ देखि प्रहरीमा जागिर खान थालें। प्रहरीमा हवल्दार भएर पनि काम गरेपछि १८ वर्षपछि त्यहाँबाट पनि राजिनामा दिएर बसेको छु।

वासुदेव श्रेष्ठ

प्रमुख

कमलामाई नगरपालिका सिन्धुली

ऋषि देवकोटा एउटा राजनीतिक आस्थामा लागेको मान्छे हुनुहुन्थ्यो। राजनीतिमा लागेको मान्छेलाई तत्कालीन सरकारले पक्राउ गरिसकेपछि कुनै कानूनी कारवाही नगरी जघन्य किसिमले हत्या गरे। उनलाई पक्राउ गरेपछि बोरामा पोको पारेर जंगलमा लगेर मारे। उहाँका हात खुट्टा काटे। गोली हाने र मट्टितेल हालेर आगो लगाए।

सहित उपस्थित हुने भनी कारण देखाउ आदेश जारी भयो। तर पछि सरकारको पक्षबाट देवकोटालाई पक्राउ गरी लैजाने क्रममा बाटोमा भाग्न खोज्दा प्रहरीले चलाएको गोली लागि मृत्यु भएको भन्ने जवाफ दिएको थियो भने अन्य केही निकायले ऋषिराज र प्रसादमा भिन्नता देखाएर निवेदनमा दावी गरिएको व्यक्ति पक्राउ नै नगरेको बताएका थिए।

श्रीमती देवकोटाले सो घटनाका सम्बन्धमा ०३७ चैत २९ गते काठमाडौंमा एक पत्रकार सम्मेलन गरी सम्बन्धित सबैको ध्यानाकर्षण गर्नुभएको थियो। श्रीमती देवकोटाले सो अवसरमा आफ्ना पतिको कायरतापूर्ण हत्या गरिएकोमा विरोध र भर्त्सना गर्दै अपराधी र दोषीमाथि कारवाहीको माग गर्दै सहयोगको लागि अनुरोध पनि गर्नु भएको थियो। उहाँले आफूले परम्पराका नाममा आफ्ना श्रीमान्को सम्झना र सम्मानमा लगाइएका चुरा नफुटाउने, सिन्दुर नपुछ्ने, पोते चुडाउने र सेतो कात्रो बेरेर हिंड्दिन भन्दै "आजाद" को स्मरणलाई सदा जीवित राख्न आफूलाई सदवा नै मानिरहने छु भन्नु भएको थियो।

सर्वोच्च अदालतमा रिट निवेदन दिइएपछि सो घटनाको सम्बन्धमा स्थानीय प्रशासनले सर्जिमिन गरेको थियो। त्यो सर्जिमिन अदालतले कारण देखाउ आदेश जारी गरेपछि मात्र गरिएको थियो। तत्कालीन भिमान गाविसका प्रधानपंच पृथ्वीनाथ पौडेल भन्नुहुन्छ- "त्यसबेला सो घटना भिमान बजार भन्दा पूर्वतर्फ भएको थियो। तर पछि सर्जिमिन भने बजार भन्दा केही पश्चिममा गरेका थिए।" उहाँहरूलाई पनि सो सर्जिमिनको रोहवरमा सही गर्न बाध्य गरिएको पौडेल बताउनु हुन्छ। सो घटनाको सर्जिमिनका सम्बन्धमा अर्का एक स्थानीय शिक्षक बताउँछन्- ओडारे दहमा एक युवती पानीमा डुबेर मरेकी थिइन। सोही घटनाको सर्जिमिन गर्ने बहानामा देवकोटाको हत्याको पनि सर्जिमिन गराएका थिए। उनका अनुसार देवकोटालाई गाडीले किचेर मरेको र कोही पनि वारिस बुझ्न नआएकोले प्रहरीबाट दाहसंस्कार गराइएको विवरण सर्जिमिनमा लेखिएको थियो।

ऋषि देवकोटाको हत्याको घटना गैरकानूनी भएको भए वा देवकोटाको हत्या भएको भए अदालतले नै रिट किन खारेज गर्दथ्यो ? तत्कालीन अवस्थामा भिमान प्रहरी चौकीका प्रमुख रहेर देवकोटालाई पक्राउ गर्न गएका भरत चापागाईं प्रश्न गर्छन्। उनका अनुसार रघुनाथ कोइरालाको घटना छानवीन गर्न काठमाडौंबाट विशेष टोली गएको थियो। त्यसैगरी तत्कालीन जनकपुर अंचल प्रहरी एस. पी. रणबहादुर चन्द पनि त्यस्तो घटना भएको भए छानवीन हुने कुरा बताउँदै भन्नुहुन्छ- पंचायतको विरोध गर्नेहरूलाई गैर कानूनी काम नगरेसम्म पक्राउ गरिदैनथियो। पक्राउ गरिएका व्यक्तिहरूलाई कानूनले तोके अनुसारको सजाय दिइन्थ्यो।

देवकोटालाई पक्राउ गरेपछि उहाँको शरीरबाट रगत निकालिएको भन्ने हल्लामा सत्यता नभएको कुरा तत्कालीन भिमान स्वास्थ्य चौकीका प्रमुख वासुदेव मैनाली बताउनु हुन्छ। उहाँका अनुसार शरीरबाट विनाकारण जवरजस्ती रगत निकाल्ने कुरा कुनै पनि स्वास्थ्य चौकीका लागि नीति भन्दा बाहिरको कुरा हो, त्यस्तो हुन सक्तैन। उहाँ आफू उक्त घटना हुँदा जिल्लामा नभएकोले विस्तृत कुरा त थाहा छैन भन्दै भन्नुहुन्छ- मलाई करीब एक महिना पछि देवकोटाको पोष्ट मार्टमको विवरणमा सही गरिदिनु पर्‍यो भनेर स्थानीय प्रहरी चौकीका प्रहरीहरूले ३-४ पटकसम्म भनें। तर मैले गर्दिन नै त भनिन् तर अन्य केही बहानामा २-४ दिन आलटाल गरें। मलाई नै जवरजस्ती गरेर दबाब दिएका भए म पनि सही गर्न बाध्य हुन्थें होला वा अन्य चुनौतिको सामना गर्नुपर्थ्यो। तर मलाई त्यति ठूलो दबाब दिएनन्।

कमलामाई नगरपालिकाका मेयर वासुदेव श्रेष्ठ र उपमेयर रसबहादुर कार्की

ऋषि देवकोटाको हत्याको घटनाका सम्बन्धमा सर्वोच्च अदालतमा दिइएको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनका पक्षमा तत्काल ७२ जना कानून व्यवसायीहरूले अदालतमा बहस गरेका थिए। बन्दी प्रत्यक्षीकरणको मुद्दाको इतिहासमा यो सबैभन्दा धेरै संख्यामा कानून व्यवसायीहरूले बहस गरेको घटना हो। तर पनि यस घटनामा कुनै व्यक्तिलाई दोषी ठहराइएन र दोषी हुन सक्ने व्यक्तिहरूका सम्बन्धमा पनि कुनै छानविन भएन। यस घटनामा प्रमुख भूमिका निर्वाह गरेकोमा तत्कालीन भिमान प्रहरी चौकीका प्रमुख भरत चापागाईंले तत्कालै एस. पी. रणबहादुर चन्दबाट रू. तीन सय पुरस्कार पाएका थिए। त्यस्तै प्रहरीलाई सहयोग गरेकै कारण रामबहादुर रानामगरलाई पनि एस. पी. चन्दले प्रहरीमा जागिर नै लगाई दिएका थिए।

सर्वोच्च अदालतमा ऋषि देवकोटाको पक्षमा दिइएको रिट

ऋषिराज देवकोटालाई प्रहरीले पक्राउ गरेको एक महिना पछि ०३७ चैत १३ गते देवकोटाकी पत्नी गोमा देवकोटाले सर्वोच्च अदालतमा एक बन्दी प्रत्यक्षीकरण रिट निवेदन दायर गर्नु भएको थियो। सो निवेदनमा गृहमन्त्रालय, जनकपुर अंचलाधीश, जनकपुर अंचल एस. पि, जलेश्वर डिएसपी महोत्तरी, प्रमुख जिल्ला अधिकारी सिन्धुली, जिल्ला प्रहरी कार्यालय सिन्धुली, अस्थायी प्रहरी पोष्ट भिमान इन्चार्ज समेतलाई विपक्षीका रूपमा उल्लेख गरिएको थियो। रिट नं. १४८८ को सो निवेदनमा नेपाल अधिराज्यको तत्कालीन संविधानको भाग-३ मा नेपाली नागरिकको लागि मौलिक हकको व्यवस्था गरिएको छ र धारा-१० मा सबै नागरिक कानूनको समान संरक्षणका हकदार हुने छन् र ८ धारा ११ (१) मा कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन भनी उल्लेख गरिएको कुरा लेखिएको छ। सोही धाराको उपधारा (६) मा कुनै गिरफ्तार भएको व्यक्तिलाई गिरफ्तार भएको कारण सहितको सूचना यथाशक्य चाँडो नदिई थुनामा

राखिने छैन भनिएको भएता पनि प्रचलित कानूनको उल्लंघन गरी अमानुषिक तवरबाट वेपत्ता पारिएका कारण सम्मानित सर्वोच्च अदालतमा न्यायिक उपचारको लागि अनुरोध गरिएको कुरा निवेदनमा उल्लेख गरिएको छ।

देवकोटाको पक्षमा दिइएको बन्दी प्रत्यक्षीकरण निवेदनको रिट निवेदन दर्ता रेकर्ड पुस्तिका भने अहिले सर्वोच्च अदालतमा पनि छैन। अदालतमा फैसला गरिएका मुद्दा रेकर्ड पुस्तिकाको सि.नं. १०१७/०३८ मा भने पक्ष ऋषिप्रसाद र विपक्ष गृहमन्त्रालय समेत भनी सो सम्बन्धी रेकर्ड रहेको छ।

गणेशमान अमात्य
अंचलाधीश
जनकपुर अंचल

तत्कालीन जनकपुर अंचलाधीश गणेशमान अमात्यले पनि सर्वोच्च अदालतलाई लिखित जवाफमा ऋषि देवकोटा "आजाद" का बारेमा "प्रसाद" र "राज" जस्ता नामको बीचका शब्दमा जोड दिंदै रिट निवेदकले दावी गरेको व्यक्तिलाई पक्राउ नै नगरिएको दावी गर्नु भएको छ। करीब ५ महिना अर्थात त्यस वर्ष माघदेखि जेठसम्म मात्र जनकपुर अंचलाधीश हुनु भएका अमात्य धनकुटा निवासी हुनुहुन्थ्यो र हाल उहाँको निधन भइसकेको कुरा उहाँकै पारिवारिक सूत्रले बताएको छ।

जनकपुर अंचलाधीश अमात्यले ०३८ जेठ ११ गते लेख्नु भएको जवाफमा भनिएको छ- "रिट निवेदनमा गरिएको जिकिर स्पष्ट तथ्ययुक्त र कानूनसंगत छैन।" निवेदनमा ऋषि प्रसाद देवकोटा सिन्धुली जिल्ला रानीवास-३ भिमान बस्ने भनिएको छ, तर ऋषिराज देवकोटा खुरकोट बस्ने व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ भन्दै जवाफमा निवेदिकाले दावी गरेको भनिएको व्यक्तिलाई थुनामा राख्ने कारण नदेखिएको भनेकोले यस ठाउँमा थुनामा राखिएको छ भनी जवाफ दिन बाध्य गराउन नसकिने भनिएको छ। "निवेदिकाले दावी गरेको व्यक्ति कहाँको प्रहरी हिरासतमा छ भनेर नभनेको तथा वेपत्ता पारेको व्यक्तिलाई अमानुषिक यातना कसरी? चस्मदितका रूपमा भन्न सकिन्न। त्यसैले निवेदन जिकिर फरेव मात्र हो।"

रामकृष्ण पन्त
प्रमुख जिल्ला अधिकारी, सिन्धुली

ऋषि देवकोटाको हत्याको घटनामा प्रत्यक्ष संलग्नता र निर्देशन तथा नेतृत्व समेत रहेको भनी आरोपित तत्कालीन सिन्धुली जिल्लाका प्रमुख जिल्ला अधिकारी (सिडियो) यो सामाग्री संकलन गर्ने क्रममा हामीसंग सम्पर्कमा आउन चाहनु भएन। सो घटनाका सम्बन्धमा जानकार स्थानीय व्यक्तिहरू भन्छन्- देवकोटालाई पक्राउ गरिसकेपछि प्रजिअ पन्त भिमान पुगेका थिए। उनले देवकोटालाई भने चिनेका थिएनन्। भिमान चौकीका प्रहरीले देवकोटालाई पन्तका सामु उपस्थित गराएपछि पनि उनले देवकोटालाई नचिनेको र त्यहाँ लगिएको चियामा थप एक कप मगाउँदै देवकोटाजीलाई पनि चिया खान दिनु होला भनेका थिए। तर त्यसबेला प्रहरीले देवकोटालाई चिया दिइसकेका थिए र उनको सामु ल्याइसकेका थिए। देवकोटा सामान्य शारीरिक बनौटको हुनुहुन्थ्यो। पन्तले भने अलिक भिन्नै प्रकारको अर्थात् मोटो अग्लो वा बलियो अनुमान गरेर त्यसो भनेका हुन सक्ने कुरा त्यसबेला सो चौकीमा कार्यरत एक प्रहरी बताउँछन्।

प्रमुख जिल्ला अधिकारी पन्तले त्यसबेला देवकोटालाई पक्राउ गरेकै ठाउँमा किन सिध्याएनौ भनेर केही प्रहरीलाई हप्काएको बताइन्छ। ती प्रहरी भन्छन्- "सिडियो साहेब ! हामीसंग निक्कै रिसाउनु भयो। उहाँलाई (देवकोटा) पक्राउ गर्नेलाई पदोन्नती र पुरस्कारको प्रलोभन देखाइएको थियो। तर हाम्रो त झण्डै जागिर नै गएको थियो।" ती प्रहरीको जागिर असुरक्षित त्यसकारण भएको थियो, सिडियो पन्तले देवकोटालाई जिउँदै ल्याएकोमा आपत्ती जनाएका थिए।

प्रमुख जिल्ला अधिकारी पन्तले ०३८ वैशाख ५ गते सर्वोच्च अदालतलाई लेख्नु भएको जवाफमा भनिएको छ- "यस कार्यालयको अभिलेख हेर्दा निवेदक गोमा देवकोटाको उल्लेखित निजको पति ऋषि प्रसाद देवकोटा भन्ने व्यक्ति पक्राउ गरी यस कार्यालय समेतले वेपत्ता पारिराखेको होइन, छैन।"

त्यसै जवाफमा लेखिएको छ- "सिन्धुली जिल्ला खुर्कोट भन्ने ठाउँको ऋषिराज देवकोटा ज्यान मुद्दा समेतमा पोलिएको र निजले गैर कानूनी तरिकाबाट ध्वंशात्मक काम गरी अशान्ति मच्चाइ हिंडेको र ध्वशात्मक कार्यको लागि अवैधानिक मिटिङ गर्ने गराउने उद्देश्यले लुकी छिपी हिंडेको। सिन्धुली जिल्लाकै रानीवास गा.पं. अन्तरगत गाउँहरूमा ध्वंशात्मक काम कारवाही गर्न मिटिङ गर्न गराउन लुकिछिपि हिंडेको विशेष सूत्रबाट बुझिएकोले पक्राउ गर्न जिल्ला प्रहरी कार्यालय सिन्धुलीलाई ०३७/११/६ मा निर्देशन दिइएको साथै निजलाई नजरबन्दमा राख्न समेत आदेश दिइएको थियो। सोही आदेश अनुसार भिमान प्रहरी चौकीले पक्राउ गरी जिल्ला प्रहरी कार्यालय सिन्धुली ल्याउन लाग्दा जंगल बीच बाटोमा निज ऋषिराज देवकोटाका सहयोगीहरूले भगाई लान खोज्दा प्रहरीले ज्यू ज्यान बचाउनको निमित्त विवश भई फायर गर्दा ऋषिराजलाई लागि घटनास्थलमै मृत्यु भएको र सो सम्बन्धमा कानून बमोजिम अधिकार प्राप्त व्यक्तिबाट अनुसन्धान तहकीकात मै कसैउपर मुद्दा नचलाउने गरी

प्रमुख जिल्ला अधिकारी पन्तले त्यसबेला देवकोटालाई पक्राउ गरेकै ठाउँमा किन सिध्याइएन भनेर केही प्रहरीलाई हप्काएको बताइन्छ। ती प्रहरी भन्छन्- "सिडियो साहेब, हामीसंग निक्कै रिसाउनु भयो। उहाँलाई (देवकोटा) पक्राउ गर्नेलाई पदोन्नती र पुरस्कारको प्रलोभन देखाइएको थियो। तर हाम्रो त झण्डै जागिर नै गएको थियो।"

सिन्धुली जिल्ला अदालतमा मुद्दा दायर भइसकेको।"

प्रमुख जिल्ला अधिकारी पन्तको जवाफबाट पनि केही प्रश्नहरू उत्पन्न हुन्छन्। त्यस्ता प्रश्नहरूको उत्तर फेला पर्दैन। भिमान प्रहरी चौकीले उहाँलाई कहाँ पक्राउ गऱ्यो? कहिले पक्राउ गरियो? कहाँ राखियो? कहिले सिन्धुली ल्याउन लागियो? प्रहरीमाथि आक्रमण कहाँ भयो? आक्रमणमा अन्य को को घाइते भए? ऋषिराजको लाश कस्लाई कसरी बुझाइयो? ऋषिप्रसाद निवेदकका श्रीमान हुन् भने ऋषिराज को हुन्? कानून बमोजिम अधिकार प्राप्त व्यक्तिबाट अनुसन्धान तहकिकात हुँदाको निष्कर्ष के थियो? मृतकका परिवारलाई उक्त घटनाको सूचना कहिले र कसरी दिइयो? यस्ता धेरै प्रश्नहरू अनुत्तरित छन्।

पन्तको जवाफमा अर्को गम्भीर षडयन्त्रको आभास पाइन्छ। देवकोटा पक्राउ पर्नु अघि कहाँ हुनुहुन्थ्यो भन्ने कुरा आजसम्म पनि स्पष्ट हुन सकेको छैन। जिल्ला प्रशासन कार्यालयले देवकोटाले रानीवासमा मिटिङ गर्दै छन् भन्ने कुरा विशेष सूत्रबाट ६ गते नै थाहा पाउनुबाट के स्पष्ट छ भने देवकोटा काठमाडौं आउनु हुने भन्ने पूर्व निर्धारित योजना परिवर्तन गराएर उहाँलाई षडयन्त्रपूर्वक रानीवास पुऱ्याइने योजना बनाइएको हुनुपर्छ। उहाँ केही महिना पहिले देखि नै जिल्ला बाहिर हुनुहुन्थ्यो भन्ने बताइन्छ। तर उहाँलाई जिल्लामा बोलाउने षडयन्त्र गर्नेहरूले नै सो जानकारी पहिले नै प्रशासनलाई दिएको हुनुपर्छ। त्यही आधारमा देवकोटा सिन्धुली आइपुग्नु ४ दिन पहिलेदेखि नै प्रमुख जिल्ला अधिकारीले भिमान प्रहरी चौकीलाई देवकोटाको गिरफ्तारीको आदेश दिएका हुनुपर्छ।

हाल अवकाश प्राप्त तत्कालीन सिन्धुली जिल्लाका प्रमुख जिल्ला अधिकारी रामकृष्ण पन्तलाई हामीले धेरै पटक सम्पर्क गर्न खोज्यौं। काठमाडौं मैतिदेवी निवासी पन्त हाम्रो पटक-पटकको प्रयत्न पछि फोन सम्पर्कमा आउनु भयो। तर उहाँले सम्बन्धित विषयमा कुरागर्न ठाडै इन्कार गर्नुभयो।

रामेश्वर प्रसाद श्रीवास्तव
प्रहरी निरिक्षक तथा
तत्कालीन सिन्धुली जिल्ला प्रहरी कार्यालय प्रमुख, सिन्धुली

ऋषि देवकोटा "आजाद" का सम्बन्धमा तत्कालीन सिन्धुली जिल्ला प्रहरी कार्यालयका इन्चार्ज प्रहरी निरीक्षक रामेश्वर श्रीवास्तवले ०३८ साल वैशाख ४ गते सर्वोच्च अदालतलाई महान्यायाधिवक्ताको कार्यालय मार्फत् कारण देखाउ आदेशको एक जवाफ लेख्नु भएको थियो। सो जवाफमा रिट निवेदकद्वारा रानीवास-३ को "आजाद" भन्ने ऋषि प्रसाद देवकोटाको पक्षमा रिट दिएको उल्लेख गर्दै प्रहरीले खुरकोटको ऋषिराज देवकोटालाई पक्रेको दावी गरिएको छ। यस जवाफमा ऋषि देवकोटाको बीचमा "प्रसाद" र "राज" तथा "आजाद" भन्ने कुरालाई महत्व दिइएको छ। त्यस्तै देवकोटाको पुरानो घर खुरकोट नै हो। तर उहाँ त्यहाँबाट दशौं वर्ष पहिले बसाइँ सर्नुको आधारमा निवेदकद्वारा पछिल्लो ठेगाना उल्लेख गरिएको कुरालाई आधार बनाएर निवेदकको दावी अनुसारको व्यक्ति प्रहरीले पक्राउ नगरेको उल्लेख छ।

सोही जवाफमा निवेदकले प्रहरीद्वारा पक्राउ गरिएको भनिएको व्यक्ति कुन हिरासतमा राखिएको छ भन्ने कुरा पनि उल्लेख नगरेको र वेपत्ता पारिएको भनेको कारण वेपत्ता पारिएको व्यक्तिलाई अमानुषिक सास्ती दिएको चश्मादित को हो भन्ने प्रश्न गर्दै निवेदन जिकिर फरेव मात्र हो भन्ने दावी गरिएको छ। यहाँ प्रहरीले पक्राउ गरेको व्यक्ति सम्बन्धित प्रहरीकै हिरासतमा हुनु पर्छ र घर परिवारलाई भेट्न नदिइनु नै अमानुषिक यातना हो भन्ने कुरामा सम्बन्धित जवाफ प्रस्तुत गर्दा प्रहरी निरीक्षकको ध्यान गएको पाइदैन।

जिल्ला प्रहरी कार्यालय सिन्धुलीको अभिलेखमा उल्लेख गरिए अनुसार गोविन्द प्रसादको जाहेरी (गोविन्दप्रसाद कोइराला) वादी श्री ५ को सरकार प्रतिवादी ऋषि देवकोटा समेतको नाममा जिल्ला अदालत सिन्धुलीले ०३५ पौष ७ मा म्यादी पूर्जी काटेको थियो भनी सोही जवाफमा उल्लेख छ। देवकोटाको खोजी प्रहरीले गरिरहेको अवस्थामा ०३७ चैत ६ गते उहाँलाई खोज तलास गरी पक्राउ गर्न जिल्ला प्रहरी कार्यालयले अन्य चौकीलाई आदेश दियो। पुनः २ दिन पछि ८ गते देवकोटालाई पक्राउ गरी नजर बन्दमा राख्नु भन्ने आदेश दिएको थियो। प्रमुख जिल्ला अधिकारीबाट सो आदेश प्राप्त भएपछि जिल्ला प्रहरी कार्यालयको तर्फबाट ०३७ चैत ६ गते नै प्रहरी पोष्ट भिमानलाई सोही आदेश कार्यान्वयन गर्नु गराउनु भनी लेखी पठाएको थियो। त्यसै आदेश अनुसार ०३७ चैत ११ गते रानीवास डाँडा टोलमा लालबहादुरको घरमा प्रहरीले देवकोटालाई पक्राउ गऱ्यो। उहाँसंग कम्युनिष्ट एकता सम्बन्धी केही पुस्तकहरू बरामद भएको थियो।

त्यस्को भोलिपल्ट ०३७ फागुन १२ गते भिमानबाट चलानी गरी सिन्धुली जिल्ला प्रहरी कार्यालयतर्फ ल्याउँदा रानीवास गाविस-१ बाघमारामा दिसा लागि एक हातको हतकडी फुकाई दिसा बस्न दिएको कुरा पनि सो जवाफमा उल्लेख छ। जवाफमा जनाइए अनुसार सोही मौकामा १०-१५ निजका सहयोगीले आक्रमण गरी लाठी, ढुंगा, खुकुरी प्रहार गरी उहाँलाई भगाउन खोजे। त्यहाँ खटेका प्रहरी सहायक निरीक्षक पदम बदम बहादुर खड्का, प्रहरी हवल्दार उदयबहादुर सारू मगर, प्रहरी जवान राम स्वार्थ मिश्र, प्रहरी जवान चन्द्रमान तामाङ्ग समेत विवशमा परी आफ्नो ज्यू ज्यानको सुरक्षा, हातहतियारको सुरक्षा र पक्राउमा

जिल्ला प्रहरी कार्यालय सिन्धुलीको अभिलेखमा उल्लेख गरिए अनुसार गोविन्द प्रसादको जाहेरी (गोविन्दप्रसाद कोइराला) वादी श्री ५ को सरकार प्रतिवादी ऋषि देवकोटा समेतको नाममा जिल्ला अदालत सिन्धुलीले ०३५ पौष ७ मा म्यादी पूर्जी काटेको थियो भनी सोही जवाफमा उल्लेख छ।

पर्ने ऋषिराजलाई पनि कब्जामा लिन समेत नसकिने अवस्थामा परेबाट गोली प्रहरी जवान चन्द्रमान तामाङ्गले फायर गरे भनेर उक्त जवाफमा जनाइएको छ। उक्त गोली ऋषिराज देवकोटालाई लागि उहाँको घटनास्थलमै मृत्यु भएको भन्ने प्रहरी सहायक निरीक्षक पदमबहादुर समेतको प्रतिवेदन परी यस कार्यालयबाट मौका तहकीकात सरजमिन समेत हुँदा प्रहरीले बाध्य भै आत्मरक्षाको निमित्त गोली चलाउँदा घटनास्थलमै मृत्यु भएकोले मुलुकी ऐन ज्यान सम्बन्धी को ७ नं. को देहाय १ र ३ बमोजिम कसै उपर मुद्दा नचलाई तामेलीमा राखी पाउन दावी लिई ०३७ चैत १७ गते सिन्धुली जिल्ला अदालतमा प्रहरी प्रतिवेदन जाहेर भइसकेको भनी तत्काल जिल्ला प्रहरी कार्यालयको तर्फबाट कार्यालय प्रमुख प्रहरी निरीक्षक रामेश्वर प्रसाद श्रीवास्तवको लिखित जवाफ सर्वोच्च अदालतमा बुझाइएको थियो।

त्यस जवाफको शुरूमा नामको पक्षमा जसरी हस गरियो त्यसैगरी ठाउँका सम्बन्धमा पनि अस्वभाविक कुरा उल्लेख गरिएको छ। भिमान प्रहरी पोष्टले पक्राउ गरेको व्यक्ति सिन्धुली माडी अर्थात् जिल्ला प्रहरी कार्यालय तर्फ लाने क्रममा जुन घटना भयो भनिएको छ सो त्यसतर्फको बाटो नपरेर जनकपुर तर्फ आउने वा ठीक विपरित दिशातर्फको बाटो हो।

सर्वोच्च अदालतको आदेश

ऋषि देवकोटाका पक्षमा सर्वोच्च अदालतमा दिइएको बन्दी प्रत्यक्षीकरण रिट निवेदनका सम्बन्धमा ०३८ मंसिर १७ गते एक आदेश जारी गरिएको छ। न्यायाधीशद्वय नयनबहादुर खत्री र हेरम्बराजको इजलाशले जारी गरेको आदेशमा भनिएको छ- "अधिवक्ता अम्बरराज पौडेलले ०३८/५/४ को तारेख गुजारेकोले र नथामेकोले तामेलीमा राखिदिनु।" यस अघि अदालतले विपक्षी भनी उल्लेख गरिएका सम्बन्धित सरकारी निकायहरूका नाममा ०३७ चैत १६ गतेका दिन सोही महिनाको २७ गते भित्र बन्दी सहित उपस्थित हुनु भनी कारण देखाउ आदेश जारी गरेको थियो। यस मुद्दामा २० जना कानून व्यवसायीहरूले वकालत नाम दर्ता गराएको सर्वोच्च अदालतको रेकर्डमा उल्लेख छ। यस घटनाका अधिकांश कागजात नष्ट गरिसकिएको छ। अब सरकारी कार्यालयहरूको जवाफ, अदालतको आदेश र रिट निवेदन समेत गरी १७ पृष्टको एक फाइल मात्र बाँकी छ।

ऋषि देवकोटा र वर्तमान अवस्था

पंचायत कालको दमनको चरम उदाहरणका रूपमा रहेको ऋषि देवकोटा हत्याकाण्डका दिनहरू बित्दै जाँदा क्रमशः ओझेलमा पर्दै गयो। ०४६ सालमा बहुदलको पुनर्स्थापना पछि पनि यो घटनाका सम्बन्धमा कुनै पनि राजनीतिक पार्टीले गम्भीरताका साथ छानवीन वा खोजवीन गर्ने तर्फ ध्यान दिएको देखिदैन। देवकोटा उक्त घटना हुँदा आफ्नो पुरानो पार्टी नेकपा (मसाल) पनि छोडिसक्नु भएको अवस्थामा हुनुहुन्थ्यो भने नेकपा (माले) मा प्रवेश गर्नसक्ने संभावनाहरू भने देखिएका थिए। तर उहाँ आफ्नै नेतृत्वमा नेकपा (विद्रोही एकता केन्द्र) को गठन गरेर अन्य कम्युनिष्ट पार्टीहरूसंग सम्पर्क र सम्बन्ध विस्तार गर्ने अन्तिम चरणमा नै हुनुहुन्थ्यो। उहाँको तत्कालीन राजनीतिक परिस्थितिले पनि उहाँका सम्बन्धमा कुनै पक्षबाट चासो लिएर किनारासम्म पुग्ने काम हुन नसकेको मान्न सकिन्छ। ०३८ सालमा नेकपा विद्रोही एकता केन्द्रका नेता र कार्यकर्ताहरू नेकपा (माले) मा प्रवेश गरेका थिए।

ऋषि देवकोटाको हत्याको घटनाको विषयलाई लिएर तत्काल पनि नेकपा (माले) ले देशव्यापी रूपमै केही कडा विरोध जनाएको थियो। नेकपा (चौम) ले पनि विरोध वक्तव्य प्रकाशित गरेको थियो। नेकपा (माले) ले आफ्नो मुखपत्रमा शहीदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्ने क्रममा "राजाको निरंकुश तानाशाही पंचायती सरकार हत्याराहरूको सरकार भएको" उल्लेख गर्दै ऋषि देवकोटाको घटनाका सम्बन्धमा एउटा टिप्पणी लेखेको थियो। त्यसमा भनिएको थियो- "०३७ फागुन ११ गते विश्वासघातीद्वारा सिन्धुली जिल्लाको भिमानमा समातिनु भएका कमरेड ऋषि देवकोटा (आजाद) लाई फासिष्ट राजा र उसका भरौटेहरूले भोलिपल्ट फागुन ११ गते राति त्यहींको जंगलमा लगी गोली ठोकी कायरतापूर्वक गुप्त हत्या गरे। क. आजाद नेपाली जनताका एकजना असल, दृढ, सर्मपित र वफादार कम्युनिष्ट योद्धा हुनुहुन्थ्यो। उहाँको हत्या हाम्रो कम्युनिष्ट आन्दोलन र नेपाली जनताको संघर्षमा अपुरणीय क्षति हो। फासिष्ट शासकहरूलाई क्रोधपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ र शोक सन्तप्त परिवारजनहरू प्रति हार्दिक समवेदना प्रकट गर्दछ।"

हाल भिमानमा देवकोटाको स्मृतिमा एक स्तम्भको स्थापना गरिएको छ।

निष्कर्ष

ऋषिराज देवकोटा अर्थात् "आजाद" तत्कालीन समयका केन्द्रीय स्तरका एक कम्युनिष्ट नेता हुनुहुन्थ्यो। उहाँले तत्कालीन नेकपा (मसाल) छोडे पछिको अवस्थामा उहाँप्रति अन्य कम्युनिष्ट पार्टीबाट पनि सम्मान र संरक्षण तथा विश्वास गर्न सक्ने वातावरण बनिसकेको देखिदैन। तै पनि उहाँको प्रभाव र परिचयले भने राम्रो ठाउँ पाइसकेको थियो।

पछिल्लो पटक ऋषि देवकोटा "आजाद" लाई

देवकोटालाई पत्रगउ गर्नु अघि उहाँ कहाँ हुनुहुन्थ्यो र किन त्यहाँ जानु भयो भन्ने कुरामा कुनै अनुमान गर्ने ठाउँ छैन। तर घटनाक्रमको विकास हेर्दा देवकोटालाई सिन्धुलीमा बोलाएर लगिएको हुन सक्ने संभावना पनि छ। उहाँसंगै काम गरेका केही कम्युनिष्ट कार्यकर्तालि प्रहरीलाई सहयोग गरेर देवकोटालाई पत्रगएका कुरामा भने ढुई मत छैन।

देवकोटाका गिरफ्तारी र हत्याको घटनासंग सम्बन्धित तत्कालीन सत्ता पक्षसंग सम्बन्धित व्यक्तिहरु पंच प्रहरी प्रशासन अंचलाधीश र एस पी तथा कम्युनिष्ट पार्टीबाट पलायन भएका व्यक्तिहरु बीच घटनालाई हेर्ने र सूचना दिने कुरामा एक रुपता पाइदैन ।

पक्राउ गर्नु अघि उहाँमाथि जिल्लामा भएका केही डकैती र हत्याका घटनाको अभियोग पनि लगाइएको थियो। त्यस अघि उहाँलाई राजकाज अपराध अन्तरगतको मुद्दा लगाएर केही समय जेलमा पनि राखिएको थियो। पक्राउ पर्नु अघि उहाँ कडा भूमिगत शैलीमा उक्त घरमा हुनुहुन्थ्यो।

देवकोटालाई पक्राउ गर्नु अघि उहाँ कहाँ हुनुहुन्थ्यो र किन त्यहाँ जानु भयो भन्ने कुरामा कुनै अनुमान गर्ने ठाउँ छैन। तर घटनाक्रमको विकास हेर्दा देवकोटालाई सिन्धुलीमा बोलाएर लगिएको हुन सक्ने संभावना पनि छ। उहाँसंगै काम गरेका केही कम्युनिष्ट कार्यकर्तालि प्रहरीलाई सहयोग गरेर देवकोटालाई पक्राएका कुरामा भने दुई मत छैन।

पक्राउ गर्न गएका प्रहरीले उहाँको गिरफ्तारीलाई ठूलो उपलब्धीका रूपमा लिएका थिए। पक्राउ गरेपछि उहाँको विषयलाई लिएर अंचलाधीश, प्रमुख जिल्ला अधिकारी तथा अंचल र जिल्लाका प्रहरी प्रमुख बीच भने राम्रैसंग सम्वाद भएको अनुमान सम्बन्धित पक्षका व्यक्तिहरूको फरक-फरक मतको संयोजनले निष्कर्ष निकाल्न सकिन्छ।

त्यसबेलाको अंचलाधीश गणेशमान अमात्यको निधन भइसकेको छ। देवकोटा पक्राउ भएपछि पनि अंचलाधीशलाई भेट्न चाहनुहुन्थ्यो भन्ने कुरा सम्बन्धित प्रहरीले बताएका छन्।

नियोजित ढंगले नाटकीय रूपमा मारिनु भएका देवकोटाका विरूद्ध उहाँकै तत्कालीन कम्युनिष्ट पार्टीका कार्यकर्ताको भूमिकाले प्रहरी र प्रशासनलाई बल दिएको देखिन्छ। उहाँको प्रभावकारिता र भूमिका जसरी बढ्दै गएको थियो, तत्काल उहाँका पक्षमा आवाज उठाउने पक्ष स्पष्ट रूपमा देखिएको थिएन। त्यही परिस्थिति बीच उहाँमाथि तत्कालै उक्त कारवाही गरेर संधैका लागि तत्कालीन प्रशासन र प्रहरी ढुक्क हुन चाहन्थ्यो।

देवकोटालाई मार्नु अघि सिन्धुलीमा अन्य तीन जना कम्युनिष्ट कार्यकर्ताहरूलाई पनि प्रहरी प्रशासन र पंचको मिलेमतोमा हत्या गरिसकिएको थियो। त्यसरी मारिनेहरूमा दुर्गा सुवेदी र दलबहादुर रजन मगर हुनुहुन्थ्यो। त्यसरी प्रहरीले नियन्त्रणमा लिएर मारिएका यी व्यक्तिको पक्षमा पनि त्यति ठूलो आवाज उठ्न सकेको देखिदैन। त्यस घटनाका दोषी वा अपराधीको विरूद्ध कानूनी कारवाहीको न्यूनतम प्रक्रिया पनि पूरा भएन। देवकोटालाई गोली हान्ने प्रहरी जवान नै त्यस अघिका घटनामा पनि संलग्न भएको बुझिएको छ। जसले गर्दा अर्थात् त्यस्ता गैर कानूनी हत्याका घटनाहरूको न्यायिक एवं निष्पक्ष छानवीन नभएका कारण पनि तत्कालीन शासकहरू देवकोटाको हत्या गर्न अग्रसर भएका हुन सक्छन्।

तत्कालीन भिमान प्रहरी चौकीमा कार्यरत एक प्रहरीका अनुसार तत्कालिन प्रमुख जिल्ला अधिकारी रामकृष्ण पन्तले देवकोटालाई पक्राउ गरेर ल्याएकोमा आपत्ति जनाउँदै हप्काएका पनि थिए। तत्कालिन प्रहरी चौकीका प्रमुख भरत चापागाईं सो कुरा अस्वीकार गर्दै भन्छन्- *"सिडियोले मलाई त्यस्तो भनेको थाहा छैन।"* चापागाईंका अनुसार देवकोटालाई काठमाडौं सकुशल ल्याइपुऱ्याउनु भनेर गृहमन्त्रालयले आदेश गरेको हुनुपर्छ।

नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न नेपालमा स-शस्त्र क्रान्ति गर्नुपर्छ भन्ने मान्यता देवकोटाको थियो। सो क्रान्ति सम्पन्न गर्न नेकपा (माले) संग भाइचारा सम्बन्ध आवश्यक छ तर माले तत्काल उग्रवापन्थी भड्कावमा भएकोले तत्कालै दक्षिणपन्थी भासमा जान पनि सक्छ। तसर्थ मालेसंग गरिने एकता कार्यगत मात्र हुनुपर्छ भनेर देवकोटाले प्रचार र राजीनामा जस्ता कुरामा उल्लेख गर्नु भएको थियो। नेकपा (माले) संगको सम्बन्धको कुरा सुनेपछि तत्कालिन प्रशासनले उहाँमाथि कडा रूख अपनाएको थियो। तर उहाँलाई प्रहरी चौकीबाट जसरी लिएर हिंडे, जसरी मट्टितेल किने, रातारात रक्सी किन्न प्रहरी भट्टी पसलमा पसेका थिए, यी सबैको पृष्ठभूमि उहाँको हत्याको सुनियोजित योजना नै थियो। मुठभेडमा वा भाग्दा गोली हानिएको भन्ने कुरा पक्राउ गर्दाको अवस्थामा नै उहाँले प्रहरीसंग देखाउनु भएको नरम शैली र अंचलाधीशलाई भेट गराइदिनु भनेबाट नै खण्डन हुन्छ। गाडीमा हतकडी लगाएर लगेको व्यक्ति भाग्न सक्ने सम्भावना नै थिएन, भएकै भए पनि प्रहरीले कब्जामा लिएकै हुनुपर्छ। मुठभेडमा मारिएका व्यक्तिको लाश प्रहरीले सम्बन्धित परिवारलाई दिन सक्थ्यो तर त्यसो नगरी गाडीमा मट्टितेल लिएर जानु र हत्या गरेपछि अधकल्चो रूपमा डढाएर पुर्नु तथा मारिएको खबर सम्बन्धित पक्षलाई नदिइनु जस्ता कुराले देवकोटालाई मार्नेमा तत्कालीन प्रशासनमा कसैसंग विवाद थिएन भन्ने कुरा स्पष्ट हुन्छ।

देवकोटाका गिरफ्तारी र हत्याको घटनासंग सम्बन्धित तत्कालीन सत्ता पक्षसंग सम्बन्धित व्यक्तिहरू पंच, प्रहरी, प्रशासन, अंचलाधीश र एस. पी. तथा कम्युनिष्ट पार्टीबाट पलायन भएका व्यक्तिहरू बीच घटनालाई हेर्ने र सूचना दिने कुरामा एक रूपता पाइदैन। एकले अर्कोलाई दोष लगाउने, आफूलाई केही थाहा नभएको वा आफू त्यसबेला गाउँ वा जिल्लामा नै नभएको बताउनुले पनि सो घटना पूर्ण रूपमै तत्कालीन व्यवस्थामा पनि गैर कानूनी, गैर न्यायिक तथा अघोषित मृत्युदण्ड वा ज्यानमार्ने उद्योग सरहको अपराध थियो।

(पत्रकारद्वय द्वारिका काफ्ले र नवराज बस्नेतको सहयोगमा)

समान कामको समान ज्याला !

कृषि मजदुरले पाउनै पर्छ उचित ज्याला

- दिनको आठ घण्टाभन्दा बढी काम लगाए थप ज्याला दिनुपर्छ ।
- एक घण्टाको साढे सातभन्दा कम रुपैयाँ दिन पाइँदैन ।
- साठी रुपैयाँभन्दा बढी जति पनि दिन पाइन्छ ।
- महिला पुरुषको ज्यालामा भेदभाव गर्न पाइँदैन ।
- चौध वर्ष मुनिका केटाकेटीलाई काममा लगाउन पाइदैन ।
- साठी रुपैयाँभन्दा बढी ज्याला पाइरहेको भए घटाउन पाइँदैन ।



यो नियम नमान्नेलाई सरकारले सजायँ गर्छ ।